# *आलय* उपन्यासमा नारी चेतना

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
नेपाली केन्द्रीय विभागमा स्नातकोत्तर चौथो सत्रको
शोधपत्र लेखन (५७७) विषयको
प्रयोजनका निम्ति
प्रस्तुत

## शोधपत्र


शोधार्थी

**उमा सुवेदी**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर


२०८२

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विभागको स्नातकोत्तर उपाधि हासिल गर्ने प्रयोजनका निम्ति उमा सुवेदीले '*आलय* उपन्यासमा नारी चेतना' शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा परिश्रमपूर्वक तयार गर्नुभएको हो । यो शोधार्थीको मौलिक कार्य हो । म उहाँको शोधकार्यप्रति सन्तुष्ट छु । यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि अनुसन्धान समितिसमक्ष सिफारिस गर्दछु ।

..................................
उपप्रा. राधिकादेवी गुरागाईं
शोधनिर्देशक

मिति : २०८२/७/२४

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको पाठ्यांश सङ्केत (५७७) प्रयोजनका लागि उमा सुवेदीले तयार गर्नुभएको '*आलय* उपन्यासमा नारी चेतना' शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

१. प्रा.डा. कृष्णप्रसाद न्यौपाने ................................
(विभागीय प्रमुख)

२. उपप्रा. राधिकादेवी गुरागाईं ................................
(शोधनिर्देशक)

३. प्रा.डा. नारायणप्रसाद गड्तौला ................................
(बाह्य परीक्षक)

मिति : २०८२/८/४

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तहको चौथो सत्रको शोधपत्र लेखन (५७७) को प्रयोजनका लागि तयार पारिएको हो । यो शोधपत्र सम्पन्न गर्ने सन्दर्भमा आइपरेका विभिन्न बाधाहरूलाई समाधान गर्न प्रेरणा र मार्गदर्शन दिनुभएकामा शोधनिर्देशक आदरणीय गुरु उपप्रा. राधिकादेवी गुरागाईंप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । साथै शोधपत्रलाई अझै वस्तुगत र उत्कृष्ट बनाउन सहयोग गरी बाह्य परीक्षकको भूमिका निर्वाह गरिदिनुहुने आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद गड्तौलाप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोधकार्य गर्ने अनुमति दिई यससँग सम्बन्धित सम्पूर्ण प्रक्रियासहित विभागका तर्फबाट आवश्यक सहयोग गर्नु भएकामा नेपाली केन्द्रीय विभाग र विभागीय प्रमुख प्रा.डा. कृष्णप्रसाद न्यौपानेप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यस अध्ययनमा भरपुर हौसला दिँदै मेरा घरायसी व्यावहारिक समस्यालाई सुल्झाइ दिएर मलाई समय जुटाइदिने अनि लेख्न हौस्याइरहने सहयात्री यादवप्रसाद भण्डारी र छोरा संयोगलाई पनि धन्यवाद । यस शोधकार्यमा मैले जेजति विद्वान्हरूले गरेका पूर्वाध्यायनबाट प्राज्ञिक ज्ञान प्राप्त गरेँ तथा यस शोधकार्य गर्दा विभिन्न माध्यमबाट सहयोग गर्नु हुने सम्पूर्णमा हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

..................

उमा सुवेदी

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

२०८२

# विषयसूची

## पहिलो परिच्छेद

## शोधपरिचय


१.१ विषयपरिचय १
१.२ समस्याकथन २
१.३ शोधको उद्देश्य २
१.४ पूर्वकार्यको समीक्षा ३
१.५ शोधको औचित्य र महत्त्व ५
१.६ शोधको सीमाङ्कन ५
१.७ शोधविधि ५
१.७.१ सामग्रीसङ्कलन विधि ५
१.७.२ विश्लेषण विधि र सैद्धान्तिक ढाँचा ६
१.७.२.१ नारी चेतनाको आधार : नारीवाद ६
१.८ शोधपत्रको रूपरेखा १७


## दोस्रो परिच्छेद

## *आलय* उपन्यासमा नारी अस्तित्वको चेतना


२.१ विषयप्रवेश १८
२.२ नारी अस्तित्वको चेतना १९
२.२.१ सामाजिक परम्पराको पुनर्व्याख्या १९
२.२.२ लैङ्गिक विभेदप्रति विरोध २४
२.२.३ आत्मपहिचान र आत्मनिर्भरता २७
२.२.४ नारीप्रतिको सङ्कीर्णताका विरुद्धको चेतन २९
२.२.५ सांस्कृतिक शोषण विरुद्धको चेतना ३४
२.२.६ नारीको पुनर्विवाहको सवाल ४१
२.३ निष्कर्ष ४५

## तेस्रो परिच्छेद

## *आलय* उपन्यासमा नारी समानता र स्वतन्त्रताको चेतना


| | | |
|---|---|---|
| ३.१ | विषयप्रवेश | ४७ |
| ३.२ | लैङ्गिक समानता र स्वतन्त्रताको चेतना | ४७ |
| ३.३ | आर्थिक समानता र स्वतन्त्रताको चेतना | ५१ |
| ३.४ | राजनीति समानता र स्वतन्त्रताको चेतना | ५४ |
| ३.५ | सांस्कृतिक समानता र स्वतन्त्रताको चेतना | ५९ |
| ३.६ | जातीय समानता र स्वतन्त्रताको चेतना | ६२ |
| ३.७ | पुरुषसरह समान भूमिकाप्रतिको चेतना | ६४ |
| ३.८ | शैक्षिक समानता र स्वतन्त्रताको चेतना | ६६ |
| ३.९ | लेखकीय दृष्टिकोण | ६८ |
| ३.१० | निष्कर्ष | ७१ |


## चौथो परिच्छेद

## सारांश र निष्कर्ष


| | | |
|---|---|---|
| ४.१ | सारांश | ७३ |
| ४.२ | निष्कर्ष | ७४ |

**सन्दर्भ सामग्रीसूची**

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

*आलय* (२०७६) अमला अधिकारीद्वारा लिखित उपन्यास हो । अधिकारी नेपाली गजल, कविता र उपन्यासका क्षेत्रमा परिचित प्रतिभा हुन् । उनका *अमला* (२०६८), *आगो* (२०६९), *आरन* (२०७३), *आश्रम* (२०७६) र *महफिल* (२०७७) गजलसङ्ग्रहहरू तथा *आलय* (२०७६) उपन्यास प्रकाशित छन् । अधिकारी सिन्धुलीका सुदूर गाउँमा सङ्घर्ष गर्दै साहित्य साधनामा सक्रिय स्रष्टा हुन् । उनका रचनाहरूमा गाउँघरमा प्रयोग गरिने स्थानीय भाषा, रीतिरिजाव, सामाजिकता आदिको रोचक प्रस्तुति पाइन्छ । गजलकारको परिचय बनाइसकेकी अमलाले लेखेको पहिलो उपन्यास *आलय*ले नेपाली साहित्य जगत्मा निकै चर्चा बटुलेको छ । *आलय* उपन्यासमा नेपाली समाजका महिलाले भोग्दै आएको विषयलाई प्रस्तुत गरिएको छ । विशेष गरेर नेपालको ग्रामीण परिवेशमा हुर्किंदै जाँदा दश वर्षे सशस्त्र द्वन्द्वको अभिघातलाई भोगेकी र स्वअस्तित्व चेतनाले ब्युँझिएकी एउटी नारीको अनुभूति, चेतना र युद्धप्रतिको उसको दृष्टिकोणलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । पुरुषप्रधान समाजमा दबिएर बसेका नारीहरू पुरुषसरह सशक्त बन्नुपर्छ भन्ने चेतना यस उपन्यासमा अभिव्यक्त भएको छ । प्रेम र विवाहका सम्बन्धमा नेपाली समाजमा परम्परादेखि चलिआएको रीतिरिवाज र पुरुषवादी दृष्टिकोणलाई यस उपन्यासका नारी पात्रहरूले चुनौती दिएको देखिन्छ । उपन्यास भनेकै जीवनको समग्रतालाई अभिव्यक्त गर्ने आख्यान विधाको बृहत रूप हो । उपन्यासको कथा प्रमुख पात्रको जीवन भोगाइ वरिपरि घुमेको हुन्छ । *आलय* उपन्यासको कथानक पनि प्रमुख पात्र मालाको जीवन सङ्घर्षको वरिपरि घुमेको छ ।

महिलाहरूमा उत्पन्न हुने जागरण र आत्मबोध नै नारी चेतना हो । पितृसत्तात्मक संरचनाले थोपरेका लैङ्गिक असमानता, दमन र भेदभावलाई चिन्न, प्रश्न गर्न र प्रतिरोध गर्न नारी चेतनाले नै नारीलाई सक्षम बनाउँछ । नारी चेतना नारीको व्यक्तिगत आत्मसम्मान र स्वतन्त्रताको खोजीबाट सुरु भएर सामूहिक रूपमा सामाजिक, आर्थिक र राजनीतिक अधिकारहरूको लागि सङ्घर्षमा परिणत हुन्छ । नारी चेतनाकै कारण महिलाहरूले आफ्नो शरीर, इच्छा, श्रम र पहिचानमाथिको

स्वामित्व ग्रहण गर्दै पुरुष प्रधान समाजका मान्यताहरूलाई चुनौती दिन्छन् । यो नारी मुक्ति र समानताको आधारस्तम्भ हो ।

मूलतः *आलय* उपन्यासमा रहेको नारी चेतनाको विश्लेषण गर्नु यस शोधको मूल उद्देश्य हो । *आलय* उपन्यासका पात्रहरूमा नारी चेतनाको निर्माण कसरी भएको छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधानमा प्रस्तुत शोध अध्ययन केन्द्रित भएको छ । अतः प्रस्तुत विषय स्नातकोत्तर शोधका निम्ति उपयुक्त रहेको छ ।

## १.२ समस्याकथन

अमला अधिकारीको *आलय* उपन्यासमा नारी चेतनाका विविध पक्षहरूको अभिव्यक्ति भएको पाइन्छ । यस उपन्यासमा नारी अस्तित्वप्रतिको चेतना, परम्परागत मान्यताप्रतिको खण्डन, समाजमा नारीप्रतिको सङ्कीर्णताका विरुद्धको चेतना अभिव्यक्त भएको छ । त्यसैगरी पुरुषकेन्द्री शासन व्यवस्थाप्रतिको असन्तुष्टि, लैङ्गिक समानता र स्वतन्त्रताको चेतना, आर्थिक समानता र स्वतन्त्रताको चेतना, जातीय समानता र स्वतन्त्रताको चेतना, राजनीतिक चेतना, सांस्कृतिक समानता र स्वतन्त्रताको चेतना, लैङ्गिक विभेदप्रति विरोधका स्वरहरू, पुरुषसरह समान भूमिकाप्रतिको चेतनाका विषयहरूलाई मुख्य पात्रको जीवन सङ्घर्षका माध्यमबाट प्रस्तुत गरिएको छ । अतः *आलय* उपन्यासमा नारी चेतनाको अभिव्यक्ति के कसरी भएको छ भन्ने प्राज्ञिक जिज्ञासा प्रस्तुत शोधको प्रमुख समस्या हो । उक्त प्रमुख समस्यासँग सम्बद्ध निम्नलिखित शोध प्रश्नहरू रहेका छन् :

(क) *आलय* उपन्यासमा नारी अस्तित्वको खोजी के कसरी गरिएको छ ?

(ख) *आलय* उपन्यासमा नारी समानता र स्वतन्त्रताको चेतना कसरी अभिव्यक्त भएको छ ?

## १.३ शोधको उद्देश्य

शोध समस्यामा उल्लिखित शोधप्रश्नहरूमा केन्द्रित भई अनुसन्धान कार्य सम्पन्न गर्नु र शोध समस्याको समाधान पहिल्याउनु प्रस्तुत शोधको प्रमुख उद्देश्य रहेको छ । अतः प्रस्तुत शोधमा अमला अधिकारीको *आलय* उपन्यासमा नारी चेतनाको विश्लेषणका निम्नलिखित दुई उद्देश्यहरू रहेका छन् :

(क)   *आलय* उपन्यासमा अभिव्यक्त नारी अस्तित्वको खोजी गर्नु,

(ख)   *आलय* उपन्यासमा अभिव्यक्त नारी  समानता र स्वतन्त्रतासम्बन्धी चेतनाको विश्लेषण गर्नु ।

उपर्युक्त प्राज्ञिक उद्देश्य प्राप्तिका निम्ति '*आलय* उपन्यासमा नारी चेतना' विषयको शोध सम्पन्न गरिएको छ ।

## १.४   पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा वि.सं. २०४० को दशकको उत्तरार्धदेखि नारी चेतनासँग सम्बन्धित रचनाहरू विस्तारै देखा पर्न थालेको पाइन्छ र २०६३ पछि नारी चेतनासँग सम्बन्धित कृतिहरू विभिन्न विधामा देखा पर्न थालेका छन् । तर समग्र साहित्यिक क्षेत्रमा नारी चेतनायुक्त लेखन अपेक्षित मात्रामा हुन सकेको छैन । उपन्यास विधामा नारी चेतनायुक्त दृष्टिकोणबाट लेखिएका कृतिहरू निकै कम छन् ।

अमला अधिकारीको *आलय* उपन्यासका बारेमा यसअघि केही लेखहरू प्रकाशित भएका छन् । ती लेखहरूमा *आलय* उपन्यासका विभिन्न पक्षमा सामान्य व्याख्या विश्लेषण भएको पाइन्छ । उक्त लेखहरूमा नारी चेतनाका कोणबाट पर्याप्त विश्लेषण र मूल्याङ्कन नभए पनि यस उपन्यासको कथानक, पात्र, परिवेश, चिन्तन आदि पक्षको समीक्षा भएको पाइन्छ । यस्ता प्रमुख पूर्वकार्यहरूको कालक्रमिक समीक्षा यहाँ प्रस्तुत गरिएको छ :

नयनराज पाण्डे (२०७७) ले *आलय* उपन्यासको आवरण पृष्ठमा *आलय* उपन्यासबारे आफ्ना भनाइहरू राखेका छन् । उनले *आलय* उपन्यासमा नारीमनका जटिलताका साथै द्वन्द्वका कारण एउटी महिलाले भोगेको आर्थिक, सामाजिक समस्या र पीडाका माध्यमबाट अन्य असङ्ख्य महिलाको कथा भनेको कुरा अभिव्यक्त गरेका छन् । नारी पात्रको अदम्य साहस र धैर्यको कुरा लेखे पनि उनले नारी चेतनाका तहबाट यस कृतिको चर्चा गरेका छैनन् ।

ज्ञानु अधिकारी (२०७७) ले '*आलय* उपन्यासः युद्ध अभिघात, नारी सङ्घर्ष र ग्राम्यबिम्बको जीवन्त प्रस्तुति' शीर्षकको पुस्तकसमीक्षामा *आलय* उपन्यासको समीक्षा गरेकी छन् । उनको यस

लेखमा *आलय* उपन्यासमा युद्धपीडित नारीको सङ्घर्षलाई देखाए पनि नारी चेतनाका दृष्टिले सूक्ष्म अध्ययन भने गरेकी छैनन् ।

सविना देवकोटा (२०७७) ले 'प्रेम र युद्धको लय' शीर्षकको पुस्तक समीक्षामा *आलय* उपन्यासबारे लेखेकी छन् । युद्ध र प्रेमलाई महत्त्व दिएर लेखिएको यस समीक्षात्मक लेखमा नारी चेनताका दृष्टिले विश्लेषण गरिएको छैन ।

अज्ञात (२०७७) ले 'मदन पुरस्कारको सूचीमा नपरेको *आलय* उपन्यास' शीर्षकको लेखमा *आलय* उपन्यासको विश्लेषण गरेका छन् । यस लेखमा द्वन्द्वकालीन नेपाली समाजको चित्रण, नारी संवेदना, परम्परागत नेपाली समाजमा नारीले गरेको त्याग र सङ्घर्षलाई औँल्याइएको छ तर नारी चेतनाका दृष्टिकोणले विश्लेषण गरिएको छैन ।

लक्ष्मण गौतम (२०७८) ले 'म अर्थात् यायावर, पुस्तकहरू' शीर्षकको लेखमा *आलय* उपन्यासको चर्चा गरेका छन् । उनले *आलय* उपन्यासलाई ग्रामीण भेगको अर्ग्यानिक स्वादको उपन्यास भनेका छन् । उनले *आलय* उपन्यासलाई नारी सङ्घर्षको विराट सङ्ग्रहालय भने तापनि नारी चेतनाको कोणबाट व्याख्या गरेको पाइँदैन ।

विन्दु शर्मा (२०८१) ले 'नेपाली महिलालेखनः उपलब्धि र चुनौती' शीर्षकको समालोचनात्मक लेखमा *आलय* उपन्यासबारे विमर्श गरेकी छन् । उनको यस लेखमा द्वन्द्वकालीन परिस्थितिमा सङ्कटको सामना तथा पारिवारिक जिम्मेवारीसहितको महिलाको सङ्घर्ष *आलय* उपन्यासमा चित्रण भएको कुराको विमर्श गरिए पनि *आलय* उपन्यासका पात्रहरूमा भएको नारी चेतनालाई विश्लेषण भने गरिएको छैन ।

उपर्युक्त पूर्वकार्यमा अमला अधिकारीको *आलय* उपन्यासमा आधारित भई कथानक, पात्र, परिवेशको सामान्य अध्ययन गरिएको छ । ती अध्ययनहरू पत्रिकामा प्रकाशित सामान्य लेखहरू हुन्, अनुसन्धानमूलक शोधकार्य होइनन् । ती अध्ययनमा युद्धपीडित नारीका भोगाइहरू र जीवन सङ्घर्षको सङ्क्षिप्त समीक्षात्मक अध्ययन भएको छ तर नारी चेतनाका दृष्टिबाट अनुसन्धान र विश्लेषण भएको छैन । यही नै पूर्वाध्ययनहरू र यस शोधकार्य बिचको भिन्नता हो । प्रस्तुत शोधकार्यमा *आलय* उपन्यासमा अभिव्यक्त नारी चेतनाका विषयसँग सम्बद्ध जिज्ञासाहरू उठाई तिनलाई नारी चेतनाका मान्यताअनुरूप प्रामाणिक र प्राज्ञिक विश्लेषण गर्ने कार्य गरिएको छ ।

## १.५ शोधको औचित्य र महत्त्व

नारीको प्रमुख भूमिका रहेको *आलय* उपन्यासबारे यसअघिका समीक्षाहरूमा नारीका विषयको सामान्य चर्चा र युद्धको विषय अलिक बढी चर्चा भएको पाइन्छ तर सिङ्गो कृति वा कृतिका लेखकको दृष्टिकोणलाई नारीका पक्षबाट विश्लेषण गर्ने कार्य निकै कम भएको छ। यस उपन्यासका नारी पात्रको अध्ययनमा प्रायः उनीहरूको कारुणिक र सहानुभूतिपूर्ण चित्रणमा जोड दिइएको पाइन्छ तर नारी चिन्तनका विविध दृष्टिकोण प्रयोग गरी उपन्यासको मूल्याङ्कन कमै भएको छ । उपन्यासलाई युद्धपीडित नारीको सङ्घर्षका पक्षबाट मात्र विश्लेषण गरिएको छ । पूर्वअध्ययनहरूबाट *आलय* उपन्यासमा अभिव्यक्त नारी चेतनाको विश्लेषण गर्न आवश्यक छ भन्ने देखिन्छ। यसले प्रस्तुत शोधको औचित्य स्पष्ट भएको छ। अमला अधिकारीले *आलय* उपन्यासमा उठाएको विषय र नारीप्रतिको उनको दृष्टिकोणबारे जान्न चाहनेहरूका निम्ति यो शोध सहयोगी हुनेछ। त्यसर्थ यो शोधकार्य महत्त्वपूर्ण छ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तुत शोधमा अमला अधिकारीको *आलय* उपन्यासमा अभिव्यक्त नारी चेतनाको विश्लेषण गरिएको छ । नारी चेतना विश्लेषणको मुख्य आधार नारीवाद हो । नारी चेतना अध्ययनका विभिन्न पद्धति रहे पनि यो शोध नारी चेतनाको सामाजिक निर्मितिको विश्लेषण एवम् मूल्याङ्कनका निम्ति नारी अस्तित्वको चेतना तथा नारी समानता र स्वतन्त्रतासम्वन्धी चेतनाको विश्लेषणमा मात्र केन्द्रित रहेको छ । यसमा मुख्यतः नारी पात्रहरूलाई अध्ययन गरिएको छ तर नारी चेतना निर्माणका निम्ति पुरुष पात्रहरूले प्रकट गरेको चिन्तन, उनीहरूले देखाएको व्यवहार र तिनका संवादलाई पनि आवश्यकताअनुसार उपयोग गरिएको छ।

## १.७ शोधविधि

प्रस्तुत शोधमा प्रयुक्त शोधविधिलाई सामग्री सङ्कलन विधि र विश्लेषण विधि एवं सैद्धान्तिक ढाँचा गरी दुई उपशीर्षकमा विभाजन गरिएको छ :

### १.७.१ सामग्रीसङ्कलन विधि

प्रस्तुत शोधमा पुस्तकालयीय कार्यको प्रयोग गरी प्राथमिक र द्वितीयक स्रोतबाट सामग्रीसङ्कलन गरिएको छ । यस शोधको विश्लेषणका निम्ति उपयोग गरिने प्राथमिक स्रोतको सामग्रीअन्तर्गत अमला अधिकारीको *आलय* उपन्यास रहेको छ। त्यसमा रहेका पात्र, तिनले खेलेका

भूमिका, प्रवृत्ति, तिनका संवाद, घटनाहरू र त्यसमाथि पात्रहरूका प्रतिक्रिया, कथयिताको चरित्र वर्णन आदि नारी चेतना प्रकट गर्ने पाठगत भाषिक तथ्यहरू प्राथमिक स्रोतबाट प्राप्त सामग्रीका रूपमा रहेका छन् । द्वितीयक स्रोतचाहिँ नारी चेतनासम्बन्धी चिन्तन, साहित्यिक कृतिमा नारी चेतना विश्लेषण गरिएका अनुसन्धानात्मक लेख, समीक्षा, ग्रन्थ, अनलाइन पत्रिका, वेबसाइटहरू रहेका छन् । यस अध्ययनमा तिनबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ ।

### १.७.२ विश्लेषण विधि र सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधमा अमला अधिकारीको *आलय* उपन्यासको विश्लेषणका निम्ति नारीवादअन्तर्गत नारी चेतनासम्बन्धी मान्यताका आधारमा सैद्धान्तिक ढाँचा एवं विश्लेषणको प्रारूप तयार गरिएको छ । त्यसैले प्रस्तुत शोधकार्य मुख्य रूपमा निगमनात्मक शोधविधिमा आधारित रहेको छ । यसमा आवश्यकताअनुसार वर्णनात्मक र विश्लेषणात्मक प्रक्रिया अपनाइएको छ । नारीवादअन्तर्गत नारी चेतनाको सैद्धान्तिक ढाँचामा उपन्यासको विश्लेषण गरिएको हुँदा यहाँ सैद्धान्तिक पक्षलाई सङ्क्षिप्तमा उल्लेख गरी विश्लेषणको प्रारूप तयार गरिएको छ ।

#### १.७.२.१ नारी चेतनाको आधार : नारीवाद

नारीवाद लैङ्गिक समानता तथा नारीहरूको अधिकार, स्वतन्त्रता र सशक्तीकरणका लागि प्रतिबद्ध विचारधारा तथा आन्दोलन हो । यो सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक क्षेत्रमा महिलाहरूमाथि हुने भेदभाव र उत्पीडनविरुद्धको सङ्घर्ष हो । नारीवादले पुरुषप्रधान समाजमा महिलाहरूलाई समान अवसर, सम्मान र स्वायत्तता प्रदान गर्न जोड दिन्छ । नारीवादका बारेमा केही विद्वानहरूका भनाइलाई हेर्न सकिन्छ । नारीलाई मुक्ति दिन, उठाउन, आत्मनिर्भर बनाउन र नारी अधिकार एवम् अस्तित्व प्राप्ति तथा समान अधिकारका निमित्त उत्प्रेरित गराउने सिद्धान्त नै नारीवाद हो (गौतम, २०७०, पृ. १४४) । यौनका रूढिलाई चिरेर जीवनको नयाँ आकाशमा समान जिजीविषाका साथ उड्ने प्रवृत्ति पनि नारीवादको मूल तन्तुका रूपमा देखिन्छ (बराल र एटम, २०६६, पृ. ११७) । स्त्रीवाद नारी सम्बन्धी त्यस्तो सिद्धान्त हो जसले नारीलाई मुक्ति दिन, उठाउन, आत्मनिर्भर बन्न बल दिन्छ (गौतम, २०५०, पृ. ४०८) । वर्षौंदेखि नारीहरू तार्किक क्षमताभन्दा भावुकताबाट निर्देशित भएकाले पुरुषभन्दा कमजोर छन् भन्ने मानिँदै आइएको छ । अब नारीहरू भावुक भए पनि त्यो नारीपनको तात्त्विक सत्य भावुकता हो तर नारीले भावुकतालाई कमजोरी मान्दैनन् किनभने भावुकताको यस तात्त्विक भिन्नताले नै नारीलाई पुरुषभन्दा बढी संवेदनशील र

जिम्मेवार नागरिक बनाउन मदत गरेको छ (उप्रेती, २०६८, पृ. २७९) । आजका सचेत महिलाहरू महिलाका सम्बन्धका कुराहरूलाई अर्थ्याउन र विश्लेषण गर्न थालिसकेका छन् र यसै क्रममा अनेकन नवीन कुराहरू उद्घाटित हुँदै पनि गइरहेका छन् । महिलासम्बन्धी कयौँ परम्परागत मान्यताहरू पनि अब क्रमशः धराशायी हुँदै गइरहेका छन् (त्रिपाठी, २०६७, पृ. १९०) । नारीहरूलाई सामाजिक, सांस्कृतिक, धार्मिक, बौद्धिक आदि विषयमा मुक्त र आत्मनिर्भर बनाई पुरुष एकाधिकारको भञ्जन गर्ने आन्दोलन नै नारीवाद हो (अधिकारी, २०६८, पृ. ३३) । नारीवाद युरोपेली रेनेसाको फलस्वरूप निष्पन्न चिन्तनबाट विकसित स्वतस्फूर्त जागरणमूलक मुक्तिकामी दर्शनमध्ये एक हो (ढकाल, २०८१, पृ. २९) । यी सबै विद्वानहरूका नारीवादसम्बन्धी बुझाइलाई हेर्दा नारीवाद भनेको लैङ्गिक आधारमा हुने सबै प्रकारका असमानता, दमन र भेदभावको अन्त्य गरी महिलाहरूलाई पुरुषसरह पूर्ण समान अधिकार, अवसर र स्वतन्त्रता सुनिश्चित गर्ने राजनीतिक, सामाजिक र सांस्कृतिक आन्दोलन हो ।

नारीवाद भन्ने शब्द र त्यसको सिद्धान्त दुवै कुराको उद्गमस्थल पाश्चात्य जगत् हो । सुधा त्रिपाठीले नारीवादको व्याख्या यसरी गरेकी छिन् :

> नारीवादी आन्दोलनको सङ्गठित प्रारम्भ अमेरिका र युरोप दुवै ठाउँमा सन् १८४० को दशकमा भएको थियो । नारीवादी चेतनाको प्रयोग लेखनमा सन् १७९२ को बेलायतकी मेरी उल्स्टन क्राफ्टको ए भिन्डिकेसन अफ द राइट्स अफ उमन भन्ने नाउँको कृतिबाट नै भइसकेको हो । लैङ्गिक सन्दर्भको आफ्नो सामाजिक, राजनीतिक अधिकारको खोजी र दाबी गर्ने काम महिलाहरूबाट अझ १५औं शताब्दीबाटै भइसकेको हो । हजारौँ वर्षदेखि जसरी महिलाहरू बेनाम थिए, त्यसैगरी उनीहरूको आन्दोलन पनि सयौँ वर्ष बेनाम रह्यो । जुनजुन विषय लिएर विश्वमा महिलाहरू आन्दोलित हुन्थे तिनै विषय तिनको नाम बन्थे । नारीवाद अहिले महिलाहरूका हरेक आन्दोलनलाई समेट्न सक्ने एउटै छाता नामका रूपमा विश्वभरि नै प्रतिष्ठित भइसकेको छ । (त्रिपाठी, २०६८, पृ. ६५)

नारीवादी जागरण पितृसत्तात्मक समाजले महिलाहरूमाथि लामो समयदेखि गरेको लैङ्गिक भेदभाव, अधिकार हनन र आर्थिक-सामाजिक शोषणको विरुद्धमा उठेको सचेत विद्रोह हो । यो जागरणले विश्वव्यापी रूपमा महिलाहरूको सशक्तीकरण र समानताको आन्दोलनलाई फैलाउँदै पितृसत्ताको संरचनालाई कमजोर बनाउँदै लगेको छ । त्रिपाठीले भनेकी छन् :

पाश्चात्य मुलुकमा नारीवादी जागरणको धेरै समयपछि लेखनमा आउने अवसर पायो । त्यसको पनि धेरै वर्षपछि सङ्गठित आन्दोलनको स्वरूप पायो र त्यसको पनि लगभग आधा शताब्दीपछि यसले नाम पायो । त्यसको पनि नौ दशकपछि नारीवाद सिद्धान्तीकृत भयो । अर्थात् सन् १९६० का प्रारम्भमा साहित्यिक र सांस्कृतिक विश्लेषणका स्वरूपमा नारीवादी समालोचना र सिद्धान्तको स्थापना भयो (बेन्स्टेक, सन् २००२, पृ. १५३) । यही क्रममा नारीवादको इतिहासको खोजी भयो र यसलाई विभिन्न तीन चरणहरूमा विभाजन गरियो । भर्जिनिया उल्फ, सिमोन दि बुभायर पहिलो चरणका प्रतिनिधि मानिए । सन् १९६० देखिको समयलाई दोस्रो चरण मानियो र अमेरिकाकी बेट्टी फ्राइडनको ए फेमिनिन मिस्टिक (सन् १९६३) यसको विभाजक रेखा बन्यो । यही चरणमा अमेरिकाकै मेरी इलमनको थिङकिङ एबाउट उमन (सन् १९६८) र केट मिलेटको सेक्सुअल पोलिटिक्स (सन् १९७०), बेलायतकी जर्माइन ग्रिरको द फिमेल इनुच (सन् १९७०) जस्ता विश्वप्रसिद्ध कृतिहरू लेखिए । यसको आयु लगभग दुई दशक रह्यो । सन् १९८० पछि नारीवादका धेरै भँगालाहरू फाटे र यसलाई नारीवादको तेस्रो धार भनियो । यसपछि महिला र तिनका समस्यालाई हेर्ने परिप्रेक्ष्यमा भिन्नता आयो । सबै महिला एकै किसिमले शोषित छैनन् र महिलाबाटै महिला शोषित-पीडित पनि बनेका छन् भन्दै नारी समस्यालाई वर्ग, जाति र दृढ संस्कृतिका आधारमा हेर्न थालियो । अघिल्ला दुई चरणका नारीवादलाई पहिलो विश्व (अमेरिका + युरोप) को र तेस्रो चरणको नारीवादलाई तेस्रो विश्वको नारीवादका रूपमा पनि हेर्ने गरिन्छ । सन् १९६० पछिका नारीवादका धार (दोस्रो र तेस्रो) लाई बौद्धिक नारीवाद पनि भन्ने गरिन्छ जुन बढी नै सिद्धान्तीकृत हुन पुगेको छ' (त्रिपाठी २०६८, पृ. २९) ।

नारीवाद बौद्धिक विलासका लागि नभएर महिलाका जीवनको आवश्यकताले जन्मिएको हो । व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्वले महिला र पुरुषका बिचमा गरेको भेदभावको तिक्त प्रभावका विरुद्ध छेडिदिएको आन्दोलनको नाम नै नारीवाद हो जसले सामाजिक परिवर्तनको अभियन्ताका रूपमा आफूलाई सक्रिय बनाउँदै ल्याएको छ ।

हजारौँ वर्षदेखि समाजमा व्याप्त पितृसत्ताका विरुद्ध उठेको एउटा आन्दोलनको नाम नै नारीवाद हो । कृष्ण गौतमका अनुसार, "नारीवादले पुरुषले लेखेको साहित्यमा नारीको भूमिकाको खोजी गर्नुका साथै नारीलेखन कस्तो छ र त्यसमा उसले आफ्ना विचार र अनुभवहरू कसरी प्रस्तुत गरेकी छ भन्ने जस्ता कुराहरूको अध्ययन गर्दछ"

(गौतम, २०५०, पृ. ४१०) । परम्परागत रूपमा चलिरहेको पितृसत्ताका विरुद्धमा नारीकेन्द्री विचारहरू नारीवादका नाममा जन्मिएका हुन् जसले नारीका निजी तथा सार्वजनिक जीवनको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्दछ साथै महिलालाई आफ्नो स्वतन्त्र अस्तित्वमा केन्द्रित हुन आग्रह गर्दछ । इतिहासको विकासप्रक्रियामा पहिलो श्रमविभाजन सन्तान उत्पादनको लागि महिला र पुरुषका बिचमा नै भएकाले पहिलो पटक वर्गीय उत्पीडन पनि पुरुषद्वारा महिलामाथिको आधिपत्यको साथसाथै सुरु भएको हो (एङ्गेल्स, सन् १९८६, पृ. ५३) । यस आन्दोलनको आशय लोग्ने मान्छेको विरोध गर्नु नभएर नारीलाई पुरुषसरह उभ्याउनु हो । मुख्यतः नारीवादका सिद्धान्तहरूलाई उदार नारीवाद, मार्क्सवादी नारीवाद, समाजवादी नारीवाद र आमूल नारीवाद आदि शाखाका रूपमा अध्ययन गर्न सकिन्छ । उदार नारीवादले कृतिभित्र नारीको उपस्थिति, त्यसमा पितृसत्ताको दमन, नारीको प्रतिरोधका साथै नारीका कृतिमा नारीलाई कसरी प्रस्तुत गरिएको छ भन्ने विषयलाई हेर्दछ ।

नारीलाई आत्मनिर्भर बनाउन र नारीअधिकार एवम अस्तित्व प्राप्ति तथा समान अधिकारका निमित्त उत्प्रेरित गराउने सिद्धान्त नै नारीचेतना हो (गौतम, २०६६, पृ. ४८९) । पश्चिमी नारीवाद प्रारम्भमा स्थूल किसिमको देखिन्छ । यो सूक्ष्म बन्दै गएपछि यो विस्तारै सडक आन्दोलनमा मात्र केन्द्रित नभएर लेखनमा पनि उत्रियो र उक्त लेखनले कलात्मक रूप लिँदै गएपछि त्यो साहित्यिक बनेको देखिन्छ । एकातिर यो सामाजिक-राजनीतिक आन्दोलनका रूपमा पनि रहिरह्यो भने अर्कातिर लेखनको विषय पनि बन्यो । यसमा मनोवैज्ञानिक पक्ष पनि थपिएपछि यो अझै मसिनो भयो र यो सर्वसाधारणको स्तरभन्दा माथिको बौद्धिक बहस बन्न पुग्यो । समय क्रममा यसले अझै सूक्ष्मता पक्रियो र यो महिलाहरूकै बिचको भिन्नताका आधारमा विश्लेषित हुनथाल्यो ।

नारी जागरण अभियान र नारीवादी आन्दोलन प्रारम्भ भएको निकै समयपछि मात्रै नारीवाद भन्ने शब्दको प्रयोग हुन थालेको देखिन्छ । नारीवादले समालोचना सिद्धान्तको स्वरूप भने सन् १९६० ताकादेखि मात्रै प्राप्त गऱ्यो र यसको श्रेय बेट्टी फ्राइडन, मेरी इलमन, केट मिलेट, जर्माइन ग्रिर, जुलिया क्रिस्तेवा, हेलेन सिक्सस आदिलाई दिने गरिएको छ । नारीवादी आन्दोलनमध्ये सन् १९६० भन्दा अघिकोलाई प्रथम चरण, सन् १९६० पछिकोलाई दोस्रो चरण र सन् १९८० पछिकोलाई तेस्रो चरणमा विभाजन गर्ने गरिएको छ (त्रिपाठी, २०६८, पृ. ५३६) । हाल विश्वमा नारीवादलाई एक महत्त्वपूर्ण मान्यताका रूपमा हेर्ने गरिएको छ ।

नारीवादका सिद्धान्तहरूलाई विशेष गरी उदार नारीवाद, मार्क्सवादी नारीवाद, समाजवादी नारीवाद र आमूल नारीवाद गरी चार वटा शाखाका रूपमा अध्ययन गर्न सकिन्छ ।

### (अ) उदार नारीवाद

उदार नारीवाद विश्वमै सबभन्दा बढी परिचित छ । यो विश्वव्यापी नारीवादी आन्दोलनको एक प्रमुख विचारधारा हो । यसले लैङ्गिक समानताको सिद्धान्तलाई केन्द्रमा राखेर महिला र पुरुषबिच समान अधिकार, अवसर र सम्मानको व्याख्या गर्छ । यो विचारधाराले महिलालाई पुरुषसरह शारीरिक, बौद्धिक, सामाजिक र आर्थिक रूपमा समान क्षमता भएको ठान्छ र उनीहरूले पुरुषले गर्ने हरेक कार्य सहजै गर्न सक्ने विश्वास राख्छ । उदार नारीवादको मूल उद्देश्य सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक क्षेत्रमा लैङ्गिक आधारमा हुने भेदभावलाई अन्त्य गरी समानतामूलक समाजको स्थापना गर्नु हो । यो विचारधारा विद्यमान सामाजिक संरचनाभित्रै रहेर नीतिगत सुधार, कानुनी समानता र सामाजिक चेतनामार्फत महिलाहरूको सशक्तीकरण र समान हैसियत सुनिश्चित गर्नमा केन्द्रित छ । शिक्षा, रोजगारी, सम्पत्तिमा अधिकार, स्वास्थ्य सेवामा पहुँच र निर्णय प्रक्रियामा सहभागितालाई प्राथमिकता दिँदै उदार नारीवादले क्रमिक सुधारको दृष्टिकोण अपनाउँछ ।

उदार नारीवादको ऐतिहासिक पृष्ठभूमि १८औँ शताब्दीको प्रबुद्धताको युगसँग जोडिन्छ जहाँ व्यक्तिगत स्वतन्त्रता, समानता र तर्कमा आधारित समाजको अवधारणा प्रबल थियो । म्यारी वोल्स्टन क्राफ्टको *अ भेन्डिकेसन अफ द राइटस् अफ वुमन* (सन् १७९२) लाई उदार नारीवादको आधारशिला मानिन्छ । यसले महिलाको शिक्षामा समानता र बौद्धिक विकासको आवश्यकतामाथि जोड दिएको थियो । १९औँ शताब्दीमा विशेषगरी पश्चिमी मुलुकहरूमा उदार नारीवादीहरूले मतदानको अधिकार, सम्पत्तिमा स्वामित्व र शिक्षामा पहुँचका लागि आन्दोलनहरू सञ्चालन गरे । उदाहरणका लागि संयुक्त राज्य अमेरिकामा सन् १९२० मा १९औँ संशोधनमार्फत महिलालाई मतदानको अधिकार प्राप्त भएको थियो जुन उदार नारीवादको एक महत्त्वपूर्ण उपलब्धि थियो । यस्तै युरोपमा पनि महिलाहरूको कानुनी र सामाजिक अधिकारका लागि भएका आन्दोलनहरूले उदार नारीवादी सिद्धान्तलाई बल पुऱ्याए । विश्वका सय भन्दा बढी देशहरूले लैङ्गिक समानताका लागि कानुनी सुधारहरू गरेका छन् जसमा समान ज्याला, कार्यस्थलमा भेदभावविरुद्धका नीति र सम्पत्तिमा अधिकार समावेश छन् । यी सुधारहरू उदार नारीवादको प्रभावको परिणाम हुन् (टोङ,

सन् २०१८, पृ. १७) । उदार नारीवादले सामाजिक परिवर्तनका लागि सुधारवादी दृष्टिकोण अपनाउँछ । यसले विद्यमान सामाजिक, आर्थिक र राजनीतिक संरचनाहरूलाई पूर्ण रूपमा उल्टाउनेभन्दा तिनमा सुधार ल्याउन जोड दिन्छ । र्‍याडिकल र समाजवादी नारीवादीहरूले उदार नारीवादले पितृसत्तात्मक संरचनाको गहिरो आधारलाई चुनौती नदिएको र केवल सतही सुधारमा सीमित रहेको तर्क गर्छन् । यद्यपि उदार नारीवादले विश्वभर महिलाहरूको आधारभूत अधिकारहरू जस्तै मतदान, शिक्षा, रोजगारी र सम्पत्तिको अधिकार स्थापित गर्न महत्त्वपूर्ण योगदान पुर्‍याएको छ । सन् २०२३ को विश्व आर्थिक मञ्चको लैङ्गिक अन्तर प्रतिवेदनअनुसार विश्वभर लैङ्गिक समानतामा उल्लेखनीय प्रगति भए पनि पूर्ण समानता प्राप्त गर्न अझै धेरै गर्न बाँकी छ जसमा उदार नारीवादको सुधारवादी दृष्टिकोणले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ (रेन्टल, सन् २०१६, पृ. १८६) । उदार नारीवादले लैङ्गिक समानताको लागि क्रमिक र समावेशी दृष्टिकोणमार्फत विश्वभर सकारात्मक परिवर्तन ल्याएको छ । यसले महिलाहरूलाई सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा समान अवसर प्रदान गर्न नीतिगत सुधार र कानुनी पहलहरूलाई प्रोत्साहन गरेको छ । यद्यपि समकालीन चुनौतीहरू जस्तै कार्यस्थलमा लैङ्गिक हिंसा, नेतृत्वमा असमान प्रतिनिधित्व र सांस्कृतिक रूढिहरूलाई सम्बोधन गर्न उदार नारीवादले आफ्नो दृष्टिकोणलाई थप समावेशी र गहन बनाउनुपर्ने आवश्यकता छ ।

### (आ) मार्क्सवादी नारीवाद

मार्क्सवादी नारीवादको उद्गम र विकासलाई बुझ्न फ्रेडरिक एङ्गेल्सको कृति *द ओरिजिन अफ द फ्यामिली, प्राइभेट प्रोपर्टी एन्ड द स्टेटस्* (सन् १८८४) लाई आधार मान्न सकिन्छ । यसमा कार्ल मार्क्सको ऐतिहासिक भौतिकवादको सिद्धान्तको आधारमा रही लैङ्गिक विभेदका कारणहरूको विश्लेषण गरिएको छ । यो कृतिले सामाजिक संरचनामा नारीमाथिको दमन र असमानताको जरोलाई निजी सम्पत्ति, परिवार र राज्यको उत्पत्तिसँग जोड्छ । मार्क्सवादी नारीवादले समाजको वर्गीय संरचनालाई विश्लेषणको केन्द्रमा राख्दै पुँजीवादी व्यवस्था र पितृसत्तालाई नारी शोषणको प्रमुख कारक ठान्छ । यो विचारधाराले वर्गविहीन समाजको स्थापनामार्फत लैङ्गिक समानता हासिल गर्न सकिन्छ भन्ने दृष्टिकोण प्रस्तुत गर्छ (एङ्गेल्स, सन् २०१५, पृ. ४५) । मार्क्सवादी नारीवादले महिला र पुरुषबीचको असमान शक्ति सम्बन्धलाई पुँजीवादी व्यवस्था र पितृसत्ताको संयुक्त उपजको रूपमा हेर्छ । यो सिद्धान्तले लैङ्गिक विभेद र दमनको अन्त्यका लागि निजी सम्पत्तिको उन्मूलन र वर्गविहीन समाजको स्थापनालाई अनिवार्य ठान्छ । पुँजीवाद र पितृसत्ताको अन्तरसम्बन्धलाई

विश्लेषण गर्दै यो विचारधाराले महिलालाई आर्थिक स्वतन्त्रता, सामाजिक सम्मान र समान अधिकार सुनिश्चित गर्ने क्रान्तिकारी बाटो प्रस्तुत गर्छ ।

मार्क्सवादी नारीवादी सिद्धान्तले मार्क्सवादी दर्शनलाई आफ्नो चिन्तनको आधार बनाउँछ । समाजका सबै पक्षहरूको मूल संरचनाको रूपमा आर्थिक कारकलाई स्वीकार गर्छ र शोषणको मुख्य कारण आर्थिक शोषण नै हो भन्ने मान्यता राख्छ । यसले नारी शोषणलाई केवल पुरुषद्धारा गरिने शोषणको रूपमा मात्र हेर्दैन । यसले पुरुषहरूलाई निरपेक्ष रूपमा विरोध पनि गर्छ । नारी समस्या अन्य सामाजिक, सांस्कृतिक र राजनीतिक समस्याहरूजस्तै एक सामाजिक समस्या हो र यी सबै समस्याको केन्द्रमा आर्थिक शोषण रहेको हुन्छ । मार्क्सवादी नारीवादी चिन्तनले नारी शोषणलाई आर्थिक शोषणको सापेक्षतामा व्याख्या गर्छ । यो सिद्धान्तले नारी शोषणको ऐतिहासिक विश्लेषण प्रस्तुत गर्दै पुँजीको सञ्चय र निजी परिवारको उदयसँगै नारी शोषणको सुरुआत भएको मान्यतालाई आफ्नो दर्शनको आधार बनाएको छ ।

### (इ) समाजवादी नारीवाद

आमूल नारीवाद र मार्क्सवादी नारीवादी धाराहरूबीच उत्पीडनको मूल कारणबारे देखिएको मतान्तर र त्यसको संश्लेषणात्मक समाधान खोज्ने प्रयासले नै समाजवादी नारीवादलाई जन्म दिएको देखिन्छ । समाजवादी नारीवादले लैङ्गिक आधारमा समाजको पुनः संरचना गरिनु पर्ने कुरालाई अैंल्याएको छ । यो कतै मार्क्सवादी (क्रान्तिकारी) नारीवाद र कतै उग्र (आमूल) नारीवादसँग निकट देखिन्छ । यसले आर्थिक वर्गको उत्पत्तिभन्दा पनि पहिले पुरूष प्रभुत्वको अस्तित्व रहेको कुरा स्वीकार गरेको छ । साधना प्रतीक्षाले लेखेकी छन् :

> समाजवादी नारीवादले लिङ्गका आधारमा निर्धारण गरिएको श्रमविभाजन तथा त्यसै अनुरूपको संस्कृतिका कारण समाजका हरेक तहमा महिला वर्ग पुरुषको अधीनस्थ भएको धारणा अघि सारेको छ ।पुरुषले घरबाहिरको काम गर्ने हुनाले त्यसको उचित मूल्य पाउन सक्ने तर महिलाका लागि घर भित्रका कामहरू निर्धारण गरिनाले त्यसको कुनै मूल्य हुँदैन । घर भित्रका कामहरू तथा असीमित एवम् परम्परागत हुने, त्यसलाई काम नै नमानिने अथवा महिलाले गर्ने त्यस्ता कामको महत्त्व नहुने लैङ्गिक विभेदमा आधारित सामाजिक संरचनाप्रति यसले असन्तुष्टि जाहेर गर्दछ ।
>
> (प्रतीक्षा, २०७४, पृ. ३५)

समाजवादी नारीवादले लैङ्गिक दमनको विश्लेषणमा सामाजिक-सांस्कृतिक कारकहरूको खोजीलाई प्राथमिकता दिन्छ । महिलामाथिको विभेद पुरुष र महिला दुवैको सामाजिक व्यवहार र संरचनाबाट उत्पन्न हुने ठान्छ । यो विचारधाराले पितृसत्तात्मक सामाजिक ढाँचालाई लैङ्गिक असमानताको प्रमुख कारक मान्दै समाजका विभिन्न एकाइहरू (परिवार, अर्थतन्त्र, संस्कृति) बीचको अन्तरक्रियाले सामाजिक व्यवस्था सञ्चालित हुने भएकोले यही संरचनाभित्र लैङ्गिक सम्बन्धको अध्ययन र सुधार गर्नुपर्ने मत राख्छ । आफ्नो छुट्टै अवधारणा भन्दा पनि नारीवादका अन्य शाखा-प्रशाखाबाट प्रभाव ग्रहण गरी विकसित भएको समाजवादी नारीवादले उदार, मार्क्सवादी, आमूल, मनोविश्लेषणात्मक आदि नारीवादबाट वैचारिकता ग्रहण गरेर समाजको लैङ्गिक अवस्था र महिलाको भूमिकाको विश्लेषण गर्दछ (प्रतीक्षा, २०७४, पृ. ३७) । सामाजिक-सांस्कृतिक मान्यता र संरचनाले लैङ्गिक विभेदलाई जन्माउने र कायम राख्ने भएकाले यस्ता विभेदहरूको अन्त्यका लागि महिला र पुरुषबीच समानतामा आधारित सामाजिक व्यवस्था आवश्यक रहेको तर्क यो सिद्धान्तले प्रस्तुत गर्छ । विशेषगरी लैङ्गिक आधारमा श्रम विभाजन र त्यसलाई समर्थन गर्ने सांस्कृतिक मान्यताले महिलालाई समाजका हरेक तहमा पुरुषको अधीनस्थ बनाएको छ ।

### (ई) आमूल नारीवाद

आमूल नारीवादलाई विश्वका चार प्रमुख नारीवादी सिद्धान्तमध्ये सबैभन्दा क्रान्तिकारी विचारधारा मानिन्छ । यो विचारधाराले महिलामाथि हुने सबै प्रकारका उत्पीडनको जरा नै पितृसत्तात्मक संरचनामा रहेको ठहर गर्छ र तिनलाई जरौदेखि उखेल्नै पर्ने कुरामा जोड दिन्छ । यसले सुधारवादी उपायहरूलाई अपर्याप्त ठान्छ र समाजको आधारभूत संरचनालाई नै परिवर्तन नगरी महिलाको साँचो मुक्ति सम्भव नहुने तर्क अघि सार्छ। यो धाराले समाजका हरेक तह र संरचनामा महिलाहरू शोषित र दमित भएको मान्यता राख्छ । जात, वर्ण, सामाजिक संरचना र संस्थाहरूमा विद्यमान दमन, विभेद र असमानताले लैङ्गिक विभेदको जटिलतालाई झनै गहिरो बनाएको ठान्छ । यस्ता विभेदका प्रमुख कारकका रूपमा आमूल नारीवादीहरू पितृसत्तालाई औंल्याउँछन् जुन समाजको आधारभूत संरचनामा गहिरो रूपमा जरा गाडेर बसेको छ ।

आमूल नारीवादी धाराले समाजमा विद्यमान महिला उत्पीडनलाई समूल नष्ट गर्नुपर्छ भन्ने दृष्टिकोण अगाडि सारेको छ । यस धाराले महिला सबैभन्दा बढी घरभित्रै विभेदमा परेकी छ र त्यसको कारण नारी र पुरुषका बिचको वैवाहिक सम्बन्ध नै हो भन्दै त्यस्तो विवाहलाई पूरै

निषेध गर्नु पर्छ भन्ने दृष्टिकोण अगाडि सारेको छ । महिला महिलाका बिचमा नै वैवाहिक सम्बन्ध स्थापित गर्नुपर्ने कुराको वकालत गरी नारी समलैङ्गिक नारीवाद (लेस्बियन फेमिनिजम) को सिद्धान्तलाई अगाडि सारेको छ । सामाजिक परिवर्तनका सन्दर्भमा यस्तो कदम पितृसत्तात्मक समाजको मूलोच्छेदनको प्रवृत्तिको भएकाले यस नारीवादी धाराको नाम नै आमूल (उग्र) नारीवादी धारा रहन गएको देखिन्छ (त्रिपाठी, २०६९, पृ. ८४) । हाल विश्वमा प्रचलित नारीवादी समालोचना सिद्धान्त मुख्य गरी यिनैलाई मानिएको छ । यी विभिन्न नामका नारीवादी धाराहरूले नारीका समस्यालाई अनेक कोणबाट विश्लेषण गरेका छन् । नारीवादसँगै नारी चेतना पनि जोडिएर आउँछ । यस शोधको सैद्धान्तिक आधार नारी चेतना भएकाले यसका बारेमा पनि स्पष्ट पार्न जरुरी छ ।

**नारी चेतना**

नारी चेतना भनेको नारीको मानसिक र सामाजिक जागरण हो । यसले महिलालाई समाजमा स्थापित लैङ्गिक असमानता तथा पितृसत्तात्मक संरचनाले सदियौँदेखि निर्माण गरेको अन्याय र शोषणप्रति सचेत गराउँछ । यो चेतनाले महिलालाई आफ्नो वास्तविक पहिचान, अधिकार र असीमित सम्भावनाको गहिराइसम्म बोध गराउँछ । उनीहरूलाई परम्परागत बन्धन र सामाजिक कुरीतिबाट मुक्त हुन प्रेरित गर्छ र समानता, सम्मान तथा न्यायको लागि सशक्त सङ्घर्ष गर्न ऊर्जा दिन्छ । नारी चेतना केवल महिलाहरूको व्यक्तिगत सशक्तीकरणमा मात्र सीमित नभइ यसले समग्र समाजमा समता र न्यायको स्थापनालाई लक्षित गर्छ । यो विचारले पुरुष र अन्य लैङ्गिक पहिचान भएका व्यक्तिहरूलाई पनि लैङ्गिक समानताप्रति संवेदनशील बनाउँछ ।

नारी चेतनाको मूलमा पितृसत्तात्मक समाजको गहिरो समझ र त्यसले महिलाको जीवनमा पार्ने प्रभावको विश्लेषण निहित हुन्छ । पितृसत्ता एक यस्तो सामाजिक व्यवस्था हो जसले पुरुषलाई शक्ति र प्रभुत्वको केन्द्रमा राख्छ र महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गर्छ । यो संरचनाले महिलालाई शिक्षा, रोजगारी, यौनिक स्वतन्त्रता र व्यक्तिगत निर्णयमा बाधा पुऱ्याउँछ । नारी चेतनाले यी संरचनाहरूलाई पहिचान गरी तिनलाई परिवर्तन गर्ने दिशामा काम गर्छ । यो चेतनाले महिलालाई आफ्नो मूल्य र सम्भावनाप्रति जागरूक बनाउँछ । उनीहरूलाई परम्परागत भूमिका जस्तै गृहिणी, माता वा आज्ञाकारी पत्नी–मा मात्र सीमित नराखी आफ्नो पहिचान र स्वतन्त्रताको खोजी गर्न प्रेरित गर्छ । व्यक्तिगत स्तरमा आत्मविश्वास र सामूहिक स्तरमा एकताको

भावना जागृत गर्छ । यसले महिलाहरूलाई सामाजिक परिवर्तनका लागि संगठित हुन प्रोत्साहन दिन्छ । विश्वव्यापी र नेपाली सन्दर्भमा यो चेतनाले महिलाहरूलाई आफ्नो अधिकार र सम्भावनाप्रति जागरूक बनाएर सामाजिक परिवर्तनको आधार तयार गरेको छ । *आलय* उपन्यासको विश्लेषणका लागि उदार नारीवादी धाराअन्तर्गतको नारी चेतना उपयुक्त देखिन्छ ।

चेतना प्राणीमा अन्तर्निहित आन्तरिक बोध हो । सामाजिक संरचना तथा व्यवस्थाहरूले मानव चेतनालाई आकार दिन्छन् । सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक परिवेशले नारीको मनमा आत्मबोध र स्वतन्त्रताको चेतना उजागर गर्नु नै नारी चेतना हो । पितृसत्तात्मक नेपाली समाजमा नारीले सहने लैंगिक असमानता र शोषणले उनीहरूको मनमा विद्रोहको भाव जन्माउँछ जुन नेपाली परिप्रेक्ष्यमा नारी चेतनाको स्वरूप हो । नारी अस्मिताको सम्मान, नारीजन्य भावना र संवेदना, नारी स्वतन्त्रताप्रतिको वैचारिक जागरूकता र लैंगिक सचेतना नारी चेतनाका प्रमुख अवधारणा हुन् ।

प्रस्तुत शोधमा यिनै विभिन्न पक्ष र प्रकारलाई अवलम्बन गरी अमला अधिकारीको *आलय* उपन्यासमा नारी चेतनाको विश्लेषण र मूल्याङ्कन निम्नलिखित ढाँचामा गरिएको छ :

**(क) शोध प्रश्न (क) का निम्ति**

सामाजिक परम्पराको पुनर्व्याख्या

लैङ्गिक विभेदप्रति विरोध

आत्मपहिचान र आत्मनिर्भरता

समाजमा नारीप्रतिको सङ्कीर्णताका विरुद्धको चेतना

सांस्कृतिक शोषण विरुद्धको चेतना

नारीको पुनर्विवाहको सवाल ।

**(ख) शोध प्रश्न (ख) का निम्ति**

लैङ्गिक समानता र स्वतन्त्रताको चेतना

आर्थिक समानता र स्वतन्त्रताको चेतना

राजनीतिक समानता र स्वतन्त्रताको चेतना

सांस्कृतिक समानता र स्वतन्त्रताको चेतना

जातीय समानता र स्वतन्त्रताको चेतना

पुरुषसरह समान भूमिकाप्रतिको चेतना

शैक्षिक समानता र स्वतन्त्रताको भूमिकामा चेतना

लेखकीय दृष्टिकोण

प्रस्तुत अध्ययनमा उपर्युक्त सैद्धान्तिक ढाँचामा उपन्यासका पात्रहरूको सामाजिक निर्मितिका आधारहरूको पहिचान गरी तिनमा अभिव्यक्त नारी चेतनाका विभिन्न आयामहरूको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई मूल रूपमा चार परिच्छेद र ती परिच्छेदलाई आवश्यकताअनुसार शीर्षकहरूमा विभाजन गरी त्यसको व्यवस्थापन गरिएको छ । उक्त चार परिच्छेदहरू यस प्रकार रहेका छन् :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : *आलय* उपन्यासमा नारी अस्तित्वको चेतना

तेस्रो परिच्छेद : *आलय* उपन्यासमा नारी समानता र स्वतन्त्रताको चेतना

चौथो परिच्छेद : सारांश र निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद

# *आलय* उपन्यासमा नारी अस्तित्वको चेतना

## २.१ विषयप्रवेश

*आलय* अमला अधिकारीद्वारा लेखिएको औपन्यासिक कृति हो । गजलकारका रूपमा नेपाली साहित्यमा पहिचान बनाइसकेकी अमला अधिकारीले आफ्ना भोगाइ, अनुभूति र सङ्घर्षलाई नै विषय बनाएर पहिलो पटक औपन्यासिक कृति लेखेकी छन् । दश वर्षे जनयुद्ध भोगेको नेपाली समाज विशेष गरी नेपाली ग्रामीण जनजीवन र अझ खास गरी युद्धपीडित नारीको जीवन भोगाइमा केन्द्रित यो उपन्यासले नेपाली समाजको एउटा कालखण्ड बोकेको छ ।

यस उपन्यासकी मुख्य पात्र माला हुन् जसले जनयुद्धमा श्रीमान् वेपत्ता पारिएपछि भोगेको जीवन र उनले गरेको संघर्षलाई यस उपन्यासको केन्द्रीय विषय बनाइएको छ । सिन्धुलीको विकट ग्रामीण समाजमा एकल नारीले गरेको संघर्षको कथा बोकेको यस कृतिलाई नारी चेतनाका विविध पक्षहरूबाट विश्लेषण गरिएको छ । नारीको अस्तित्वको चेतनाको विश्लेषण गर्न  सामाजिक परम्परा र त्यसको पुनव्र्याख्या, लैंगिक विभेदप्रति विरोध, समाजमा नारीप्रतिको सङ्कीर्णताका विरुद्धको चेतना, सांस्कृतिक शोषणविरुद्धको चेतना तथा नारीको पुनर्विवाहको सवालको खोजी गर्दै यस परिच्छेदमा सोदाहरण प्रस्तुत गरिएको छ ।

पितृसत्तात्मक समाजको कठोर जंजिरमा बाँधिएकी एकल महिला सधैं अनेकौं सकस र अपमानको भारी बोकेर हिँड्न बाध्य हुन्छे । समाजको हरेक कुनामा लुकेका खतरा जस्तै जातीय विभेद, लैंगिक हिंसा, आर्थिक शोषण आदिबाट जोगिनु र तिनैसँग जुध्नु उसको दैनिक सङ्घर्ष बन्छ । तर यस्तो अवस्थामा पनि माला आफ्नो आत्मविश्वासको बलियो जगमा टेकेर परम्परागत सामाजिक मान्यताहरूलाई चिरेर अघि बढेकी छे । यस उपन्यासकी नायिका मालाले सन्तान प्राप्तिलाई मात्र जीवनको उद्देश्य बनाएकी छैन, ऊ पुरुषको संरक्षण बिना पनि पूर्ण जीवन जिउन सक्ने साहसी, आत्मविश्वासले भरिएकी, अस्तित्ववादी चेत भएकी नारी हो । *आलय* उपन्यासमा मालाको संघषपूर्ण जीवनले पितृसत्ताको जडतापूर्ण संरचनालाई चुनौती दिएको छ । यस उपन्यासमा मालाको अस्तित्ववादी चेतना र नारी अधिकारको खोजी अभिव्यक्त भएको छ ।

प्रस्तुत परिच्छेदमा *आलय* उपन्यासमा रहेको नारी अस्तित्वको चेतनाका विविध पक्षहरूको विश्लेषण गरिएको छ । यसअन्तर्गत नारी अस्तित्वको चेतनाका सैद्धान्तिक अवधारणा उल्लेख गरी उपन्यास विश्लेषणको आधार तय गरिएको छ । तिनै अवधारणाका आधारमा उपन्यासको विश्लेषण गरिएको छ । नारी चेतनासम्बद्ध सैद्धान्तिक अवधारणा निर्माणका निम्ति विविध पाश्चात्य तथा नेपाली लेखकहरूका नारीवादसम्बन्धी कृतिहरूको खोजी गरी विश्लेषणको मुख्य आधार बनाइएको छ ।

## २.२ नारी अस्तित्वको चेतना

नारी अस्तित्वको चेतना नारीवादी चेतनाको एक महत्त्वपूर्ण आयाम हो । यसले महिलाहरूको व्यक्तिगत र सामाजिक पहिचान, आत्मसम्मान र स्वायत्ततताप्रति जागरूकता ल्याउँछ । यो चेतना पितृसत्तात्मक समाजमा महिलाले भोग्ने दमन, असमानता र सीमितताहरूलाई पहिचान गरी तिनको विरुद्धमा प्रतिरोध र सशक्तीकरणको बाटो खोज्छ । *आलय* उपन्यासमा नारी पात्रहरू मार्फत आएको 'नारी अस्तित्वको चेतना' लाई व्याख्या गर्न सामाजिक परम्पराको पुनर्व्याख्या, लैङ्गिक विभेदप्रति विरोध, आत्मपहिचान र आत्मनिर्भरता, समाजमा नारीप्रतिको सङ्कीर्णताका विरुद्धको चेतन, सांस्कृतिक शोषण विरुद्धको चेतना, नारीको पुनर्विवाहको सवालजस्ता बुँदाहरू उपयुक्त हुन्छन् ।

### २.२.१ सामाजिक परम्पराको पुनर्व्याख्या

परम्परा भनेको कुनै समाज वा समुदायले पुस्तौँदेखि पालना गर्दै आएका मूल्य, मान्यता, रीतिरिवाज, विश्वास र व्यवहारहरूको समष्टि हो । यसले तिनको पहिचान, जीवनशैली र सामाजिक संरचनालाई परिभाषित गर्छ । यी परम्पराहरूले कला, धर्म, चाडपर्व, सामाजिक नियम र दैनिक जीवनका अभ्यासहरूलाई समेट्छन् । विवाह, मृत्यु संस्कार, खानपान र सामाजिक समारोहहरू यसका उदाहरण हुन् । यद्यपि नेपाली समाजलाई हेर्ने हो भने विशेष गरेर सांस्कृतिक परम्पराहरूका नाममा महिलाहरूमाथि समाजमा विभिन्न प्रकारका विभेदहरू हुने गरेका छन् ।

पुनर्व्याख्या भनेको यी परम्पराहरूलाई वर्तमान सन्दर्भमा नयाँ अर्थ दिनु हो । जसमा पुराना अभ्यासहरूलाई आधुनिक मूल्यहरू जस्तै समानता, स्वतन्त्रता, विज्ञान र मानवअधिकारसँग मेल खुवाउने प्रयास गर्नु हो । यो प्रक्रिया सामाजिक परिवर्तनको हिस्सा हो ।

*आलय* उपन्यासमा  उपन्यासकार अमला अधिकारीले विभिन्न नारी पात्रहरूको प्रयोग गरेर परम्परागत मान्यताका आडमा हुर्किएको नारी विरोधी मान्यताको खण्डन गरेकी छन् । लैङ्गिक समानताको सिद्धान्तले हरेक व्यक्तिलाई समान अवसर र सम्मान प्राप्त हुनुपर्छ भन्ने कुरा सिकाएको छ । यस उपन्यासमा परम्पराका नाममा नारीका लागि बनाइएका विभेदकारी नियमको नारी पात्रहरूले खण्डन गरेका छन् । नेपाली समाज परम्परादेखि नै पितृसत्तात्मक रहेको हुँदा महिलाहरू पुरुषवर्गका अधीनस्थ तुल्याइएका हुन्छन् र जातीय तथा वर्गीय उत्पीडनका साथसाथै उनीहरूले महिला हुनुको नाताले लैङ्गिक उत्पीडन समेत भोगिरहेका हुन्छन् ।

*आलय* उपन्यासमा वर्णित सिन्धुलीको ग्रामीण क्षेत्रका नारी पात्रको अवस्था पनि यस वास्तविकताभन्दा फरक देखिँदैन । नेपाली समाजको शक्ति संरचनामा धनीद्वारा गरिव, कथित उच्च जातद्वारा तल्लो जात र पुरुषद्वारा महिला दबाइएको देखिन्छ भने जुनसुकै वर्ग र जातीयताभित्र पनि महिलाको अवस्था झन् दयनीय भएको पाइन्छ । अर्थात् एउटा प्रभुत्वशाली वर्गभित्रै पनि महिलाहरू अधीनस्थ अस्तित्वका साथ बाँचिरहेका हुन्छन् । अझ गरिब र कथित तल्लो जातका महिलाहरू दोहोरो तेहरो उत्पीडनका सिकार भई अस्तित्वविहीन जीवन भोग्न बाध्य भएका हुन्छन । यस उपन्यासकी प्रमुख नारी पात्र माला क्षेत्रीकी छोरी बुलबुलले आफ्नो मागी बिबाह हुने मिति नजिकिँदै गर्दा मनमा अनेक तर्कना खेलाउँछे । बुलबुल मार्फत पुरुषसँग गाँसिएको पहिचानको बोझमा नचिनेको व्यक्तिसँग बिहे गरेर अनिश्चित जीवन जिउनु पर्ने बाध्यता यहाँ यसरी अभिव्यक्त भएको छ :

> आज मैले केही नगरे पनि कसैले केही भन्दैनन् । पर्सीदेखि अँध्यारैमा उठ्नु पर्छ होला । पक्की घर भए त ठिकै होला, कच्ची भए बडारकुँडार, लिपपोत सबै गर्नु पर्ला । निन्द्रा पनि पुग्ला नपुग्ला । ढिलो उठे अल्छी भन्लान् । यता आमालाई कसले सघाउला ? कसले सार्ला बाख्रापाठा बारीमा ? म छोरो भएको भए बुहारी भित्रिन्थी । सबै खुसी हुन्थे होलान् । (पृ. ९)

माथिको कथनले नेपाली परम्परागत समाजमा सांस्कृतिक दृष्टिकोणबाट विवाहपछिको नारीको अनिश्चित र बोझिलो जीवनलाई गहिरोसँग चित्रण गर्छ । परम्परागत नेपाली समाजमा नारीलाई घरायसी कामको मुख्य जिम्मेवारी वहन गर्नुपर्ने मान्यताले बिहान सबेरै उठेर घरको काममा खटिनुपर्ने बाध्यतालाई 'पर्सीदेखि अँध्यारैमा उठ्नु पर्छ' भन्ने वाक्यले प्रस्ट पार्छ । पक्की घर भए तुलनात्मक रूपमा सहज भए पनि कच्ची घर भए बडारकुँडार, लिपपोत जस्ता शारीरिक

श्रमका कामले थप बोझ थपिन्छ जसले नारीको श्रम र समयको मूल्यांकन नहुने सांस्कृतिक संरचनालाई झल्काउँछ । ‘निन्द्रा पनि पुग्ला नपुग्ला’ भन्ने पंक्तिले शारीरिक र मानसिक थकानको चिन्ता व्यक्त गर्छ, भने ‘ढिलो उठे अल्छी भन्लान्’ ले सामाजिक अपेक्षा र लैङ्गिक आधारमा नारीमाथि थोपरिएको नैतिक दबाबलाई उजागर गर्छ । जहाँ नारीको मेहनतलाई सामान्य मानिन्छ त्यही सानो कमजोरीमा आलोचना पनि हुन्छ । अन्तिम वाक्य, ‘म छोरो भएको भए बुहारी भित्रिन्थी’ ले गहिरो लैङ्गिक असमानतालाई संकेत गर्छ । छोराको भूमिका सन्तान र वंशको निरन्तरतासँग जोडिन्छ र बुहारीको आगमनले घरायसी कामको बोझ बाँडिन्छ भन्ने परम्परागत सोचलाई प्रतिबिम्बित गर्छ । यो भनाइले नेपाली समाजमा नारीको श्रम, अनिश्चितता र सांस्कृतिक-लैङ्गिक अपेक्षाहरूको जटिल अन्तरसम्बन्धलाई मार्मिक रूपमा प्रस्तुत गरेको छ ।

तर यस उपन्यासकी मुख्य नारी पात्र मालाले यस्तो नियमको पुनर्निर्माण गरेकी छ । मालामा नयाँ किसिमको सोच छ । उनका माध्यमबाट यस उपन्यासमा समाजले बनाएको नियमलाई परिमार्जन गर्न सक्ने चेतना यसरी अभिव्यक्त भएको छ :

> सायद मलाई एउटी दुर्बल र निरीह बुहारी सम्झे उनीहरूले जो सासुससुराको खटन खाएर बस्छे । घर चलाउने उसको कुनै हक छैन । हुति छैन । तर त्यसरी म आफूलाई दुर्बल र निरीह हुन दिन्नँ । मभन्दा अघि गए मै काँध दिएर लान्छु बाआमालाई घाटसम्म । मै गर्छु काजकिरिया । बुलबुल बिहे गरेर यही घरमा बस्छे । उसका छोरा छोरीले धान्नेछन् हाम्रो वंश । (पृ. १४४)

मालाले आफ्नो सचेतता, आत्मसम्मान र सामाजिक अपेक्षाविरुद्धको विद्रोही स्वरलाई दृढतापूर्वक व्यक्त गरेकी छ । यो कथनले परम्परागत नेपाली समाजमा बुहारीलाई कमजोर र अधीनस्थ ठान्ने मानसिकतामाथि प्रहार गर्दै उसको स्वतन्त्र पहिचान र सक्षमताको घोषणा गरेको छ । मालाले सासू-ससुराको सेवा गर्ने दायित्वलाई स्विकार्दै मृत्युपश्चात् काजकिरियाको जिम्मेवारी पनि आफैँले वहन गर्ने अठोट व्यक्त गरेकी छ । नेपाली समाजमा सामान्यतः पुरुषले गर्ने परम्परालाई चुनौती दिएकी छ । आफ्नी छोरी बुलबुलको विवाह र वंशको निरन्तरताप्रति उसको विश्वासले नारीको भूमिकालाई केवल घरेलु सीमाभित्र मात्र सीमित नराखी सामाजिक उत्तरदायित्व र वंशको गौरवसँग जोडेको छ । यो कथनले ग्रामीण नेपाली समाजमा नारीको परम्परागत छविलाई तोड्दै आत्मनिर्भरता, दृढता र सामाजिक परिवर्तनको सङ्केत गरेको छ ।

माला नारी विरोधी परम्परागत मूल्य र मान्यतालाई भत्काउन सक्ने चेतनशील नारी हो । ऊ परम्परित मान्यतालाई नयाँ तरिकाले व्याख्या गर्छे । यदि पुरुषले आफ्ना आमाबुबाको काजकिरिया गर्न सक्छन् भने नारीहरूले किन सक्दैनन् ? यो केवल धार्मिक कर्मकाण्डको कुरा मात्र होइन । नारीहरूको आत्मसम्मान, पहिचान र पारिवारिक प्रेमको अभिव्यक्तिको कुरा पनि हो । छोरीहरूले पनि आफ्ना आमाबुबाप्रति उत्तिकै प्रेम, श्रद्धा र जिम्मेवारी महसुस गरेका हुन्छन् । नारीहरूलाई यो कर्तव्यबाट वञ्चित गर्नु भनेको उनीहरूको भावनात्मक र आध्यात्मिक अधिकारलाई खोस्नु हो भन्ने तर्क मालाले राखेकी छ ।

हाम्रो समाजमा अझै पनि कतिपय रूढिगत मान्यताहरू छन्, जसले नारीहरूलाई काजकिरियामा सहभागी हुनबाट रोक्छ । तर यी मान्यताहरू हाम्रा पुर्खाहरूले बनाएका नियमहरू हुन् । यसलाई समय र सन्दर्भअनुसार परिवर्तन गर्न सकिन्छ । यस्ता परम्पराहरूलाई पुनरावलोकन गरी समावेशी समानतामूलक बनाउनुपर्छ । नारीहरूले काजकिरिया गर्न सक्ने मान्यताले समाजमा लैङ्गिक समानताको सन्देश प्रवाह गर्नुका साथै नारीहरूको सशक्तिकरणलाई पनि प्रोत्साहन गर्छ भन्ने चेनतशील विचार *आलय* उपन्यासमा मालाका माध्यमबाट अभिव्यक्त भएको छ ।

महिनावारीलाई अशुद्ध ठान्ने जस्ता कुप्रथाहरू हिन्दू धर्मका ग्रन्थहरूको गलत व्याख्या गर्ने र तिनले गरेको गलत प्रचारले संस्कारका नाममा, परम्पराका नाममा महिलाहरूले विभेद भोग्दै आएका छन् । उदाहरणका लागि, वेदमा महिनावारीलाई अशुद्ध ठान्ने कुनै स्पष्ट उल्लेख छैन तर गलत रूपमा भएका पुनर्व्याख्याले परम्पराका नाममा यस्ता प्रथालाई बल दिएको छ (गर्ग र गोयल, सन् २०१५) । परम्पराका नाममा महिलामाथि अन्याय भएको कुरा बुलबुल जस्ता आजका छोरीहरूले बुझेका छन् । त्यसैले बुलबुल परम्पराका नाममा सानैमा छोरीको गोडा धोएर बिहे गरी अन्माउने कुराप्रति असन्तुष्ट छे । ऊ आफ्नो असन्तोष यसरी अभिव्यक्त गर्छे :

> बा र हजुरीको गोडा धुने चाहनाको धरापमा म बारुद बनेर बिच्छिनुपर्ने ? यही समाजमा ३०-३५ वर्षसम्म बिहे नगरी बस्ने छोरीहरू पनि छन् । मैलेचैँ किन १८ पुग्दा नपुग्दै बिहे गर्नु पर्ने ?अर्थात् दुर्घटनातिर धकेलिनु पर्ने ? यति जानकार मेरी आमाले पनि बिहेप्रतिको मेरो मत मसँग बुझ्न चाहिनन् ? (पृ. २१६)

बुलबुल परम्पराका नाममा छोरीहरू रजस्वला हुनु अगावै गोडा धोएर कन्यादान गरिनुलाई पुन्य मान्ने जन विश्वासी संस्कारको निर्माणमा उभिएको समाजमा हुर्कीएकी छोरी हो । कालिक

परिवेशलाई हेर्दा जनयुद्धकालमा लेखिएको यस उपन्यासमा समाजमा नारीहरूप्रति गरिने व्यवहारमा पहिले भन्दा केही परिवर्तन त भएको छ । तर अझै पनि सिन्धुलीको विकट ग्रामीण भेग जस्ता ठाउँहरूमा १८ वर्ष नपुग्दै छोरीको गोडा धुने परम्परा यथावत छ । माला क्षेत्रीकी छोरी बुलबुल यस परम्पराको खुलेर विरोध गर्छे । ऊ माला जस्ती सचेत नारीले पनि परम्पराका नाममा यस्तो कुप्रथामा साथ दिन खोजेको आरोप लगाउँछे । ऊ आफ्नो सहमती विनै गरिदिन लागेको बिहेप्रति असन्तुष्ट छे । बिहे भन्ने परम्पराकै विरुद्धमा ऊ यसरी आफ्नो असन्तुष्टि अभिव्यव्त गर्छे, "यो विवाह नामको सम्बन्धले छोरीहरूको इच्छाको घाँटी निमोठिरहेको छ" (पृ. २१६) । धर्म र रीतिरिवाज मान्नु पर्ने बाध्यात्मक परिस्थितिका नाममा बिबाहले वास्तवमा छोरीको रहर र इच्छा कहिल्यै बुझ्न सकेको छैन भन्ने कुरा यो वाक्यले अभिव्यक्त गरेको छ । उपन्यासमा मालाकी छोरी बुलबुल जस्ता आजका युवाहरू बिहेप्रति असन्तुष्ट हुनुको कारण पनि परम्पराको पुनर्व्याख्या हुन नसकेको कारण नै हो । जब छोरा सहर छोरीको पनि इच्छा बुझेर उसले चाहेको बेला आफैं आफ्नो वर रोजेर बिहे गर्ने परिपाटीको सुरुवात हुन्छ तब मात्र नारीहरूले न्याय पाउनेछन् ।

यस उपन्यासकी नायिका माला क्षेत्री जो हाम्रो समाजले बनाएको परम्परित नियमभन्दा भिन्न सोच बोकेकी चेतनशील नारी हो । ऊ आफ्नी एक मात्र छोरी बुलबुलको बिहेपछि छोरीलाई पराइको धन हैन आफ्नै घरको उत्तराधिकारीका रूपमा स्थापित गर्न चाहन्छे । समाजले जे सुकै भनोस् ऊ सुन्दिन । ऊ भुपेन्द्रसँग बुलबुलको बिहे गरिदिएर आफ्नो घरको हेरचाह गर्ने वातावरण दिन चाहन्छे । आफूपछि आफ्नो घरको घरमुली बुलबुललाई बनाउने इच्छा यसरी व्यक्त गर्छे :

> मेरी छोरी जिन्दगीभरीका लागि मेरो घर छोडेर जाने छैन । आफ्नो पढाइ सकिएपछि भुपेन्द्रको साथमा ऊ यो घरको हेरचाह गर्न आउनेछे । म पछि यो घरको घरमुली बुलबुल नै हो । विरुवा सारे जसरी अस्तित्व सार्ने प्रक्रियाको अन्त्य गर्न चाहन्छु म । म पछाडि यो घरको घरमुली बुलबुल नै हो । मेरी छोरी जिन्दगीभरका लागि मेरो घर छोडेर जाने छैन । ( पृ. २२०)

छोरीलाई सक्षम बनाउने हो भने आफ्नो खुट्टामा उठ्न दिने हो भने छोरी पराईको धन हुँदैनन् । उनीहरू आफ्नो निणर्य आफैं गर्न सक्षम हुन्छन् । बिहेपछि पनि उनीहरू आफ्नो जन्मघरकै हुन्छन् । यो वातावरण दिन हरेक बाआमाले परम्परित सोच त्याग्नु पर्छ । संस्कार र सस्कृतिको पुनर्व्याख्या गर्नु पर्छ भन्ने कुरा आलय उपन्यासमा मालाका माध्यमबाट अभिव्यक्त

भएको छ । तर मालाको सोचेजस्तो नेपाली समाजमा यो किसिमको परिवर्तन अहिल्यै सम्भव छैन । कानुनी अधिकार भए पनि सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक जडता अत्यधिक बलियो छ । ग्रामीण क्षेत्रमा त यो कल्पना बाहिरको कुरा हो र शहरी क्षेत्रमा पनि यो सीमित परिवारमा मात्र सीमित रहेको छ । यो परिवर्तनलाई जबरजस्ती लागू गर्दा परिवारभित्रै द्वन्द्व, सामाजिक बहिष्कार र भावनात्मक विच्छेद हुने जोखिम अत्यधिक छ । अहिलेको अवस्थामा यो विचार आदर्श त हो तर व्यावहारिक रूपमा असम्भव र जोखिमपूर्ण छ भन्ने कुरा आलय उपन्यासमा मालाले छोरी बुलबुललाई अन्माएर बिदा गरेको प्रसङ्गले प्रस्ट पारेको छ ।

### २.२.२ लैङ्गिक विभेदप्रति विरोध

लैंगिक विभेद मानव समाजको सबैभन्दा पुरानो र गहिरो जरा गाडिएको असमानताको रूप हो । यसले पुरुष र महिलालाई जन्मजात जैविक भिन्नताका आधारमा मात्र होइन, सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक संरचनाले थोपरिएका भूमिका, अधिकार र अवसरका आधारमा फरक-फरक व्यवहार गर्छ । यो विभेद प्रायः पुरुषलाई श्रेष्ठ र महिलालाई अधीनस्थ ठान्ने पितृसत्तात्मक सोचबाट प्रेरित छ । महिलालाई घरको चार दिवारभित्र सीमित राख्न खोज्छ भने पुरुषलाई सार्वजनिक क्षेत्रको मालिक बनाउन खोज्छ
(उप्रेती, २०७४, पृ. ४५) । जब समाजमा असमानताको भारी बोक्नुपर्नेहरूले अर्थात नारीहरूले विरोधका स्वरहरू उठाउन थाल्छन् तब समाजमा परिवर्तनको बीउ रोपिन थाल्छ । पितृसत्तात्मक समाजले सानैदेखि नारीलाई सामाजिक मान्यताले बाँधेर हीनताबोधग्रस्त बनाएको हुन्छ ।

*आलय* उपन्यासकी नारी पात्र माला सामाजिक बन्धनमा बाँधिएकी नारी हो तर ऊ आत्मविश्वासले भरिएकी साहसी नारी हो । ऊभित्र जव हिनताबोध उत्पन्न हुन्छ त्यसबेला आफैँ भित्रको हिम्मत बटुलेर ऊ यसो भन्छे, “यसरी डराएको भरले त आकाशले पनि कसरी त्यतिविघ्न जून र ताराहरू पाल्दो हो ? अब मैले नयाँ हलो र जुवाको आविष्कार गर्नुपर्छ” (पृ. १२०) । पुरानो हलोले खेत जोतेजस्तै पुरानो सोचले महिलालाई घरेलु र अधीनस्थ भूमिकामा जोतिरहकोछ तर मालाले नयाँ हलो र जुवाको आविष्कार गरेर अर्थात् नयाँ विचार, नयाँ शिक्षा, नयाँ अधिकार र स्वावलम्बनको सृजना गरेर आफैँ आफ्नो जीवन र समाज जोत्न खोजेकी छ । माथिको साक्ष्यमा लैङ्गिक विभेदप्रति मालाको विरोधी स्वर र नारी मुक्तिको नयाँ मार्गको खोज अभिव्यक्त भएको छ ।

नारीवादले लामो समयदेखि नारीहरूलाई पुरुषसरह समान अधिकारबाट वञ्चित गरी दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गर्ने सामाजिक, सांस्कृतिक र पितृसत्तात्मक परिपाटीको कडा विरोध गर्दै आएको छ । नारी चेतनाले युक्त मालाले लैङ्गिक असमान रहेको हाम्रो समाजमा नारीलाई अधिकारबाट वञ्चित गरेको कुरामा कवितात्मक शैलीमा यसरी असन्तुष्टि पोखेकी छे :

किन हाम्रो मनोवल गलाउने,

नारी नै हुन् यो सृष्टि चलाउने,

ढुङ्गेबगर

छोरी भनेर हेलाँ नगर । (पृ. ९०)

शारीरिक भिन्नताको आधारमा नारीहरूलाई कमजोर, निरीह वा अक्षम ठान्ने पितृसत्तात्मक सोच र मान्यताहरूले समाजमा गहिरो जरा गाडेको छ । यस्तो सोचले नारीहरूलाई अवसर, सम्मान र स्वतन्त्रताबाट टाढा राख्दै उनीहरूको क्षमता र योगदानलाई अवमूल्यन गरेको छ । *आलय* उपन्यासमा मालाको समानताको चेतनाले यस्ता विभेदकारी मान्यताहरू विरुद्ध जागरूकता फैलाउँदै लैङ्गिक समानताको वकालत गर्छ । नारीहरूलाई केवल शारीरिक भिन्नताको आधारमा होइन बरु उनीहरूको बौद्धिक, भावनात्मक र सामाजिक क्षमताको आधारमा मूल्याङ्कन गर्नुपर्ने कुरालाई जोड दिन्छ ।

*आलय* उपन्यासकी नारी पात्र मालाले समाजमा व्याप्त लैङ्गिक असमानता र अन्याय विरुद्ध आवाज उठाएकी छे । नारीहरूलाई आत्मसम्मान, स्वतन्त्रता र समान अवसरको प्रत्याभूति दिलाउने लक्ष्य बोकेकी मालाले सामाजिक परम्पराका विरुद्धमा कवितात्मक शैलीमा यसरी आफ्ना कुरा अभिव्यक्त गरेकी छे :

खड्कुलोले पुग्दैन अधिकार,

आधा पारौँ गैरीखेत सीमको टार

ढुङ्गेबगर बाबा ढुङ्गेबगर.....। (पृ. ९०)

मालाद्वारा अभिव्यक्त यो कवितांशले लैङ्गिक असमानताको विरोध गरेको छ । महिलाहरूको अपरिहार्य भूमिका र शक्तिलाई उजागर गर्दै यो समाजमा व्याप्त छोरीप्रतिको हीन दृष्टिकोण र

भेदभाव राख्नेहरूप्रति चुनौती दिएको छ । ग्रामीण समाजका महिलाहरूको मनोबल बढाउन र उनीहरूको अधिकारका लागि मालाका अभिव्यक्तिहरू सशक्त रूपमा आएका छन् । मालाका अभिव्यक्तिले लैङ्गिक समानताको सशक्त माग राख्दै प्रखर आवाज मुखरित गरेको छ । त्यसैगर तजुना, अमन जस्ता पात्रहरूबाट पनि लैङ्गिक समानताप्रतिको सचेतना अभिव्यक्त भएको छ । लैङ्गिक समानताको पक्षधरका रूपमा *आलय* उपन्यासमा उपन्यासकार अमला अधिकारीले पुरुष पात्रलाई पनि अघि सारेकी छिन् । उनले अमन जस्तो पढेलेखेको शिक्षकलाई अघि सार्दै यी कथनहरू भन्न लगाउँछिन् :

> मेरो बालसखीको विचार मैले बुझेको छु । म परिवर्तन चाहने पुरुष हुँ । आजको समाजमा चेलीलाई नैतिकता सिकाउने गुरु भन्दा पितृसत्तालाई चुनौति दिने नारी विचारको समर्थन गर्ने पुरुषको आवस्यकता छ । मैले तिमीलाई प्रेम गर्नु भनेको तिमी भित्रको नारी विचारलाई स्विकार्नु पनि हो । (पृ. ९१)

मालाका श्रीमान् अमनको यो भनाइले लैङ्गिक समानता र सामाजिक परिवर्तनको गहिरो सन्देश बोकेको छ । यो विचारले परम्परागत रूपमा पुरुषलाई नैतिकता र मार्गदर्शनको एकल स्रोतका रूपमा प्रस्तुत गर्ने सोचलाई चुनौती दिन्छ । पितृसत्ताले समाजमा जरा गाडेको छ । जहाँ नारीहरूलाई दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गरिन्छ र उनीहरूको स्वतन्त्रता, क्षमता र आत्मसम्मानलाई कुण्ठित गरेको छ । यस्तो अवस्थामा आलय उपन्यासका पुरुष पात्रहरू पनि लैङ्गिक विभेदको विरोधी भएर देखिएका छन् । नारीवादी विचारको समर्थन गर्ने पुरुषहरूले नारीहरूलाई केवल नैतिकताको उपदेश दिने होइन बरु उनीहरूको अधिकार, स्वायत्तता र समान अवसरको पक्षमा उभिनु पर्छ भन्छन् ।

*आलय* उपन्यासमा अमन जस्ता सही विचारक पुरुषहरूलाई पितृसत्तात्मक मान्यताहरूप्रति प्रश्न उठाउँदै, समाजमा व्याप्त लैङ्गिक असमानता र शोषणविरुद्ध आवाज बुलन्द गर्दै नारीका असल सहयात्री बनेर उपस्थित गराइएका छन् । यस्तो चेतनाले मात्र समाजमा साँचो समानता र न्यायको स्थापना सम्भव छ भन्ने कुरा देखाउन उपन्यासकार अधिकारी सचेत छिन् ।

### २.२.३ आत्मपहिचान र आत्मनिर्भरता

आत्मपहिचान र आत्मनिर्भरता नारी चेतनाको मूलभूत आधार हो । यसले पितृसत्तात्मक समाजको बन्धनबाट मुक्त हुन र आफ्नो स्वतन्त्र अस्तित्व स्थापित गर्न बाटो बनाएको हुन्छ । नेपाली

ग्रामीण समाजमा अधिकांश महिला त्यसमा पनि *आलय* उपन्यासकी माला जस्ता एकल महिलाहरूले सामाजिक लाञ्छना, आर्थिक असुरक्षा र परम्परागत लैङ्गिक भूमिकाको दबाबको सामना झेलेको हुन्छ । यस्तो सन्दर्भमा नारीको आत्मपहिचानले उनीहरूलाई समाजले लादेका परम्परागत भूमिका जस्तै आज्ञाकारी पत्नी, माता, वा गृहिणीबाट बाहिर निस्केर आफ्नो व्यक्तिगत मूल्य, क्षमता र इच्छालाई पहिचान गर्न प्रेरित गरेको हुन्छ ।

माला जस्ती चेतनशील नारीको आत्म-पहिचानको चेतनाले उनलाई यस्ता सामाजिक धारणाहरूलाई चुनौती दिँदै आफ्नो गरिमा र सम्भावनालाई अंगाल्न सिकाएको छ । नेपाली ग्रामीण समाजमा महिलाहरूलाई आर्थिक रूपमा परिवार वा पुरुषमा निर्भर रहन बाध्य पारिन्छ । सम्पत्तिमा सीमित पहुँच, रोजगारीका अवसरहरूको अभाव र सामाजिक अपेक्षाहरूले महिलाको आर्थिक स्वतन्त्रतालाई बाधा पुऱ्याएको हुन्छ । तर आलय उपन्यासमा माला, मुमताज, तनुजाजस्ता आत्मनिर्भरताको चेतना बोकेका महिला मार्फत शिक्षा, सीप विकास र आर्थिक गतिविधिमार्फत स्वावलम्बी बन्न प्रेरित गरेको छ ।

*आलय* उपन्यासमा नारीको आत्मनिर्भरताको खोजीले नारीको पहिचानलाई गहिराइसम्म पुऱ्याएको छ । मालालाई आमा हुनुको गर्व बोध छ । उसले आमा हुनुको दायित्व बुझेकी छ । माला आफ्नी सानी छोरी बुलबुलको भविष्यप्रति चिन्तित छे । उसको मनमा उत्पन्न भएको सन्तानको भविष्य सुखद बनाउने प्रण र साहस यसरी अभिव्यक्त भएको छ, “जसरी हुन्छ आफ्नै काखमा हुर्काउँछु म मेरी छोरीलाई । हातले बम खेलाउनु परे पनि दिमागमा फूल अटाउने कला सिकाउँछु म छोरीलाई” (पृ. ५७) । प्रस्तुत अभिव्यक्तिले माला जस्ती चेतनशील नारीमा भएको सशक्तीकरण, आत्मनिर्भरता र भावनात्मक संवेदनशीलताको संयोजनलाई गहिरो र भावनात्मक ढंगले व्यक्त गरेको छ साथै एक आमाको आफ्नी छोरीप्रतिको प्रेम, जिम्मेवारी र सशक्त भविष्य निर्माण गर्ने दृढ सङ्कल्पलाई झल्काएको छ । यसमा नारीको सशक्तीकरण, आत्मनिर्भरता र भावनात्मक सन्तुलनको सन्देशलाई गहिरो र प्रतीकात्मक रूपमा व्यक्त गरिएको छ । ‘जसरी हुन्छ’ भन्ने सङ्कल्पले आमाको दृढता, ‘हातले बम खेलाउने’ कला सिकाउनुले छोरीको साहस र शक्ति र ‘दिमागमा फूल अटाउने’ कला सिकाउनुले उनको भावनात्मक र बौद्धिक गहिराइलाई जोड दिएको छ । *आलय* उपन्यास नेपाली समाजमा नारीको परम्परागत भूमिकालाई चुनौती दिँदै उसलाई बहुआयामिक, सशक्त र सृजनशील व्यक्तित्वको रूपमा स्थापित गर्ने सन्देश दिन सक्षम छ ।

नेपाली समाजमा नारीको अनुभूति प्रायः उनको दैनिक जीवनका अनुभवहरूबाट आकार लिन्छ । गाउँघरमा बिहान सबेरै उठेर घरायसी काममा जुट्ने, खेतबारीमा श्रम गर्ने, परिवारको हेरचाह गर्ने र सामाजिक रीतिरिवाज पालना गर्ने जिम्मेवारीले नारीको जीवनलाई परिभाषित गर्छ । यस्ता दैनिक कार्यहरूमा यस उपन्यासकी नारी पात्र मालाको धैर्य, समर्पण र सहनशीलता झल्किन्छ तर यिनै कार्यहरूले उसको व्यक्तिगत आकांक्षा र सपनाहरूलाई पृष्ठभूमिमा धकेल्ने गरेको प्रसङ्ग यसरी उजागर भएको छ, "हरेक दिन ब्युझँदा मसँगै बिउझिन्छ एउटा दुर्बल दिन र निदाउँदा सँगै निदाउँछ दुर्भाग्यको छोटो परिधि" (पृ. ४९) । यो भनाइले नारी पात्र मालाको आन्तरिक द्वन्द्व र परम्परागत समाजको संरचनागत बाधाहरूलाई मार्मिक रूपमा प्रस्तुत गरेको छ । यसले उसको जीवनलाई निराशाजनक चक्रमा बाँधेर राखेको छ । तथापि यो वाक्यले मालाको संवेदनशीलता र आत्मचेतनालाई पनि उजागर गरेको छ । यसले मालाको गौरवबोध र विद्रोहको सम्भावनालाई संकेत गरेको छ चाहे त्यो मौन रूपमा नै किन नहोस् । यो भनाइले मालाको जीवनको कठोर यथार्थ र उनको आन्तरिक शक्तिको सूक्ष्म झलकलाई एकसाथ प्रस्तुत गरेको छ ।

*आलय* उपन्यासका तनुजा, माला, मुमताज जस्ता नारी पात्रहरूले आर्थिक आत्मनिर्भरताको खोजलाई आफ्नो पहिचानको आधार बनाएका छन् । मुमताजले विदेशिएर भए पनि आर्थिक रूपमा आफूलाई निर्भर र स्वतन्त्र बनाएकी छे । मालाले शिक्षण पेशाबाट आफूलाई आत्मनिर्भर बनाएकी छ भने तनुजाले पनि आफ्नो कडा मेहेनतले सरकारी जागिरमा नाम निकालेकी छ । उनीहरू परिवार र समाजको नजरमा निरीह नभएर उच्च स्थानमा छन् । आर्थिक भर भएका कारण उनीहरू आफ्नो निणर्य आफैँ गर्न स्वतन्त्र छन् । आफ्नै निणर्य र विवेकका कारण आफूलाई धोका दिएको थाहा पाएपछि आफूले मन पराएको प्रेमीलाई समेत त्यागेकी छ तनुजाले र स्वतन्त्र भएर बसेकी छ । माला परिवारमा घरमुली भएर हरेक कुरामा स्वतन्त्र निणर्य लिन सक्ने हैसियत बनाएर बसेकी छ । उसको परिवारमा ससुरा हुँदाहुँदै उसैको शासन चल्छ भन्ने कुरा यसरी पुष्टि हुन्छ :

> खल्तीमा ३२ हजार हालेर बनाएको योजनाले १६ लाख काट्यो । आफैँसँग पैसा र आफैँसँग योजना । अर्थात्, पैसा, कर्तव्य र जिम्मेवारी पनि आफैँसँग हुँदा त्यति मजा हुँदोरहेनछ । अमन भएका भए जिम्मा लाइ दिन्थैँ, लौ के गर्नु पर्छ गर्नु भनेर । तर बा त हुनुहुन्छ नि । बालाई पैसा दिएर एउटा गाई हेर्नु भन्छु । (पृ. १२७)

*आलय* उपन्यासकै परिवेशलाई हेर्दा विगतमा अधिकांश महिलाहरू घरेलु काममा सीमित थिए । उनीहरू निणर्यविहीन थिए । उनीहरू पुरुषहरूको शासनमा शासित थिए । तर शिक्षा र रोजगारीका अवसरहरूले त्यही समाजका मालाहरू स्वतन्त्र रूपमा बाँचेका छन् । माला, तनुजा, मुमताजहरूको आत्मनिर्भरताले सामाजिक हैसियत र आत्मसम्मानलाई बलियो बनाएको कुरा आलय उपन्यासमा अभिव्यक्त भएको छ ।

### २.२.४ नारीप्रतिको सङ्कीर्णताका विरुद्धको चेतना

नारीप्रतिको सङ्कीर्णता भनेको समाजमा उनीहरूमाथि गरिने भेदभाव, अत्याचार र तिनीहरूलाई कमजोर ठान्ने गलत सोच हो । यो सोचले नारीलाई अवसर, सम्मान र स्वतन्त्रताबाट वञ्चित गर्छ । समाजमा यस्ता सङ्कीर्ण विचारहरू लामो समयदेखि जरा गाडेर बसेका छन् । तर आजको समयमा यस्ता सोचका विरुद्ध चेतना जगाउनु आवश्यक छ । नारी पनि पुरुषसरह सक्षम र समान छन् भन्ने कुरा बुझाउनु आजको आवश्यकता हो ।

हाम्रो समाजमा पहिलेदेखि नै नारीलाई घरको काममा सीमित राख्ने, शिक्षाबाट टाढा राख्ने र निर्णय लिने अधिकार नदिने चलन छ । कतिपय ठाउँमा छोरीलाई बोझ ठानिन्छ र उनीहरूलाई स्वतन्त्र रूपमा बाँच्न दिइँदैन । यो सङ्कीर्ण सोचले नारीको आत्मविश्वास र आत्मसम्मानलाई कमजोर बनाउँछ । हाम्रो गाउँघरमा अझै पनि छोरीलाई स्कूल नपठाएर घरको काममा लगाउने चलन छ । यस्तो व्यवहारले नारीको प्रगति र समाजको समग्र विकासमा बाधा पुग्छ ।

घरको कामकाज जति सबै नारीले गर्नु पर्ने र घरको मूल साँचो पुरुषले लिनु अन्याय हो । *आलय* उपन्यासमा माला क्षेत्री यस्तो संकीर्णताको विरोध गर्छे । ऊ नारीहरू घरभित्र मात्र सीमित हुनु हुन्न भन्छे । घरको सारा काम नारीले गर्ने र घरको मूली पुरुष हुने प्रचलनप्रति उसको विरोधको स्वर यसरी अभिव्यक्त भएको पाइन्छ :

> नारीले दैलो पोत्छे, नारीले चुल्हो फुक्छे । दशनङग्री गरेर अन्न थुपार्छे । तर ढुकुटीको साँचो पुरुषले बोक्छ । नारी घर कुरेर बस्छे, भात कुरेर बस्छे, पुरुष डुलेर हिँड्छ र बास बस्न मात्र आउँछ । आमा हुन् या पत्नी,घर मुली नारी नै हुनु पर्छ । (पृ. २८)

नारीप्रतिको सङ्कीर्णताका विरुद्ध चेतना जगाउनु भनेको समाजलाई यो कुरा बुझाउनु हो कि नारी र पुरुषमा कुनै भेद छैन । नारीले पनि हरेक क्षेत्रमा आफ्नो क्षमता देखाउन सक्छे । महिलाहरू डाक्टर, इन्जिनियर, शिक्षक, नेता र खेलाडी आदि बनेर समाजमा योगदान दिइरहेका छन् । कतिपय

ठाउँमा मानिसहरूले पुरानो सोच त्यागेर नारीलाई अवसर दिए त्यसैले यो सम्भव भएको छ । तर यो चेतना अझै पनि सबैतिर फैलिन बाँकी नै छ ।

*आलय* उपन्यासमा ग्रामीण समाजमा भएको नारीप्रतिको सङ्कीर्णताका विरुद्धको चेतना प्रखर रूपमा व्यक्त भएको छ । नेपाली समाजमा नारीप्रतिको सङ्कीर्णता लामो समयदेखि गहिरिएर बसेको सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक समस्या हो । यो सङ्कीर्णता पितृसत्तात्मक संरचना, परंपरागत रूढिवाद र लैङ्गिक असमानताको मानसिकतामा आधारित छ । तर आजको समयमा नारीहरूले यो सङ्कीर्णता विरुद्ध चेतना जगाउँदै आफ्नो अधिकार, सम्मान र स्वतन्त्रताको लागि सशक्त आवाज उठाइरहेका छन् ।

*आलय* उपन्यास नेपाली ग्रीमण परिवेशको कथा हो र यहाँ नारीप्रतिको सङ्कीर्ण भावना परम्पराकै रूपमा रहेको पाइन्छ । नारी प्रतिको सङकीर्णताका विरुद्ध माला, तनुजाले गाउँमा नयाँ चेतना जगाएका छन् । उनीहरूले समाजले नारीलाई साँगुरो घेरामा राख्न खाजेको कुरा बुझेका छन् । त्यसैले उनीहरू घरबाहिर जुन काम पुरुषले गरेका छन् त्यही काम गर्न निस्केका छन् ।

माला गाउँभरिका युवाहरू पलायन भएको देखेर घरगृहस्थीको बागडोर आफ्नो हातमा आएको जिम्मेबारी महसुस गर्छे । बाँझो खेत पटपटी फुटेको देखेपछि समाजको पर्वाह नगरी ऊ छिमेकीका गोरु मागेर ल्याउँछे । परम्परादेखि पुरुषले मात्र जोतिआएको कुराले उसलाई बाँध्न सक्दैन । ऊ आफैँ गोरु नारेर जोत्न थाल्छे । जोत्दाजोत्दै आइपुगेका गाउँका एक पुरुषको नारीप्रतिको सङ्कीर्ण सोच यसरी अभिव्यक्त भएको छ, “हेर हेर गोरु खुस्किगएछन् नि । आइमाइले जोत्नु हुँदैन भनेको यही भएर हो” (पृ. ११७) । यो भनाइले परम्परागत समाजमा महिलाहरूलाई पुरुषसरह कठिन वा परम्परागत रूपमा पुरुषको काम मानिने कार्यहरू (जस्तै हलो जोत्ने) गर्न नहुने भन्ने रूढिगत मान्यताको व्यङ्ग्यात्मक चित्रण गरेको छ । माला जस्ता चेतनशील महिलाले पुरुषसरह काम गर्दा समाजले उनको प्रयासलाई स्वीकार गर्नुको सट्टा हाँसो, आलोचना वा असफलताको ठट्टा गर्ने प्रवृत्तिलाई उजागर गरेको छ । ‘गोरु खुस्किगएछन्’ भन्ने अभिव्यक्ति महिलाको कामलाई अपूर्ण वा अक्षम ठान्ने मानसिकताको प्रतीक हो जुन समाजले लादेको लैङ्गिक सीमाको परिणामस्वरूप यस उपन्यासमा आएको छ । यो भनाइले महिलाले परम्परागत सीमाहरू तोड्न खोज्दा उनीहरूलाई हतोत्साहित गर्ने र उनीहरूको क्षमतालाई अवमूल्यन गर्ने सामाजिक दृष्टिकोणलाई नाङ्गो रूपमा प्रस्तुत गरेको छ ।

समाजको सङ्कीण मानसिकताका विरुद्ध सचेत मालाले हतोत्साहित नभई आफ्नो कार्यलाई निरन्तरता दिइरहन्छे । उसको कार्यलाई उपन्यासकार अधिकारीले यसरी चित्रण गरेकी छन् :

> एकछिन् यसो हेरेजस्तो गरेर उनी गए, म जोत्न थालेँ, हह बाँके, हह मिर्गे । काम गर्दा दुख भैहाल्छ नि । हिजो पनि सुखले गरेकी कहाँ हुँ र । खुट्टा लगलग काम्थे, भुइँतिर हेर्यो रिँगटा चल्थ्यो । आँखा चिम्लेर मन दह्रो पारेर छानो टालेथेँ । (पृ. ११७)

नेपाली समाजमा नारीप्रतिको सङ्कीर्णता अर्थात् लैङ्गिक भेदभाव, पितृसत्तात्मक मानसिकता र परम्परागत बन्धनहरूविरुद्ध चेतनाको विकास अपरिहार्य छ । यस्तो चेतनाले पुरुष र नारी दुवैलाई लैङ्गिक समानताको महत्त्व बुझाउँछ । नारीले 'यसो गर्नु हुन्न, उसो गर्नु हुन्न' भन्ने सामाजिक मान्यताहरूले नेपाली समाजलाई साँघुरो बनाउँछन् । त्यस्ता प्रतिबन्धहरूले नारीको स्वतन्त्रता, रचनात्मकता र सम्भावनालाई दबाउँछन् । नारीले घरबाहिर काम गर्नुहुन्न, नेतृत्व लिनुहुन्न वा स्वतन्त्र निर्णय गर्नुहुन्न भन्ने धारणाले लैङ्गिक असमानता र सामाजिक पछौटेपनलाई बढावा दिन्छ । यस्ता नारीलाई, परिवारलाई, समाजलाई र राष्ट्रलाई नै पछि पार्ने सङ्कीण सोचप्रति आलय उपन्यासले पात्रका कार्यव्यापार मार्फत खण्डन गरेको छ ।

समाजले महिलालाई पुरुषसँग जोडेर मात्र परिभाषित गर्ने प्रवृत्तिले पितृसत्तात्मक संरचनालाई उजागर गर्छ । यो संरचनाले महिलालाई स्वतन्त्र अस्तित्वको रूपमा स्वीकार गर्न अस्वीकार गर्छ, जसले उनलाई सामाजिक शोषणको सिकार बनाउँछ । नारीमाथिको सामाजिक शोषण नेपाली समाजमा गहिरोसँग जरा गाडेर रहेको समस्या हो जसले नारीको स्वतन्त्रता, सम्मान र अवसरलाई कुण्ठित बनाएको छ । पितृसत्तात्मक संरचनाले नारीलाई आर्थिक, सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक रूपमा शोषण गर्दै आएको छ । घरेलु हिंसा, लैङ्गिक भेदभाव, कार्यस्थलमा असमान ज्याला, छुवाछूत र सामाजिक कुरीतिहरूजस्ता शोषणका रूपहरूले नारीको प्रगति र आत्मनिर्भरतालाई अवरुद्ध पारेका छन् ।

हाम्रो समाजमा अझै पनि नारीको लागि आफूले मन पराएको व्यक्तिसँग प्रेम गर्नु अपराध मानिन्छ । अझै गरिब वर्गकी नारीले उपल्लो वर्गको पुरुषलाई त सोझो आँखाले समेत हेर्नु पाप हो भनिन्छ । यसो गरेमा समाजको दृष्टिमा नारी कलङ्कित हुन्छे । पुरुषले आफूले चाहेअनुरूपको सम्बन्ध राख्ने अधिकार पाउँछ तर नारीले आफ्नो इच्छा अनुसारको सम्बन्ध राख्नु पितृसत्तात्मक समाजको दृष्टिमा अपराध ठहरिन्छ । नारीलाई आक्रमण गर्ने सबैभन्दा ठूलो अस्त्र उसको चरित्रमाथि प्रश्न

उठाउनु र नैतिक दृष्टिले पतित बनाउनु हो । यसो गर्न हर समय समाज उद्धत रहन्छ । *आलय* उपन्यासमा नारीले कुनै पुरुषलाई प्रेम गर्नु पनि ठूलै अपराध ठानिने समाज परिवेशका रूपमा आएको छ । त्यही समाजको पितृसत्तात्मक सोचले ग्रस्त मालाकी भाउजू "खुब पढेलेखेकी बहिनी भन्नुहुन्थ्यो नि । के के पढ्दैरैछिन् स्कुलमा । पढ्यो कि सड्यो" (पृ. ९३) भन्दै मालाप्रति शङ्कास्पद दृष्टिकोण राख्दछे । यहाँ नारीकै नारीप्रतिको सङ्कीर्ण दृष्टिकोण अभिव्यक्त भएको छ ।

पितृसत्तात्मक समाजमा नारीलाई मुख्यतः गृहिणीको भूमिकामा सीमित राख्ने प्रयास गरिन्छ । शिक्षा जस्तो माध्यमले नारीमा स्वतन्त्र चेतना, प्रश्न गर्ने क्षमता र आत्मनिर्भरता जागृत गर्छ जुन कुरा पितृसत्ताका लागि खतरा हो । यस्तो समाजमा मालाकी भाउजू जस्ता अनपढ नारीहरू आफैँ यो व्यवस्थाको शिकार भएका हुन्छन् र उनीहरूले पितृसत्ताका मूल्यहरूलाई पूर्ण रूपमा आत्मसात् गरेका हुन्छन् । शिक्षा लिएकी नारी समाजले स्वीकार गर्दैन र एक्ली पर्छे भन्ने उनीहरूलाई लाग्छ ।

परम्परादेखि नै सामाजिक तहका विभिन्न क्षेत्रहरूमा नारीहरू उत्पीडित नै छन् र कुरूप सामाजिक व्यवस्थाको साङ्लोमा जकडिएका छन् । सामाजिक संरचनाका सबै क्षेत्रहरूबाट उत्पीडनमा पारिएको भन्ने बोध माला क्षेत्रीमा छ । ऊ सचेत छ र त्यस्तो विसङ्गतिको अन्त्य हुनु पर्छ भन्नेतर्फ दृढ छ । परम्परा, मूल्य, मान्यता र संस्कारको नाममा नारीहरूमाथि थोपरिएका शोषणका जालहरूलाई समाजबाट बहिस्कार गर्नुपर्छ भन्नेतर्फ मालाको ध्यान पुगेको छ । त्यसैले ऊ पितृसत्तात्मक सामाजिक व्यवस्थाद्वारा निर्मित नारी अस्मिता र प्रत्येक पाइलाहरूमा समाजद्वारा मूल्याङ्कन गरिने अस्तित्वको लेखाजोखाका घेराबाट बाहिर निस्कनु पर्छ र दासत्वका साङ्लाहरू चुँडाल्नु पर्छ भन्ने चिन्तन उसले आफ्नो प्रेमका लागि समाजको पर्वाह नगरी अमनको घरमा पुगेको यस प्रसङगबाट छर्लङ्ग भएको छ :

> झमक्क साँझ परेका बेला त्यति ठूलो जङ्गल काटेर, खोला तरेर, खरबारीको उकालो काटेर, स्याँ स्याँ र फ्याँफ्याँ गर्दै उनको घर पुगेकी थिएँ म । उनी दुवै घुँडाले हतासे ढुङ्ग्रो च्यापेर गाई दुहुँदै रहेछन् । त्यही गोठको बारको आडमा उभिएर मैले सासै नफेरी जम्मै कुरा सुनाएँ । (पृ. ९३)

मालाको यो भनाइले नेपाली परम्परागत समाजमा जातीय र सामाजिक अपेक्षाहरूको बिरुद्धमा उभिने नारीको साहसलाई उजागर गरेको छ । मालाको प्रेमी अमनको घरसम्मको यात्रा केवल भौतिक यात्रा मात्र होइन बरु सामाजिक र पारिवारिक दबाब, कुरा काट्ने समाज र रूढिगत

मान्यताहरूको बिरुद्धमा उनको आत्मनिर्णय र प्रेमप्रतिको निष्ठाको यात्रा हो । 'झमक्क साँझ परेका बेला' र 'स्याँ स्याँ र फ्याँफ्याँ' जस्ता वाक्यांशहरूले समयको प्रतिकूलता र शारीरिक थकानलाई जीवन्त रूपमा चित्रण गरेको छ । जङ्गल, खोला र उकालो जस्ता प्राकृतिक बाधाहरूले उनको बाटोमा आएका सामाजिक र सांस्कृतिक अवरोधहरूको रूपकको रूपमा काम गरेको छ । 'गोठको बारको आडमा' भन्ने वाक्यांशले एक गोप्य र निजी क्षणलाई सङ्केत गरेको छ जहाँ उसले सामाजिक नजरबाट लुकेर आफ्नो मनको बोझ र यथार्थलाई प्रेमीसमक्ष व्यक्त गरेकी छ । 'सासै नफेरी' भन्ने अभिव्यक्तिले उसको भावनात्मक तनाव, हतार र सत्य बाहिर ल्याउने तीव्र इच्छालाई प्रष्ट पारेको छ । उसको प्रेम र सत्यप्रतिको प्रतिबद्धताको गहिराइलाई झल्काएको छ । जात व्यवस्थाले ग्रस्त समाजमा रहेको मालाको परिवारले माला र अमनको अन्तरजातीय सम्बन्धको बारेमा थाहा पाएपछि समाजको कुरा काट्ने प्रवृत्तिको सामना गर्नु परे पनि उनले रातको समयमा प्रेमीको घर पुगेर यथार्थ बताउने निर्णय गर्नु उनको स्वायत्तता, साहस र प्रेमप्रतिको बफादारीको प्रमाण हो । यो अंशले नेपाली समाजमा प्रेम, विवाह र नारीको स्वतन्त्रतामाथि लगाइएका बन्देजहरूको बिरुद्धमा एक युवतीको विद्रोहलाई सशक्त रूपमा प्रस्तुत गरेको छ ।

नारीहरूमा आफ्नो अधिकार, स्वतन्त्रता र सम्भावनाप्रति जागरूकता ल्याउने प्रक्रिया नै नारी चेतना हो । यो चेतनाले महिलाहरूलाई आफ्नो मूल्य बुझ्न, सामाजिक बन्धन र असमानताबाट मुक्त हुन र आफ्नो जीवनमा सकारात्मक परिवर्तन ल्याउन प्रेरित गर्छ । नारी चेतनाले व्यक्तिगत र सामुदायिक स्तरमा सशक्तीकरणको बाटो खोल्छ । *आलय* उपन्यासले यही कार्य गरेको छ । यसमा माला भित्रको नारी चेतनाले समाजप्रति विद्रोह गर्न सक्ने ताकत निर्माण गरिएको छ । यसले समाजमा समानता र न्यायको आधार तयार गर्न मद्दत पुग्दछ ।

### २.२.५ सांस्कृतिक शोषण विरुद्धको चेतना

संस्कृति भनेको कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, कला, साहित्य, भाषा, धर्म, दर्शन, इतिहास र परम्पराहरूको समग्र रूप हो । संस्कृति समाजमा मानिसहरूले आफ्नो जीवन बाँच्ने क्रममा बनाएका रीतिरिवाज, विश्वास र व्यवहारहरूबाट बन्छ । यो पुस्ताहरूमा हस्तान्तरण हुँदै जान्छ । तर इतिहासमा संस्कृतिको विकास हुँदा नारी र पुरुषलाई बराबर महत्त्व दिइएको छैन । धेरैजसो धर्म, कानुन र परम्पराहरूले पुरुषलाई अगाडि राखेर नियम बनाएका छन् । यसले नारीहरूलाई कमजोर बनाउने र उनीहरूको अधिकारलाई सीमित गर्ने काम गरेको छ । कतिपय

परम्पराले पुरुषलाई घरको मुखिया मान्छ र नारीलाई दोस्रो दर्जाको व्यवहार गरिन्छ । यस्ता नियम र मान्यताहरूले नारीमाथि शोषण र अन्यायलाई बढावा दिएको छ ।

संस्कार संस्कृतिकै रूपमा परम्परामा हुर्केको जात व्यवस्थाले पनि समाजलाई विभाजनतर्फ डोऱ्याएको छ । जात व्यवस्थाले हिन्दु धर्मको नाममा सामाजिक एकता, समानता र मानवतामाथि गम्भीर असर पारेको छ । यसले समाजलाई विभाजित र कमजोर बनाएको छ जसको प्रभाव आज पनि विभिन्न रूपमा देखिन्छ । यस्ता असमान परम्परालाई हटाएर समावेशी र समानतामूलक समाज निर्माण गर्नु आजको आवश्यकता हो । हिन्दु आर्य संस्कृतिको आडमा मौलाएको जात व्यवस्थाले समाजमा नराम्रो गरी विखण्डन ल्याएको छ । यो कुरालाई आलय उपन्यासकी मुख्य पात्र मालाले बुझेकी छ । ऊ पढेलेखेकी शिक्षित नारी हो । क्षेत्रीको घरमा जन्म लिएर ब्राम्हणको छोरासँग प्रेम बिबाह गरेकी माला समाजका सांस्कृतिक मान्यताका रूपमा रहेका खराब पक्षहरूको विरोध गर्छे । कथित उच्च जात भनिनेका घरमा समाजले तल्लो जात भनेर छुट्याएका जातका मानिसहरू प्रति आफ्नै घरमा भएको विभेदप्रति मालाको असन्तुष्टि यसरी पोखिएको छ :

> बाका भाँडा दलानको खोपामा बस्थे । बज्यैले 'भात थाप जेठा' भनेपछि बा त्यही थालमा थाप्नुहुन्थ्यो र कामपछि उही खोपामा राख्नुहुन्थ्यो । म भर्खर भागेर आएकी मान्छे । सोचिरहन्थेँ– यो घरमा कहिले मान्छे मान्छेजस्ता देखिएलान् ? कहिले होला श्रमको पूजा ? कहिल्यै बुझ्लान् मान्छेलाई मान्छे जस्तो गरिएन भने कुनै दिन विस्फोट हुन्छ भनेर ? (पृ. ९६)

प्रस्तुत उद्धरणमा भर्खरै ब्राह्मणको छोरा अमनसँग प्रेममा परेपछि भागेर बिहे गरेकी क्षेत्रीकी छोरी मालाको सांस्कृतिक शोषण विरुद्ध गहिरो चेतना अभिव्यक्त भएकोछ । माला त्यही घरको हलीकी छोरी हो । यसमा अभिव्यक्त भएको 'बाका भाँडा दलानको खोपामा बस्थे' र 'भात थाप जेठा'ले हलीलाई भाँडासरह व्यवहार गरिएको क्रूरता उजागर गरेको छ । यो श्रमिकको आत्मसम्मानमाथिको निरन्तर अपमान हो । 'भर्खर भागेर आएकी' आफूलाई पराई ठान्ने बुहारीको पराइपनले घरभित्रको अन्याय स्पष्ट देखाएको छ । बाल्यकालमै बाबुलाई गरिएको जातीय भेदभाव देखेकी माला त्यही घरकी बुहारी भएर अब साक्षी बन्दैछे र जातीय र वर्गीय विभेदका विरुद्ध असन्तुष्ट छे । ऊ आफनै घरभित्र भएको विभेदका विरुद्धमा प्रश्न गर्छे, 'यो घरमा कहिले मान्छे मान्छेजस्ता देखिएलान् ? कहिले होला श्रमको पूजा ?' यो अभिव्यक्तिले मालाभित्रको जातीय

श्रेष्ठताविरुद्ध विद्रोह उजागर गरेको छ । 'मान्छेलाई मान्छे जस्तो गरिएन भने विस्फोट हुन्छ' भन्नु मालाको चेतना अभिव्यक्त भएको हो । सांस्कृतिक शोषण तोड्न श्रम र मानवताको सम्मान गरिनुपर्छ भन्ने कुरालाई यस उपन्यासमा उपन्यासकार अमला अधिकारीले राम्ररी चित्रण गरेकी छन् ।

समाजमा सांस्कृतिक शोषण छ । यसको अन्त्य हुनु पर्छ भन्ने उच्च विचार *आलय* उपन्यासकी मुख्य नारी पात्र मालाको छ । समाजमा सबै मानिसहरूले बराबरीमा बाँच्न पाउनु पर्छ । संस्कार र संस्कृतिका नाममा हुने यस्ता विभेदहरूको अन्त्य हुनु पर्छ भन्ने भावना उसमा विकसित भएको देखिन्छ । ऊ आफैँ पनि क्षेत्रीकी छोरी हो तर समाजले बनाएको नियम तोडेर उपल्लो जातको प्रेमीसँग भागी विवाह गरेकी छ । आफ्नै घरमा संस्कार र संस्कृतिको आडमा मौलाएको कुसंस्कारप्रति उसलाई सह्य हुन्नथ्यो । उसलाई आफ्नै घर पनि सामन्ती प्रथाको उच्च नमुनाजस्तै लाग्थ्यो भन्ने कुरा यस कथनबाट थाहा हुन्छ :

> हाम्रो घर सामन्ती प्रथाको उच्च नमुनाजस्तै लाथ्ग्यो । त्यतिखेर कथित तल्लो जातिलाई न्यून ज्यालामा वा सघाउने हिसावले काममा लगाउने चलन थियो । खाना खाँदा उनीहरू न पिरामा बस्न पाउँथे न त थालमा खान पाउँथे । आँगनको पल्लोछेउमा टुक्रुक्क बसेर केराको बुङ्गोमा भात खान्थे । (पृ. ९५)

उपर्युक्त सन्दर्भले नेपाली परम्परागत समाजमा गहिरिएर बसेको वर्गीय र जातीय विभेदको चित्रण गर्दै सामाजिक अन्यायप्रति सचेत नारी पात्र मालाको विद्रोही स्वरलाई उजागर गरेको छ । मालाले आफ्नै परिवार र समाजमा व्याप्त सामन्ती मानसिकता र उचनिचको भावनालाई तीव्र आलोचनात्मक दृष्टिकोण राखेकी छ । यसले सामाजिक संरचनामा जकडिएको जातीय शोषणको यथार्थलाई प्रस्ट पारेको छ । “सामन्ती प्रथाको उच्च नमुना” भन्ने वाक्यांशले उनको घरलाई वर्गीय र जातीय श्रेष्ठताको केन्द्रको रूपमा चित्रण गर्छ, जहाँ कथित तल्लो जातका मानिसहरूलाई न्यून ज्याला वा सित्तैंमा काममा लगाउने र उनीहरूलाई आधारभूत मानवीय सम्मान जस्तै पिरामा बस्ने वा थालमा खाने अधिकारसमेतबाट वञ्चित गर्ने प्रथालाई जनाएको छ । यो अंशले नेपाली समाजमा जातीय भेदभाव र सामाजिक असमानताको गहिरो जरा भएको यथार्थलाई उजागर गरेको छ । साथै मालाको चेतनशील स्वरले यस्ता अन्यायपूर्ण प्रथाहरूप्रति प्रश्न उठाउँदै सामाजिक सुधारको आवश्यकतामाथि जोड दिएको छ ।

समाज सुधार गर्नु छ भने आफ्नै घरबाट सुरु गर्नु पर्छ भन्ने भावना बोकेकी *आलय* उपन्यासकी मुख्य पात्र माला सामाजिक विभेदको खुलेर विरोध गर्ने चेतनशील नारी हो । उसकै जस्तो चेतनाले भरिएका उसका श्रीमान् अमनले आफ्नै घरमा भएको यस किसिमको विभेदप्रति यसरी विरोध गरेका छ, "काम लाएपछि पुरै ज्याला दिनु पर्छ । पिरामा बसेर थालमा खान दिनु पर्छ । जसरी हामी खान्छौ" (पृ. ९५) । मानिस मानिसबिचको विभेदका विपक्षमा उभिएको अमन क्षेत्री आफ्नै मातापितासँग विद्रोह गर्छ । जातका आधारमा ज्याला निर्धारण गर्नुलाई स्विकार्दैन । मानिस मानिसबिच भेदभाव गरिनु हुन्न भन्दै घरभित्रबाट चेतना फैलाउन सुरु गर्छ । हिन्दु आर्य संस्कृतिअनुसारको जात व्यवस्थाले नेपाली समाजका मानिसलाई कहिल्यै समान हुन दिएन । मानिसले मानिसलाई गर्ने भेदभावले समाज कहिल्यै समुन्नत हुन सक्दैन । *आयल* उपन्यासमा नेपाली समाजमा गहिरिएर बसेको जातीय भेदभाव र यसले दलित समुदायमा पारेको मनोवैज्ञानिक, सामाजिक र आर्थिक प्रभावलाई गहिरोसँग खोतल्ने काम गरेको छ ।

हाम्रो समाजले संस्कारकै आडमा नारीलाई पुस्तौँपुस्तासम्म पुरुषको पुरकका रूपमा मात्र स्विकार्दै आएको छ । नेपाली समाजमा पुरुषकेन्द्री शासनव्यवस्था गहिरोसँग जरा गाडेर बसेको छ । पितृसत्तात्मक शासन व्यवस्था भएको नेपाली समाजमा ऐतिहासिक रूपमा पुरुषहरूलाई सत्ता, अवसर र प्रभावको केन्द्रमा राख्दै आएको छ । यो व्यवस्थाले लैङ्गिक असमानता, अवसरको अभाव र सामाजिक अन्यायलाई बढवा दिएको छ । जसले महिलालाई हरेक अवसरमा पछि पारेको छ । यो व्यवस्थाले नेपाली समाजमा असमानताको खाडललाई गहिरो बनाएको छ । नेपाली समाजको परम्परागत पितृसत्तात्मक संरचनामा सासू-बुहारी सम्बन्धलाई नियन्त्रण गर्ने शक्तिशाली हतियारका रूपमा सांस्कृतिक शोषण प्रयोग हुन्छ । *आलय* उपन्यासमा मालाको पति अमन जनयुद्धमा बेपत्ता पारिन्छ त्यसपछि मालाकी सासूले उसलाई गरेको व्यवहार नेपाली समाजको प्रतिनिधि समस्याका रूपमा यहाँ हेर्न सकिन्छ :

> घरमा मलाई हेर्ने दृष्टिकोणमा निकै फेरबदल हुन थाल्यो । बुहारी अल्छे, मुखाले, काम नगर्नेजस्ता अनेकौं विशेषण जोडिन थाले । कहिलेकाहीँ सासु भन्नुहुन्थ्यो मेरो फूलजस्तो छोरो यस अलच्छिनाले खाइ । आफ्नो मान्छे नहुनुको पीडा एकातिर थियो । जहान रिझाउन नसक्नुको पीडा अर्कोतिर थियो स सासूलाई बुहारी मन नपर्नु संस्कारजन्य दोष हो जसको भारी हाम्रा सासूजस्ता महिलाले थाहै नपाई बोकीरहेका छन् भनेर चित्त बुझाउँथेँ । ( पृ. ८५)

प्रस्तुत साक्ष्यले पितृसत्तात्मक समाजमा महिलाहरूले सामना गर्ने चुनौती र परिवारभित्रको जटिल सम्बन्धलाई चित्रण गरेको छ । नेपाली समाजमा एकल महिलालाई प्रायः 'अभागी' वा 'बोझ' को रूपमा लाञ्छित गरिन्छ । यस्ता लाञ्छनाले नारीको आत्मसम्मानलाई कमजोर बनाउने गर्छ । पति वेपत्ता भएपछि मालालाई 'अल्छी, मुखाले, काम नगर्ने' जस्ता विशेषणहरूले चित्रित गरी उसको श्रम, योगदान र अस्तित्वलाई नै अवमूल्यन गरिएको कुरा माथिको अभिव्यक्तिबाट पुष्टि हुन्छ । सासूको 'मेरो फूलजस्तो छोरो यस अलच्छिनाले खाई' भन्ने भनाइले बुहारीलाई परिवारको सम्पत्ति हरण गर्ने र छोराको 'शुद्धता' नष्ट गर्ने दोषी ठहऱ्याउँछ । यस्ता कुराले विधवा वा एकल महिलालाई आर्थिक-सामाजिक बोझका रूपमा हेर्ने सांस्कृतिक मान्यतालाई अझ टेवा पुऱ्याउँछ ।

माला जस्ती चेतनशील नारीले समाज एवं परिवारमा रहेको नारीप्रतिको शोषण र विभेदलाई आफ्नो सकारात्मक सोच तथा प्रगतिशील विचारका कारण परिवर्तन गरेर देखाएको कुरा उपन्यासमा चित्रण भएको छ । घरपरिवारप्रतिको उसको असल व्यवहार, छोरीको जन्मले ल्याएको खुसी र मालाको चेतनशील व्यवहारका कारण उसलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको कुरा माला यसरी सम्झन्छे, "यही अबोध बालिकाले हजुरआमाको बुहारीप्रतिको नकारात्मक सोचको औँसीलाई आफूमा स्वाट्टै बिलाइदिई । अब मलाई एकैचोटी दुईटा माया प्राप्त भयो– "छोरीको र आमाको" (पृ. ५७) । मालाकी सासूले पहिले बुहारीलाई 'अल्छीनी' भनी अपमान गरेकी थिई । यसले पुरानो पुस्ताको सांस्कृतिक अन्धविश्वास र छोराप्रतिको अन्धो ममतालाई देखाउँछ । तर चेतनशील बुहारी मालाले आफ्नो धैर्य र मेहनतले सासूको मन परिवर्तन गराइदिएकी छ । नातिनी बुलबुलले हजुरआमाको नकारात्मक सोचलाई आफ्नो बालसुलभ प्रेमले पगालेर बिलाइदिएपछि त्यस्ती प्यारी नातिनी जन्माउने बुहारीप्रति मालालाई सासूको माया प्राप्त भएको कुरा माथिको वाक्यले देखाएको छ । यो परिवर्तनले सांस्कृतिक चेतनाको जित देखाउँछ । पुरानो पुस्ताको अहङ्कार र पूर्वाग्रहलाई नयाँ पुस्ताको माया र समझदारीले भत्काउँदै पारिवारिक सम्बन्धलाई ममता, सम्मान र समानतामा आधारित बनाउन सकिन्छ भन्ने सन्देश *आलय* उपन्यासमा व्यक्त भएको छ ।

*आलय* उपन्यासको परिवेश पनि पुरुषकेन्द्री शासन व्यवस्थामा अडिएको देखिन्छ । माला यस व्यवस्थाप्रति असन्तुष्ट छे । उसलाई थाहा छ, आफ्नो वरपरका आमा-दिदी-बहिनीहरूले शिक्षामा, रोजगारीमा र सामाजिक सम्मानमा बराबरी अवसर पाएका छैनन् । अझै पनि छोरीहरूलाई स्कूलभन्दा चुलो-चौकामा प्राथमिकता दिइन्छ । यस्तो पुरुषकेन्द्री शासनव्यवस्था भएको

समाजमा छोरीहरूले भोग्नुपरेको कष्टका बारेमा मालाले पोखेको असन्तुष्टि यसरी अभिव्यक्त भएको छ :

> छोरीहरूको जीवनमा के के नसोचेको कुरा हुन्छ । छोराहरू पो जन्मेकै घरमा दाह्री कपाल फुलाउँछन् । छोरीहरूलाई त्यो हक छैन । जन्मेकै घरमा जीवन बिताउने छोरीहरूको रहरलाई नियतिले नाङ्गेझार बनाएर सिस्नुपानी लगाउँछ र पठाउँछ अर्काको घरमा जिन्दगी खोज्छ । ऊ भोलि भुपेन्द्रको घरमा जाँदैछे जिन्दगी खोज्न । (पृ. २२४)

नेपाली समाजका नारीहरू छोरीमान्छे हुनु भनेको पराइको धन हुनु हो भन्ने मानसिकता बोकेर त्यहीअनुरूप पराइको धनको बोझिलो हुकाईको मारमा परेका छन् । संस्कृतिका नाममा आफू जन्मेको घरलाई पराईको घर ठान्नु पर्ने बाध्यकारी अवस्था सिर्जना गरिन्छ । माला जन्मँदै विभेदको सिकार भएका नारीहरूप्रति सहानुभूति राख्छे । ऊ धर्म, संस्कार, संस्कृतिका नाममा मौलाएको पितृसत्तात्मक एकाधिकारवादी व्यवस्थाप्रति असन्तुष्टिका सुस्केरा छोड्छे र आफू त्यो नियतिको प्रहारलाई परास्त गर्दै समाजमा चेतना फैलाउन अघि सर्छे ।

हाम्रो समाजले नारीलाई आफ्नो घरमा पनि स्वतन्त्रता दिँदैन । सानैदेखि उनीहरूलाई तिमीले पराइको घर जानुपर्छ, त्यहीँ तिम्रो जीवनको अर्थ छ भन्ने सिकाइन्छ । यो बाध्यता परम्पराको नाममा थोपरिएको पुरुषकेन्द्री शासनको उपज हो । यसले महिलालाई आफ्नो पहिचान र आत्मनिर्भरताबाट वञ्चित गर्छ । विवाहपछि पराइको घरमा गएर उनीहरूले आफ्ना सपनालाई तिलाञ्जली दिन बाध्य पारिन्छ । जतिसुकै पढेलेखेका नारीहरू हुन् उनीहरूलाई घरेलु काम र परिवारको जिम्मेवारीमा बाँधिन बाध्य पारिन्छ । यस्तो समाजको संरचनाप्रति *आलय* उपन्यासका माध्यमबाट लेखक अमला अधिकारी असन्तुष्टि व्यक्त गर्छिन् । उनी यस कुरालाई उजागर गर्न उपन्यासकी प्रमुख पात्र मालालाई अघि सार्छिन् । आफ्नो जीवनसाथी गुमाउनुको भावनात्मक चोट र समाजले थोपरेको अमानवीय व्यवहारप्रति उपन्यासकी नायिका मालाले यसरी प्रश्न गरेकी छ :

> लोग्ने नभएपछि मलाई समाजले सधवा बाँच्न दिँदैन । यो समाजको बौद्धिकता यहाँनिर अति टीठलाग्दो देखिन्छ । समाजले त आँसुको झरीमा रुझेकाहरूलाई धैर्य र साहसको छाताले ओत्याउनुपर्ने होइन र ? तर मैले भनेर कसले मान्छ ? म आफ्नो निर्णायक आफैँ बनेकी छु । हराए पनि, मारिए पनि, जे भए पनि मेरो सम्पर्कमा उनको अवस्थाको जानकारी नआएपछि मैले यो सत्य स्विकार्नुपर्छ -उनी मसँग छैनन् । (पृ. १११)

नेपाली ग्रामीण समाजमा पतिविहीन नारीको पीडा, सामाजिक दबाब र पितृसत्तात्मक संरचनाको क्रूर यथार्थलाई प्रस्तुत साक्ष्यले मार्मिक रूपमा उजागर गरेको छ साथै नारी पात्र मालाको चेतनशील र विद्रोही स्वरलाई समेत प्रस्तुत गरेको छ। यो अभिव्यक्तिमा नारी पात्र मालाले पति अमनको अभावमा समाजले उनलाई सम्मानपूर्वक बाँच्न नदिने र निरन्तर हेला गर्ने, कुरा काट्ने वा दबाब दिने प्रवृत्तिलाई तीखो आलोचनात्मक दृष्टिकोणले प्रस्तुत गरेको छ। 'सधवा बाँच्न दिँदैन' भन्ने वाक्यांशले नेपाली ग्रामीण समाजमा विधवामाथि थोपरिने सामाजिक अपहेलना, रीतिरिवाजका बन्धन र उनको व्यक्तिगत स्वतन्त्रतामाथिको अड्चनलाई प्रस्ट पार्छ, जहाँ विधवाको पहिचान र अस्तित्वलाई पतिको अनुपस्थितिमा समाजले मूल्यहीन ठान्छ । 'समाजको बौद्धिकता यहाँनिर अति टीठलाग्दो देखिन्छ' भन्ने अभिव्यक्तिले सामाजिक मान्यताहरूको पाखण्डीपन र तिनको तर्कहीन प्रकृतिमाथि गहिरो व्यङ्ग्य गरेको पनि छ।

नेपाली समाजमा अझै पनि विधवाहरूलाई सेतो सारीमा बस्न बाध्य बनाइन्छ । सामाजिक बहिष्करण र 'अशुभ' को लाञ्छना लगाउने गरिन्छ । *आलय* उपन्यासकी नारी पात्र मालाले यस कुराको विरोध गर्छे । मालाको पति जनयुद्धमा मारियो या जीवितै छ कसैलाई थाहा हुन्न । उसलाई लोग्ने मरिसकेको भनी सिन्दुर पोते पखाल्न समाजले दवाव दिन्छ तर माला रातो सिन्दुर लगाउँछे, रंगीन पहिरनमा सजिन्छे र समाजको कठोर नियमलाई चुनौती दिन्छे । यो उसको आत्मसम्मान र स्वतन्त्रताको लडाइँ हो । मालाको यो सचेतताले उनलाई कमजोर होइन, सशक्त बनाएको कुरा यसरी अभिव्यक्त भएको छ :

> म आफ्नो निर्णायक आफैँ बनेकी छु । हराए पनि मारिए पनि जे भए पनि मेरो सम्पर्कमा उनको अवस्थाको जानकारी नआएपछि मैले यो सत्य स्विकार्नुपर्छ– उनी मसँग छैनन् । त्यही मसँग नभएको उनका लागि उपहारस्वरूप म प्यारको उच्च नमुना प्रस्तुत गर्न चाहन्छु । म सधैँ आफूलाई सधवा बनाइराख्न चाहन्छु । त्यसैले फाल्दिन सिन्दुर, टीका, चुरा, पोते, धागो जीवनको रङ । (पृ. १११)

अमला अधिकारीले *आलय* उपन्यासमार्फत् मालाका यी अभिव्यक्तिबाट पुरुषकेन्द्री शासन व्यवस्थामा संस्कार, संस्कृति र परम्पराका नाममा नारीमाथि गरिएको अपमानप्रति प्रश्न गर्न सिकाएकी छन् । मालाले आफ्नो हराएको पतिले दिएको सिंदूर पोते उसको प्रेमको उपहार सम्झेर लगाइराख्ने निधो गर्छे । आफ्ना आँखाले आफ्नो पतिको लास नदेखेसम्म विधवाको रूपमा उसले

दिएको उपहार फाल्न ऊ कदापि तयार छैन । परम्पराका नाममा नारीमाथिको दमनका विरुद्धमा ऊ दह्रो भएर उभिन्छे । *आलय* उपन्यासमा पितृसत्तात्मक संरचना र संस्कृतिका नाममा नारीमाथि गरिने विभेदका विरुद्ध समाजले सोच्न बाध्य हुनुपर्ने कुरालाई नारी पात्रका माध्यमबाट अभिव्यक्त गरिएको छ ।

### **२.२.६ नारीको पुनर्विवाहको सवाल**

नेपाली समाजमा पुनर्विवाहलाई अझै पनि पूर्ण रूपमा स्वीकार गरिएको छैन । विशेष गरी ग्रामीण क्षेत्रमा र शहरी समाजमा पनि परम्परागत मान्यता र आधुनिकताको द्वन्द्व भेटिन्छ । परम्पराले पतिलाई परमेश्वर ठानेर विधवाको सतीत्व अनिवार्य गर्दै परिवारको स्थिरता जोगाउन खोज्छ तर उसको स्वतन्त्रता र भावनालाई नकार्छ । आधुनिकताले व्यक्तिगत अधिकारलाई जोड्दै मानसिक स्वास्थ्य र स्वावलम्बन दिन्छ तर पारिवारिक विघटनको जोखिम बोकिरहेको हुन्छ ।

*आलय* उपन्यासकी सचेत र शिक्षित नारी पात्र माला परम्परा र आधुनिकताको द्वन्द्वको जीवन्त प्रतीक बनेकी छ । उसको पति अमन वेपत्ता भए पनि उसले परम्परालाई अँगालेर सासूससुरा, घर र छोरीलाई पतिको नासो ठानेर माया र कर्तव्य निभाउछे । सावित्री र दिदीले पटक पटक दोस्रो विवाहको प्रस्ताव ल्याउँदा अस्वीकार गर्छे तर रातभरि अमनको सम्झनामा छटपटिएर मानसिक पीडा भोग्छे । ऊ व्यक्तिगत सुख र यौनिक आवश्यकता महसुस गर्छे तर परम्परागत, कर्तव्यबोध र मातृत्वको जिम्मेवारीले बाँधिएर विवाहको सोच पन्छाउँछे । उसको यो सङ्घर्षले परम्परा र आधुनिकताको बीचमा उसको जीवनमा केवल मानसिक दुःख मात्र बाँकी रहन्छ । उसले आफ्नो अमनको नाममा जीवन बिताउने परम्परित सोच राखे पनि मालाकी साथी सावित्री भने पुनर्विवाहलाई आफ्नो स्वतन्त्रता र आत्मसम्मानको रूपमा हेर्छे र मालालाई पुनर्विवाहको लागि यसरी दवाव दिन्छे, "हाँस्ने विकल्प हुँदाहुँदै रोएर दिन काट्नेलाई त लाछी भनिन्छ" (पृ. ४२) । सावित्री पतिविहीन भएर एकान्तमा रोएर बस्नुभन्दा आफ्नो स्वतन्त्रताको उपयोग गरेर पुनर्विवाह गर्नु उत्तम हो भन्छे । ऊ अस्तित्ववादी चिन्तन भएकी नारी पात्र हो । माला सचेत हुँदाहुँदै पनि पतिकै सम्झनामा जीवन बिताउने प्रण गरेर परम्परित सोचबाट बाहिर निस्कन नसकेकी पात्र हो । यसरी उपन्यासकारले नेपाली समाजमा भएको आधुनिकता र परम्परित सोच बिचको द्वन्द्वगत समाजको मनोविज्ञानलाई राम्रोसँग चित्रण गरेकी छन् ।

यस उपन्यासमा नारी मनमा उब्जेको मनोवैज्ञानिक आघात र अनिश्चिततालाई राम्ररी प्रस्तुत भएको छ । जनयुद्धमा पति बेपत्ता भएको पृष्ठभूमिमा मुख्य पात्र मालाको मनमा पतिप्रतिको प्रेम, बफादारी र उनको फर्कने आशाको द्वन्द्वलाई उपन्यासकारले गहिराइमा पुगेर चित्रण गरेकी छन् । बेपत्ता पतिको अवस्था (जीवित वा मृत) थाहा नहुँदा पुनर्विवाहको निर्णय लिनु उनको लागि जटिल मनोवैज्ञानिक चुनौती थियो । साथीले पटक पटक बिहेका लागि बाटो देखाइदिँदा उसले आफ्नो अवस्थासँग सम्झौता गरेको कुरा यसरी पोखेकी छे :

> मैले जिन्दगीमा एउटा सम्झौता गरिसकेकी छु कसैसँग । उसको भौतिक शरीर मसँग नभएपनि ऊसँगका सम्झौताहरू जिउँदै छन् । उसैको मायाको चिनोका रूपमा मसँग यो छोरी छे । यसैको मुख हेरेर पनि म बाँकी जिन्दगी घिसार्न सक्छु । यो प्रेम हो, कुनै पाप होइन । (पृ. ४३)

यहाँ मालाले जिन्दगीलाई घिसार्ने कुरा गरेकी छ । जीवन जीउनु र घिसार्नुको फरक उसले पनि बुझेकी छ तर दोस्रो बिहे गरिहाल्ने हिम्मत ऊसँग छैन । अर्को तरिकाले हेर्ने हो भने के दोस्रो बिहे नै सबैथोक हो त ? भन्ने प्रश्न पनि मालाका अभिव्यक्तिबाट उठेका छन् । माला दोस्रो बिहेमा हैन, आफ्नो बेपत्ता भएको प्रेमी पतिको यादमा प्रेम भेट्छे । ऊ पतिको चिनोका रूपमा छोरीलाई हुर्काएर एक योग्य नारी बनाउन चाहन्छे । परम्परागत मान्यता र आधुनिकताको द्वन्द्व यस उपन्यासमा मुख्य पात्रको मनोविज्ञानबाट छर्लङ्ग भएको छ । उपन्यासकारले मुख्य पात्रको मनोवैज्ञानिक, सामाजिक र भावनात्मक यात्राको केन्द्रमा राखेर प्रस्तुत गरेको यो द्वन्द्वले नारीको पुनर्विवाहको सवाललाई जटिल बनाएको छ । जनयुद्धमा बेपत्ता भएको पुरुषकी पत्नीको कथामा बुनिएको यस उपन्यासमा पुनर्विवाहको सवालमा उत्पन्न द्वन्द्वले उसको आत्मनिर्णय, स्वतन्त्रता र समाजसँगको सम्बन्धलाई राम्ररी चित्रण गरेको छ ।

नेपालमा परम्परागत सोचअनुसार महिलाको दोस्रो विवाहलाई अझै पनि पूर्ण रूपमा स्वीकार गरिएको छैन । यो सोच विशेष गरी ग्रामीण क्षेत्रहरूमा र पुराना पुस्ताहरूमा बढी प्रचलित छ । सामाजिक र सांस्कृतिक मान्यताहरूले महिलामाथि दोस्रो विवाहको लागि कडा नियम वा नकारात्मक धारणा राखेको छ । कानुनी रूपमा नेपालको संविधान (२०७२) ले लैङ्गिक समानता र पुनर्विवाहको अधिकारलाई सुनिश्चित गरेको छ । यसले महिलाहरूलाई कानुनी संरक्षण प्रदान गरेको छ तर ग्रामीण र रूढिवादी समुदायमा अझै पनि सामाजिक दबाबले पूर्ण परिवर्तनमा बाधा

पुऱ्याइरहेको छ । यस्तो सोचको पछाडि पितृसत्तात्मक संरचना, धार्मिक मान्यता र सामाजिक लाञ्छनाको प्रभाव छ । हिन्दु परम्परामा विवाहलाई पवित्र र एकपटकको सम्बन्धको रूपमा लिइन्छ र विधवा वा सम्बन्धविच्छेद भएकी महिलाको पुनर्विवाहलाई सामाजिक मर्यादा विपरीत मानिन्छ । यस्तो धारणाले महिलालाई दोस्रो विवाह गर्न सामाजिक दबाब र अपमानको सामना गर्नुपर्ने अवस्था सिर्जना गर्छ । *आलय* उपन्यासको परिवेश सिन्धुलीको विकट ग्रामीण क्षेत्र हो र यहाँका मालाजस्ता शिक्षित नारीहरूमा पनि यो सोचले जरा गाडेको देखिन्छ ।

जनयुद्धमा गोली लागेपछि हराएर बेपत्ता भएको मालाको पति अमन नभेटिएपछि अस्तित्ववादी सोच भएकी मालाकी साथी सावित्रीले दोस्रो विहेको प्रस्ताव ल्याउँछे । हराएको श्रीमान्लाई सम्झेर भर्भराउँदो जवानी खेर नफाल्न सल्लाह दिन्छे । माला यस कुरालाई नकार्छे । परम्परित सोच र कर्तव्यले बाँधिएकी मालाको दोस्रो विहे सम्बन्धी धारणा यसरी अभिव्यक्त भएको छ :

> तेरो मनले अह्यायो । तँ तामाका मुना जस्ता छोराछोरीलाई रछ्यानमा मिल्काएर यौवनको भोक टार्न हिँडिस् । यो कुरा मेरो वशमा छैन । मेरो मनले मान्दैन । म बाँचुन्जेल छोरीलाई ममताको आँचलले ओत्याउँछु । काखमा राखेर सुम्सुम्याउँछु । पढाउँछु, बढाउँछु । ऊप्रतिको कर्तव्य पूर्णरूपले निभाउँछु । मेरा सासूसुराको कत्रो भरोसा छ ममाथि । (पृ. ४३)

मालाले पुनर्विवाहको सन्दर्भमा आफ्नो दृढ अडान र भावनात्मक गहिराइलाई स्पष्ट रूपमा व्यक्त गरेकी छ । 'तेरो मनले अह्यायो, तँ तामाका मुना जस्ता छोराछोरीलाई रछ्यानमा मिल्काएर यौवनको भोक टार्न हिँडिस्' भन्दै उसले साबित्रीको प्रस्तावलाई अस्वीकार गर्छे र 'यो कुरा मेरो वशमा छैन, मेरो मनले मान्दैन' भनेर अमनप्रतिको अटल निष्ठा देखाउँछे । छोरी बुलबुललाई पतिको मायाको चिनो ठानेर 'म बाँचुन्जेल छोरीलाई ममताको आँचलले ओत्याउँछु, काखमा राखेर सुम्सुम्याउँछु, पढाउँछु, बढाउँछु, ऊप्रतिको कर्तव्य पूर्णरूपले निभाउँछु' भन्ने संकल्प गर्छे । सासूससुराको भरोसालाई सम्मान गर्दै पुनर्विवाहभन्दा मातृत्व र कर्तव्यबोधलाई प्राथमिकता दिन्छे । यो कथनले नेपाली समाजको सामाजिक दबाब र आफन्तको आग्रहलाई चुनौती दिँदै नारीको आत्मनिर्भरता, मातृत्वको शक्ति र व्यक्तिगत विश्वासको सम्मानलाई उजागर गरेको छ ।

*आलय*को परिवेश सिन्धुलीको विकट ग्रामीण क्षेत्र हो । ग्रामीण क्षेत्र र रूढिवादी समुदायमा महिलाको दोस्रो विवाह सम्बन्धमा व्यावहारिक रूपमा परिवर्तन ल्याउन निकै गाह्रो छ भन्ने कुरा मालाजस्ता शिक्षित र सचेत नारीहरूमा पनि परिवर्तन नदेखिनुले पुष्टि गरेको छ । अर्को हिसावले

हेर्दा दोस्रो विवाह गर्नु नारीको आफ्नो रोजाइ हो । माला दोस्रो बिहेको पक्षमा छैन तर उसकी साथी सावित्री दोस्रो बिहे गर्नु महिलाको अधिकारको कुरा हो भन्छे । दोस्रो बिहेका पक्षमा रहेकी सावित्रीमा नारीहरूको दोस्रो बिहेबारेको परम्परागत रुढीग्रस्त सोचलाई तोड्न सक्ने हिम्मत छ । उसले महिलाले दोस्रो बिहे गर्न नचाहनुलाई महिलाको कमजोरी ठान्दै मालालाई हिम्मत दिँदै यसो भनेकी छ :

> यही त छ हामी आइमाइहरूको कमजोरी । तँ हराएको भए तेरो लोग्नेले उहिल्यै अर्को बिहे गरिसक्थ्यो । बहुबिबाह हामीले पनि गर्नु हुन्छ । तँ जस्तो आधुनिक मान्छेले यो कुप्रथालाई धोती लाउनै पर्छ माला । परिवर्तन आफैँबाट थाल्नु जरुरी छ । तेरो लोग्ने फर्केर आउँदैन । ( पृ. ४३)

सावित्रीको यो कथनले नेपाली समाजको लैङ्गिक असमानताको कटु सत्य उजागर गरेको छ । नारी वेपत्ता भए पुरुषले तुरुन्तै अर्को विवाह गरिसक्ने समाजमा मालाले पुनविवाह गर्न नसक्नु उसकै कमजोरी हो भन्छे । बहुविवाहलाई आधुनिकताको कसौटी ठानेर मालालाई ‘कुप्रथालाई धोती लाउन’ उक्साउँछे । अमन फर्केर नआउने यथार्थ बोध गराउँछे । परिवर्तन आफैंबाट थाल्नुपर्ने दबाब दिन्छे । नारीको दोस्रो विवाहलाई नेपाली समाजमा अझै पनि नकारात्मक दृष्टिकोणले हेरिन्छ । तर लेखक अमला अधिकारी यस कुरामा सचेत छिन् । उनले मालाभित्रको सचेतता र परम्परित सोचको विरोधाभासलाई चिर्न सावित्री जस्ती नारीलाई पात्रको रूपमा उपस्थित गराएकी छन् । जसले नारीको स्वतन्त्रता र आत्मनिर्णयको अधिकारलाई कुण्ठित गर्छ त्यस्तो समाजको विरोध गरेर समाज रूढिमुक्त बनाउने कुरामा अमला अधिकारीको मेहेनत झल्किएको छ । पितृसत्तात्मक संस्कार र यही संस्कारको रूढिगत मान्यताले विधवा वा एकल नारीलाई दोस्रो विवाहमा सामाजिक बहिष्करण र आलोचनाको डर देखाउँछ । त्यतिले मात्र नपुगेर भगवान्को डर देखाउँछ । यद्यपि सावित्रीजस्ता हिम्मतशाली महिलाका कारण यस्ता लाञ्छनाविरुद्ध आवाज उठाउन सिकाएको छ । समग्रमा परम्पराको सम्मानजनक रूपान्तरण र आधुनिकताको जिम्मेवार अभ्यासले मात्र एकल महिला वा विधवाको गरिमा र समाजको स्थिरता दुबै जोगाउन सकिन्छ भन्ने सन्देश *आलय* उपन्यासले दिन खोजेको छ ।

## २.३ निष्कर्ष

नारीवाद पाश्चात्य जगत्मा पुरुषप्रधान सामाजिक संरचनाका विरुद्ध देखापरेको एक आन्दोलन हो । यसले परम्परादेखि चलिआएको पितृसत्तात्मक चिन्तनका विरुद्ध लैङ्गिक समानताका पक्षमा आवाज उठाउँदै नारीहरूको सामाजिक सांस्कृतिक राजनीतिक तथा आर्थिक अधिकारको पक्षमा वकालत गरेको पाइन्छ । यो एक सांस्कृतिक आन्दोलन हो जसले पुरुष र महिलाका बीचमा रहेका सबैखाले भेदभावहरूलाई समाप्त पारी समाजमा लैङ्गिक समानताको भावना स्थापित हुनुपर्दछ भन्ने मान्यता राख्दछ । नारीवादी आन्दोलन पाश्चात्य जगतमा २० औं शताब्दीमा देखापरेको हो र यसको ऐतिहासिक विकासक्रमलाई तीन चरणमा राखेर हेर्न सकिन्छ । सन् १९६० अघिको अवधिलाई प्रारम्भिक चरण सन् १९६० देखि ८० सम्मको अवधिलाई दोस्रो वा माध्यमिक चरण र सन् १९८० देखि हालसम्मको अवधिलाई तेस्रो चरण मान्न सकिन्छ । यी विभिन्न चरणमा सिमोन द बुआदेखि अरु विभिन्न नारीवादी लेखिकाहरूले पुस्तक, पत्रपत्रिका वा विभिन्न लेखमार्फत आफ्ना नारीवादी मान्यताहरूलाई सशक्त रूपमा प्रस्तुत गरेका छन् । यस क्रममा नारीवादी अवधारणा अन्तर्गत विभिन्न धारा र मान्यताहरू देखापरेका छन् जसमध्ये उदार नारीवादी धारा, समाजवादी नारीवादी धारा, मार्क्सवादी नारीवादी धारा तथा आमूल वा विद्रोही नारीवादी धारा प्रमुख स्थापित धाराहरू हुन् । प्रस्तुत शोधपत्रमा उदारवादी नारीवादी धाराका मूलभूत मान्यताहरूमा आधारित रही *आलय* उपन्यासमा अन्तर्निहित नारी चेतनाको विश्लेषण गरिएको छ ।

*आलय* उपन्यास नारी स्वतन्त्रताको चेतना प्रखर रूपमा अभिव्यक्त भएको उपन्यास हो । यस उपन्यासको विषयवस्तु सिन्धुली जिल्लाको ग्रामीण परिवेशमा तयार भएको छ । नेपालमा माओवादी सशस्त्र विद्रोह र त्यसबाट परेको सामाजिक सांस्कृतिक प्रभावसँगै नारी मनोविज्ञानमा आएको परिवर्तन र सांस्कृतिक क्रान्तिका लागि नारीहरू तयार हुँदै गएको परिप्रेक्षलाई यस उपन्यासमा उजागर गरिएको छ । नेपाली समाजको ग्रामीण परिवेशमा परम्परागत पुरुष प्रधान सामाजिक सांस्कृतिक मान्यताहरू आज पनि विद्यमान छन् यस्तो अवस्थामा एक नारीले पितृसत्तात्मक सामाजिक संरचनाभित्र कसरी आफ्नो अस्तित्व र स्वतन्त्र चेतनालाई जीवित राख्न सङ्घर्ष गरिन् भन्ने सन्दर्भलाई यसमा अत्यन्तै सशक्त रूपमा प्रस्तुत गरिएको छ । यस उपन्यासकी प्रमुख पात्र मालाले आफ्नो घरपरिवार र समाजमा परम्परादेखि चलिआएका रूढीवादी मान्यताहरूका विरुद्ध लिएका अडानहरू र पुरुषसरह अधिकार र स्वतन्त्रता प्राप्तिका लागि गरेको सङ्घर्ष नै यस उपन्यासको मूल भावभूमि बनेर आएको छ । पितृसत्तात्मक समाजमा महिलाहरूका लागि तोकिएका

काम, कर्तव्य र बन्देजहरूलाई चुँडालेर मालाले गरेको अविराम सङ्घर्षले यस उपन्यासमा नारी स्वतन्त्रताको आवाजलाई मुखरित गरेको देखिन्छ । सशस्त्र द्वन्द्वमा पति बेपत्ता भएपछि मालाले आफूलाई एक निरीह र परित्यक्त नारीको रूपमा देख्न चाहने परिवार र समाजका विरुद्ध आफूलाई सामाजिक, सांस्कृतिक र आर्थिक संकुचनभित्र बाँधेर नराखी सामाजिक परिपाटीहरूलाई उल्लङ्घन गर्दै त्यस्ता सबै कामहरू गरेकी छे र पुरुषका अभावमा नारीले केही गर्न सक्दिन भन्ने सामाजिक मनोविज्ञानलाई चुनौती दिएकी छे । यसरी यस उपन्यासमा प्रमुख पात्र मालाका माध्यमबाट उपन्यासकारले पितृसत्तात्मक संरचनालाई चुनौती दिएकी छिन् र नारीको स्वतन्त्र सत्तालाई स्थापित गर्ने प्रयास गरेकी छन् ।

# तेस्रो परिच्छेद

# *आलय* उपन्यासमा नारी समानता र स्वतन्त्रताको चेतना

## ३.१ विषयप्रवेश

अमला अधिकारीद्वारा लिखित *आलय* उपन्यासमा नारी समानता र स्वतन्त्रताको चेतना प्रखर रूपमा अभिव्यक्त भएको छ । अधिकारीले यस अघिका उनका रचनाहरूमा पनि नारी समानता र स्वतन्त्रताको पक्षमा आवाज उठाउँदै आएको पाइन्छ । नारी समानता र स्वतन्त्रताको चेतना भन्नाले महिलाहरूलाई पुरुषसरह समान अधिकार, अवसर र सम्मान प्राप्त गर्नुपर्छ भन्ने बुझाइ र जागरूकता हो । यो चेतनाले महिलाहरूले पनि आफ्नो जीवनमा स्वतन्त्र रूपमा निर्णय लिन तथा शिक्षा, रोजगारी र सामाजिक गतिविधिमा बिना भेदभाव सहभागी हुन पाउनुपर्छ भन्ने कुरालाई जोड दिन्छ ।

पितृसत्तात्मक समाजको संरचनाले नारीका लागि बनाएको साँगुरो बन्धनयुक्त वातावरणमा नारीहरू घरदेखि कार्यालयसम्म पछाडि पर्नु परेको कुरामा लेखक अधिकारी असन्तुष्ट छिन् । उनले समाजमा रहेको लैङ्गिक भेदभाव हटाउँदै नारी र पुरुषको समान भूमिकाले एउटा समुन्नत समाज निर्माण हुने कुरामा जोड दिएकी छन् । *आलय* उपन्यासका नारी पात्रहरूका माध्यमबाट लैङ्गिक समानता र स्वतन्त्रताको चेतना, आर्थिक समानता र स्वतन्त्रताको चेतना, जातीय समानता र स्वतन्त्रताको चेतना, राजनीतिक समानता र स्वतन्त्रताको चेतना, सांस्कृतिक समानता र स्वतन्त्रताको चेतना, पुरुषसरह समान भूमिकाप्रतिको चेतना, शिक्षा र आर्थिक स्वतन्त्रताको भूमिकामा नारीहरू, नारी समानता र स्वतन्त्रताका लागि लेखकीय दृष्टिकोण उपशीर्षक अन्तर्गत रहेर उपन्यासका नारी पात्रहरूले सामाजिक परिवर्तन र सशक्तीकरणको प्रयास के कसरी गरेको छन् भन्ने कुराको खोजी यस परिच्छेदमा गरिएको छ ।

## ३.२ लैङ्गिक समानता र स्वतन्त्रताको चेतना

लैङ्गिक समानता भनेको पुरुष, महिला र तेस्रोलिङ्गी सबैलाई समान अवसर, अधिकार र सम्मान दिनु भन्ने हो । यो भनेको पढाइ, जागिर, सम्पत्ति वा निर्णय गर्ने अधिकार जस्ता कुरामा कुनै भेदभाव नहुनु हो । स्वतन्त्रताको चेतना भनेको आफ्नो जीवन आफैँले चलाउने अधिकार हो । कुनै अवरोध बिना आफ्नो मनले चाहेको बाटो रोज्ने स्वतन्त्रता हो । लैङ्गिक स्वतन्त्रता भनेको

व्यक्तिको जैविक लिङ्ग, लैङ्गिक पहिचान वा लैङ्गिक अभिव्यक्तिका आधारमा कुनै पनि सामाजिक, कानुनी वा सांस्कृतिक बाधा बिना आफ्नो जीवनका निर्णयहरू स्वतन्त्र रूपमा लिने अधिकार हो । यसले यौनिकता, पेशा, शिक्षा, स्वास्थ्य, सम्बन्ध र व्यक्तिगत अभिव्यक्तिको क्षेत्रमा पूर्ण स्वायत्तता सुनिश्चित गर्छ ।

लैङ्गिक समानता र स्वतन्त्रता आजको समाजको सबैभन्दा महत्त्वपूर्ण विषय हो । यो भनेको नारी र पुरुषलाई समान अधिकार, अवसर र सम्मान दिनु हो । उनीहरूले आफ्नो जीवन स्वतन्त्र रूपमा बाँच्न सकून् । छोरीलाई शिक्षाबाट वञ्चित गर्ने, घरको काममा सीमित राख्ने र उनीहरूको विचारलाई महत्त्व नदिने जस्ता व्यवहारले समाजलाई कमजोर बनाएको छ ।

अब समय बदलिएको छ । लैङ्गिक समानता र स्वतन्त्रताको चेतनाले समाजमा नयाँ आशा र सम्भावना ल्याएको छ । यो चेतना भनेको हरेक व्यक्तिलाई उसको लिङ्गको आधारमा होइन, उसको क्षमता र योग्यताको आधारमा मूल्याङ्कन गर्ने बुझाइ हो । जब समाजमा यस्तो चेतना फैलिन्छ, तब हरेक व्यक्तिले आफ्नो सपना पूरा गर्न सक्छ र समाज समग्रमा समृद्ध बन्छ । यो चेतना जगाउन शिक्षाले ठूलो भूमिका खेल्छ । स्कूलमा विद्यार्थीहरूलाई सानैदेखि लैङ्गिक समानताको महत्त्व सिकाउनुपर्छ । उनीहरूलाई समान रूपमा स्कूल पठाउने, खेलकुदमा सहभागी गराउने र उनीहरूको रुचिलाई प्रोत्साहन गर्ने कामले लैङ्गिक समानताको आधार तयार गर्छ । घरमा पनि अभिभावकले छोरीलाई छोरासरह अवसर दिनुपर्छ । समाजमा अझै पनि कतिपय ठाउँमा छोरीलाई बोझ ठान्ने, उनीहरूको विवाहलाई मात्र जीवनको लक्ष्य मान्ने र उनीहरूलाई स्वतन्त्र निर्णय लिन नदिने चलन छ । यस्ता सोचले नारीको स्वतन्त्रतालाई कुण्ठित गर्छ । यस्ता सोचप्रति बुलबुल असन्तुष्ट छे । ऊ पढ्ने बेलामा आफूलाई आफ्नो इच्छा विपरीत बिहे गरिदिन लागेकोमा यसरी असन्तुष्टि पोख्छे, “यो विवाह नामको सम्बन्धले छोरीहरूको इच्छाको घाँटी निमोठिरहेको छ । यति जानकार मेरी आमाले पनि बिहेप्रतिको मत मसँग बुझ्न चाहिनन्, यो उनको कस्तो बाध्यता हो ? अझै २,४ वर्ष म उनको बैखासी बन्न सक्थेँ” (पृ. ११६) । बुलबुल असमयमै बिहे गरेर छोरीलाई पराइ धन भन्नेहरूप्रति आक्रोस व्यक्त गर्छे । ऊ विवाहप्रति नै असन्तुष्ट छे । विवाहलाई छोरीहरूको स्वतन्त्र इच्छा र सपनालाई दबाउन ‘घाँटी निमोठ्ने’ साङ्लो ठान्छे । छोरीहरूको व्यक्तित्व विकास, शिक्षा आदिको सट्टा जबरजस्ती पारिवारिक दबाब थोपर्ने समाजसँग असन्तुष्टि पोख्छे । छोरीलाई आफ्नो खुटटामा उभिने समय दिइयो भने उसले आफ्नो क्षमता देखाएर आमाबाको गर्व बन्न सक्ने तर्क बुलबुलको रहेको छ । हाम्रो परम्परित सोच बोकेको समाजमा छोरीको विवाहको हतारोले त्यो

अवसर खोसिरहेको छ । बुलबुलको यस अभिव्यक्तिले नेपाली समाजमा छोरीहरूको स्वतन्त्रतामाथि विवाहको नाममा हुने नियन्त्रण र अभिभावकहरूको मौन बाध्यतालाई उजागर गरेको छ ।

मालामा नारी पुरुष बराबरी हो भन्ने समुन्नत विचार छ । ऊ नारी र पुरुष बराबर हुन्, समान हुन्, नारीले पनि पुरुष जस्तै स्वतन्त्र हुन पाउनु पर्छ भन्ने भावनालाई कवितात्मक शैलीमा यसरी अभिव्यक्त गरेकी छ :

किन हाम्रो मनोवल गलाउने

नारी नै हुन् यो सृष्टि चलाउने

खड्कुँलोले पुग्दैन अधिकार

आधा पारौँ गैरी खेत सिमको टार । (पृ. ९०)

नारीलाई पराइको धन भनेर खड्कुलोमा गोडा धोएर कन्यादान गरिदिने प्रचलनका विरुद्ध ऊ आवाज बुलन्द पार्न सक्छे । नारी पुरुष बराबर हुन् भने नारीले सम्पत्तिको अधिकारमा पनि बराबरीको हिस्सा पाउनु पर्ने विचार मालाका यी अभिव्यक्तिमा आएका छन् । ऊ आफ्नो विचार अभिव्यक्त गर्न कसैसँग डराउँदिन । त्यसैले त ऊ नारी दिवसका दिन यस्ता अभिव्यक्तिहरू गजल, कविताका रूपमा सबैतिर फैलाउँदै हिँड्छे ।

नारीहरू अरूको तिरस्कार र घृणाले दबिन र हेपिन चाहँदैनन् । उनीहरू आफ्नो स्वतन्त्र अस्तित्वको लागि सङ्घर्ष गर्छन् । लिङ्गका आधारमा भेदभाव गरेर नारीको पहिचानलाई लुकाउने पुरुष र पितृसत्तात्मक सोच भएका नारीहरूको विरोध गर्दै नारीहरूले आफ्नो छुट्टै पहिचान र अस्तित्व भएको विश्वास राख्छन् । यो चेतना नै नारी पहिचान र अस्तित्वको खोजसँग जोडिएको नारी चेतना हो । आफ्नो स्वतन्त्रता, शक्ति र आत्मसम्मान खोज्ने कामले सामाजिक बन्धन र असमानताबाट नारीलाई मात्र हैन समाजलाई पनि मुक्ति दिलाउँछ ।

*आलय* उपन्यासकी सहायक नारी पात्र सावित्री र मालाकी दिदीले नारीको व्यक्तिगत स्वतन्त्रताको पक्षमा यसरी बोलेका छन्, “सुरुमा त मैले पनि यस्तै सोचेकी थिएँ तर सोचाइले जिन्दगी चलेन । छोराहरूको मुख हेरेर यौवनको रहर पूरा भएन र अर्को सम्झौता गरेँ” (पृ. ४४) । नारी भए पछि एक जुनीमा एक पटक मात्र बिहे गर्नुपर्छ भन्ने पितृसत्तात्मक सोचका विरुद्धमा सावित्री आफ्नो पहिचानमा स्पष्ट छे । साबित्रीमा पुरुष सरह नारीले पनि आफ्नो निणर्य गर्न पाउनु

पर्छ भन्ने सोच छ । नारी भित्र पनि यौन चाहना हुन्छ र समाजको मूल्य मान्यताले बनाएको अनुशासनमा बाँधिएरै दोस्रो विवाह पछि यौन चाहना पूरा गर्ने अधिकार नारीमा छ भन्छे । ऊ नारी भित्रको जैविक चाहनाहरू पूरा गर्न मालालाई उक्साउँछे । मालाकी दिदीले पनि मालालाई परम्परित रुढी पन्छाएर नारी हुनुको अस्तित्व स्वीकार गर्न सुझाव दिन्छे । *आलय* उपन्यासमा उपन्यासकार अमला अधिकारीले नारीले सामाजिक अवरोधहरू तोड्दै, शिक्षा र अवसरहरूको उपयोग गर्दै आफूलाई सशक्त बनाउनु पर्ने विचार व्यक्त गरेकी छन् ।

*आलय* उपन्यासका नारी पात्रहरूमा नारी अस्तित्वप्रतिको चेतना प्रखर रूपमा अभिव्यक्त भएको छ । नारीको स्वतन्त्र अधिकार र पहिचानको मागसहित उठेको आवाज नै नारीअस्तित्वप्रतिको चेतना हो । नारीहरूको आफ्नो पहिचान, मूल्य, अधिकार र सामाजिक, सांस्कृतिक तथा व्यक्तिगत स्तरमा आफ्नो स्थानप्रति सचेत हुने अवस्थाप्रति *आलय* उपन्यासका नारीपात्रहरू सचेत छन् । यस उपन्यासमा नारीमाथि हुने अपमान, दमन र विभेदको विरोध गरिएको हुनाले नारीको स्वतन्त्र पहिचान र अस्तित्वप्रतिको चेतना मुखरित भएको छ । यस उपन्यासका माला, सावित्री, तनुजा जस्ता नारी पात्रहरूले आफ्नो अस्मिताको खोजी गरेका छन् । आफ्नो प्रेमीले धोका दिएको थाहा पाएपछि मालासँग तनुजाले भनेको कथनले नारीको स्वतन्त्र अस्तित्वप्रतिको चेतना यसरी अभिव्यक्त भएको छ :

> मैले पनि त्यो केटाले मलाई खुब माया गर्छ भनेर पत्याएँ । पछि एकजनाले सुनायो– ऊ त पाँच वर्षको छोराको बाउ पो रहेछ । मनबाट चटक्कै झिकेर फालिदिएँ त्यस धोकेवाजलाई । यी लोग्नेमान्छेहरू नारीसँग अनेक तवरले खेल्न चाहन्छन् र जित पनि आफैंतिर फर्काउन चाहन्छन् । तर मैले उसलाई जित्न दिइनँ ।
> (पृ. १०३)

यो कथन अविवाहित युवती पात्र तनुजाको हो । उसले प्रेम र विश्वासघातको अनुभवबाट गुज्रिएर आफ्नो आत्मसम्मान र सशक्तिकरणको भावनालाई दृढतापूर्वक व्यक्त गरेकी छ । सुरुमा उसले एक पुरुषको मायालाई साँचो ठानेर विश्वास गरेकी थिई तर पछि उसको विवाहित जीवन र छोराको पिता भएको सत्य थाहा पाएपछि तनुजाले आफू ठगिएको महसुस गरेकी छ । मनमा भएको प्रेम र विश्वासलाई ‘चटक्कै झिकेर फालिदिएँ’ भन्ने अभिव्यक्तिले उसको भावनात्मक बल र आत्मनिर्भरताको सङ्केत गरेको छ । उसले पुरुषहरूले नारीको भावनासँग खेल्ने र आफ्नो विजय

स्थापित गर्न खोज्ने प्रवृत्तिको आलोचना समेत गरेकी छ । तनुजाले आफूलाई कमजोर हुन नदिई ती धोकेवाज पुरुषलाई 'जित्न नदिएको' कथनमार्फत आफ्नो स्वाभिमान र आत्मविश्वासको विजयमा जोड दिएकी छ । यो कथनले नेपाली समाजमा नारीको भावनात्मक सङ्घर्ष, विश्वासघातको पीडा र आफ्नो पहिचानको पुनर्जागरणलाई मार्मिक रूपमा चित्रण गरेको छ ।

## ३.३ आर्थिक समानता र स्वतन्त्रताको चेतना

आर्थिक समानता भन्नाले आय, सम्पत्ति, अवसर र स्रोतहरूमा सबै व्यक्तिहरूको समान पहुँचलाई बुझिन्छ । आर्थिक स्वतन्त्रता भनेको व्यक्तिको आफ्नो आर्थिक निर्णय लिने स्वतन्त्रता, आफ्नो जीविकोपार्जनको साधनमा नियन्त्रण र आर्थिक आत्मनिर्भरताको अवस्था हो । नेपाली समाजमा यी दुवै अवधारणाहरू लैङ्गिक असमानतासँग गहिरो रूपमा गाँसिएका छन् । परम्परागत पितृसत्तात्मक संरचनाले महिलाहरूलाई आर्थिक रूपमा पुरुषहरूको तुलनामा पछाडि पारेको छ जसले गर्दा आर्थिक समानता र स्वतन्त्रताको चेतना विकास गर्न चुनौतीहरू खडा भएका छन् । नेपाली समाजमा पितृसत्तात्मक संरचनाले महिलाहरूलाई घरेलु काम र बालबालिकाको हेरचाहमा सीमित राखेको छ । पुरुषहरूलाई परिवारको "कमाउने व्यक्ति" को रूपमा हेरिन्छ अनि महिलाहरूलाई दोस्रो दर्जाको भूमिकामा राखिन्छ ।

नारीहरूको शोषणको मुख्य कारण आर्थिक स्थिति हो र नारी वर्गलाई पुरुष वर्गले आर्थिक आधारमा नै शोषण गरिरहेको छ भन्ने चेतना आर्थिक शोषण विरुद्धको चेतना हो । नारी वर्गलाई आर्थिक रूपले उत्पीडित तुल्याएर उनीहरूमाथि शोषण गरिएको छ भन्ने चेतना नारी वर्गमा जागृत हुनु र आर्थिक रूपमा पुरुषसरह समान र स्वतन्त्र हुने आकाङ्क्षा उनीहरूमा उत्पन्न हुनु नै आर्थिक शोषण विरुद्धको चेतना हो ।

आर्थिक स्वतन्त्रताको चेतना भनेको महिलाहरूमा आफ्नो आर्थिक अवस्थाप्रति सचेत भई स्वतन्त्र रूपमा आय, खर्च र वित्तीय निर्णयहरू नियन्त्रण गर्ने क्षमता र आत्मविश्वासको विकास हो जसले उनीहरूलाई पितृसत्तात्मक र सामाजिक बन्धनबाट मुक्त भएर आत्मनिर्भर बनाउँछ । *आलय* उपन्यासमा शिक्षकको जागिरपछि मालामा आत्मविश्वास जागेको छ । उसले प्रथम पटक प्राप्त गरेको तलबले उसभित्र पलाएको आत्मविश्वास र त्यसको आडमा स्वतन्त्रपूर्वक बनाएका योजनाहरू यसरी अभिव्यक्त भएको छ :

> हातमा पैसाको बिटो देखेपछि अनेकौँ योजनाहरू झुम्मिँदै आए मसँग । जसरी मरेको गड्यौँलो देखेपछि झुम्मिन्छन् कमिलाका ताँती । आमा भन्नुहुन्थ्यो– 'एकजोर हावादानी नलाई मर्नँ भएँ ।' आमालाई हावादानी किन्दिन्छु । छोरीलाई पित्तल नफापेर कान पोकेको पाक्यैँ छन् । एकजोर मुन्द्रा बनाइदिन्छु । मुक्तिनाथ जाने साथीहरू छन् भन्दै हुनुहुन्थ्यो बा । खर्च हालेर पठाइदिन्छु । बर्सेनी छाउनु पर्छ छानु किनेको खरले । पाँच छ बन्डल जस्तापाता किनेर घर छाइदिन्छु । (पृ. १२७)

प्रस्तुत साक्ष्य ग्रामीण समाजमा एक नारीको आर्थिक स्वतन्त्रता र समानताको चेतनाको सशक्त अभिव्यक्ति हो । यसले उपन्यासकी प्रमुख पात्र मालाको जागिरबाट प्राप्त तलबमार्फत आफ्नो र परिवारको जीवनस्तर उकास्ने आत्मविश्वास र योजनालाई जीवन्त रूपमा चित्रण गरेको छ । यो अंशमा नारी पात्रको 'हातमा पैसाको बिटो' देखेपछि आएको उत्साह र योजनाहरूको तुलना 'मरेको गड्यौँलोमा झुम्मिने कमिलाका ताँती' सँग गरिएको छ । यसले उसको आर्थिक स्वायत्तताले ल्याएको नयाँ सम्भावनाहरूको उर्जालाई प्रतीकात्मक रूपमा व्यक्त गरेको छ । माला क्षेत्रीका आमालाई हावादानी किन्ने, छोरीलाई मुन्द्रा बनाइदिने, बाबालाई मुक्तिनाथ यात्राको खर्च जुटाइदिने र घरलाई जस्तापाताले छाउने योजनाहरूले उसको पारिवारिक जिम्मेवारीप्रतिको कर्तव्यबोध र आफूले आर्जन गरेको तलबमार्फत परिवारको सम्मान र सुख सुनिश्चित गर्ने चाहनालाई र आत्मविश्वासलाई झल्काएको छ । यो चेतनाले नेपाली पितृसत्तात्मक समाजमा महिलालाई घरेलु दायित्वमा सीमित राख्ने रूढिलाई चुनौती दिएको छ । आर्थिक आत्मनिर्भरताले मालाको व्यक्तिगत र सामुदायिक स्तरमा लैङ्गिक समानताको पहललाई बलियो बनाएको छ ।

मानव सभ्यताको विकाससँगै आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक आदि जस्ता राज्य संरचनाका सबै पक्षहरूमा आफ्नो एकल स्वामित्व स्थापित गरी नारी वर्गमाथि नियन्त्रण र शासन गर्दै आएको पुरुष वर्गले वर्तमानसम्म पनि सो नियन्त्रणलाई जारी नै राखेको छ । जीवनयापनको प्रमुख आधार आर्थिक क्षेत्रलाई आफ्नो हातमा लिएर नारीहरूलाई घरभित्र मात्र सीमित तुल्याई सोही आधारमा नै शोषणको आरम्भ गरेको पुरुष वर्गले आफू अनुकूलका नियम, कानुन, मूल्य, मान्यता, धार्मिक रीतिरिवाज र परम्पराको निर्माण गऱ्यो र आफूलाई नारीहरूको देवता, पुज्य र सर्वश्रेष्ठ वर्गको रूपमा स्थापित गरायो ।

भौतिक रूपमा कुनै युद्ध नगरी जीवनयापनका स्रोतहरूलाई आफ्नो हातमा पारेर पुरुष वर्ग आफू शक्तिशाली बन्यो, सत्तासीन भयो र नारीलाई पराजित तुल्यायो । शक्ति सङ्घर्षमा पछाडि पारिएपछि

पराजित वर्गको रूपमा नारीहरू पराश्रित बन्न पुगे र पुरुषको इच्छा अनुरूप चल्न बाध्य भए । शक्तिशाली बनेको पुरुष वर्गले शासकको रूपमा नारी वर्गमाथि शासन गर्न सुरु गरेपछि शोषणमा पारेका विभिन्न अवस्थाहरूको विरोधमा नारी वर्ग सचेत हुन थाले र उनीहरूले आफूमाथि भएको उत्पीडनका विरुद्धमा आवाज उठाउन थाले । फलस्वरूप नारीवादी चिन्तनको विकास भयो । पुरुष सरह कामकाजको माग गर्न थाले । आफ्नो अधिकार जोख्न थाले । समान भूमिकाको चेतना निर्माण भयो र आर्थिक रूपमा आत्मनिर्भरताको खोज गर्न थाले ।

*आलय* उपन्यासका तनुजा, माला, मुमताज जस्ता चार नारी पात्रहरूले आर्थिक आत्मनिर्भरताको खोजलाई आफ्नो पहिचानको आधार बनाएका छन् । मुमताजले विदेशिएर भए पनि आर्थिक रूपमा आफूलाई निर्भर र स्वतन्त्र बनाएकी छे । मालाले शिक्षण पेशाबाट आत्मनिर्भर बनाएकी छ भने तनुजाले पनि आफ्नो कडा मेहेनतले सरकारी जागिरमा नाम निकालेकी छ । ऊ समाजमा आत्मसम्मानका साथ स्वतन्त्र भएर बाँचेकी छ । मुमताज धेरै वर्ष विदेश बसेर फर्केकी छ । आर्थिक रूपमा दह्रो भएकै कारण आफ्नो निर्णयमा स्वतन्त्र छे । उनीहरू आर्थिक रूपमा सक्षम नारीहरू समाजमा स्वाभिमानपूर्वक बाँच्न सक्छन् भन्ने उदाहरण हुन् । आर्थिक पक्ष बलियो भएकी मुमताजले गरेको स्वतन्त्र आत्मनिर्णय यहाँ यसरी अभिव्यक्त भएको छ :

> त्यसको भोलिपल्टै म विदेश फर्किएँ । ठ्याक्कै दुई वर्ष पछि यसपाली आएँ । पटक पटक गरेर पूरा दश वर्ष बाहिर बसिएछ । एक करोड असी लाख जति जम्मा गरेर भक्तपुरको सल्लाघारीमा तीनतले घर किनेकी छु ।अब त्यसमा बाँकी जिन्दगी बिताउने सोचमा छु । ( पृ. १६४)

प्रस्तुत साक्ष्यले नेपाली नारीहरू परम्परागत भूमिकाबाट मुक्त भएर आधुनिक आर्थिक सशक्तीकरणतर्फको यात्रामा छन् भन्ने सङ्केत दिन खोजेको छ । मुमताजसँग दश वर्षको विदेशी श्रमको अनुभव, करोडौँको सम्पत्ति र आफ्नै घरमा जीवन बिताउने सोच छ । आर्थिक सवलताले नारीहरूलाई लैङ्गिक असमानताको जञ्जिर तोडेर समानता र स्वतन्त्रतातर्फ अगाडि बढ्न मद्दत पुग्छ भन्ने कुरा *आलय* उपन्यासमा व्यक्त भएको छ ।

*आलय* उपन्यासकै परिवेशलाई हेर्दा विगतमा अधिकांश महिलाहरू घरेलु काममा सीमित थिए । उनीहरू निर्णयविहीन थिए । उनीहरू पुरुषहरूको शासनमा शासित थिए । तर आज शिक्षा र

रोजगारीका अवसरहरूले त्यही समाजका मालाहरू स्वतन्त्र रूपमा बाँचेका छन् । माला, तनुजा, मुमताजहरूको आत्मनिर्भरताले सामाजिक हैसियत र आत्मसम्मानलाई बलियो बनाएको छ ।

## ३.४ राजनीति समानता र स्वतन्त्रताको चेतना

राजनीतिक समानता र स्वतन्त्रता भनेको राज्यको नीति-निर्माण, नेतृत्व, मतदान, उम्मेदवारी र सार्वजनिक पदमा कुनै भेदभावबिना सबै नागरिकले समान पहुँच, अधिकार र स्वतन्त्र निर्णयको अवसर पाउनु हो । राजनीतिक चेतना उनीहरूको अधिकार, पहिचान र सम्मानको मुख्य हतियार हो । आलय उपन्यास दश वर्षे जनयुद्धमा बेपत्ता पारिएको अमनकी श्रीमती मालाले भोगेको, देखेको र अनुभव गरेको कुरामा आधारित छ । यो जनयुद्धले हजारौँको ज्यान लियो, धेरैलाई बेपत्ता बनायो र अनगिन्ती परिवारलाई विखण्डित गऱ्यो । युद्धको प्रत्यक्ष असर धेरैजसो पुरुषहरूमा देखिए पनि यसको दीर्घकालीन पीडा र बोझ महिलाले भोग्नुपऱ्यो ।*आलय* उपन्यासले मालाका माध्यमबाट राजनीतिले महिलालाई पारेको सामाजिक, आर्थिक, मनोवैज्ञानिक र सांस्कृतिक बोझलाई गहिरोसँग उजागर गरेको छ ।

नेपाली समाज पितृसत्तात्मक संरचनामा आधारित छ । पुरुषलाई परिवारको मुख्य कमाउने र संरक्षकको रूपमा हेरिन्छ । जनयुद्धमा जब पुरुषहरू मारिए वा बेपत्ता भए, परिवारको सम्पूर्ण जिम्मेवारी महिलाको काँधमा आइपुग्यो । माला जस्ता पति गुमाएका महिलालाई विधवाको रूपमा समाजले हेयको दृष्टिले हेर्न थाल्यो । उनीहरूको स्वतन्त्रता र सामाजिक सम्मान खोस्ने परम्पराले उनीहरूको पीडालाई झन् गहिरो बनायो । बुबा, दाजु वा भाइ गुमाएकी महिलाले पनि परिवारको रक्षा र पालनपोषणको बोझ उठाउनु पऱ्यो तर सामाजिक अपेक्षा र सीमित अवसरका कारण उनीहरूको जीवन कष्टकर बन्यो । अमन बेपत्ता भएपछि मालालाई भावनात्मक र आर्थिक रूपमा कमजोर बनायो । परिवारको आर्थिक स्रोत हराउँदा बुढा भइसकेका सासूससुरा र सानी छोरीको लालनपालन, शिक्षा र स्वास्थ्यको जिम्मेवारी उसले एक्लै बोक्नु पऱ्यो ।

*आलय* उपन्यासको स्थानिक परिवेश सिन्धुलीको ग्रामीण परिवेश हो । ग्रामीण क्षेत्रका धेरै महिलासँग अझै पनि शिक्षा र नेतृत्व विकासको अवसरको कमी छ । मुमताज जस्ता युद्धमा लड्ने महिलाहरूले युद्धकालमा साहस देखाए पनि शान्तिकालमा नेतृत्व सम्हाल्न आवश्यक सीप र प्रशिक्षणको अभावले उनीहरू पछाडि पारिए ।

महिलाले जनयुद्धमा पुरुषसरह योगदान गरे पनि समाजले उनीहरूलाई कमजोर ठान्ने प्रवृत्ति कायमै छ । यो दृष्टिकोण पितृसत्तात्मक मानसिकताबाट उत्पन्न हुन्छ । यसले महिलालाई शारीरिक, बौद्धिक र नेतृत्वको दृष्टिकोणले कमजोर मान्छ । नेतृत्वमा पुगेका महिलालाई पनि 'पुरुषको सहयोगबिना अघि बढ्न नसक्ने' वा 'प्रतीकात्मक' पात्रको रूपमा हेरिन्छ । यो हेयको दृष्टिले महिलाको आत्मविश्वास र सामाजिक सम्मानमा आघात पुऱ्याउँछ । माला जस्ता पति गुमाएका तर सक्षम महिलाले पनि महिला हुनुकै कारण उचित स्थान नपाउनु दुःखद कुरा हो । माला 'एकल नारी राष्ट्रिय प्रतिष्ठान'की सह कोषाध्यक्ष थिई । उसको मेहेनतले ऊ सचिव भई र अध्यक्षमा चुनाव लड्ने हिम्मत देखाई । तर गाउँकी महिला भएकै कारण पहुँचवाला पुरुषहरूले उसलाई अध्यक्ष हुन अस्वीकार गरिरहेका छन् । यस कुरामा मालाको विद्रोही चेतना यसरी पोखिएको छ, "के म बेपत्ताकी स्वास्नी भएकै कारण सधैँ सह र उपमा मात्र अल्झिनु पर्ने ? म अध्यक्षमै चुनाव लड्छु र हार्नु परे स्वाभिमानपूर्वक हार्छु" (पृ. २०३) । मालाजस्ता क्षमतावान नारीले पनि नारी हुनु र त्यसमा पनि दुर्गमका गरिब परिवारबाट हुनुको दोहोरो मार भोगिरहेका छन् । देशमा जतिसुकै राजनीति परिवर्तन होस् तर महिलाप्रति गरिने व्यवहारमा परिवर्तन आउन नसकेको कुरा यस उदाहरणबाट पुष्टि हुन्छ । नेपाली समाज अहिले परिवर्तनको बाटोमा अघि बढिरहेको छ । यो अवस्थासम्म आइपुग्न असङ्ख्य महिलाहरूको त्याग, समर्पण र सङ्घर्षको ठूलो भूमिका छ । तर तिनीहरूका यी कथाहरू पुरुषको अहङ्कार र प्रभावले छायामा परेका छन् । यो उपन्यासले ती लुकेका कथाहरूलाई केही हदसम्म उजागर गरेको छ । जनयुद्धले थिलोथिलो पारेको नेपाली समाज र संस्कृतिलाई जोगाउन नेपाली नारीहरूको साहस, धैर्य, सङ्घर्ष र आत्मसम्मानको कथालाई यस उपन्यासले राम्ररी उठान गरेको छ ।

माला, जो अन्तर्जातीय विवाह गरेर पण्डितको घरमा बुहारी बनेर आउँछे । माओवादी युद्धको चपेटामा परेर श्रीमान् बेपत्ता भएपछि 'बेपत्ताकी श्रीमती' को पहिचानमा बाँच्न बाध्य हुन्छे । युद्धको त्रासमा छोरी जन्माउने, घरबाट विस्थापित हुने, वृद्ध ससुरा र रोगी सासूको स्याहार गर्ने र गृहस्थीको जिम्मेवारी सम्हाल्ने जस्ता सङ्घर्षले उसको जीवन भरिन्छ । अमनका पिता पण्डित हुन् । आफ्नो हलीकी छोरीलाई छोराले भगाएर ल्याउँदा सुरुमा बुहारीको रूपमा स्विकार्न गाह्रो मान्छन् । तर मालाको त्याग र समर्पणबाट प्रभावित भएर र अमनको अभावसमेत खड्किन नदिएको देखेर प्रशंसा गर्छन् । समुन्नत समाजको कल्पनामा राजनीतिक परिवर्तन खोज्ने युवाहरूले क्रान्ति सिकाउँदा उनी रिसाउँछन् । मालाको सङ्घर्षलाई नै उनी क्रान्ति ठान्छन् । नेपाली महिलाहरूको

साहस, धैर्य र आत्मसम्मानको गौरवपूर्ण कथालाई मालाका ससुराले भनेका यी वाक्यबाट उजागर हुन्छ :

> हामीले गरेको क्रान्ति सुन्छौ तिमेरु ? बिहे गरेको वर्षदिन हुन नपाउँदै हराएको लोग्नेको हठिलो शरीर र बलियो पाखुराको सम्झना मनमा राखेर आफ्ना छिनिसकेका पाखुराले बारी जोतेकी छे यसले, बूढो ससुरो रोगी सासूको मुखमा माड लाउन । ऊ यो घरको च्यातिएको धुरी टाल्न बाँदर चढेझैँ बाँसको भऱ्याङ चढेर छानुमा पुगेकी छे । दिनमा हजारचोटी बाउ खोज्ने छोरीलाई ढाँटीढाँटीकन फुल्याएर राखेकी छे, बाउ भोलिपर्सि आउँछन् भनी-भनीकन । लाऊँलाऊँ र खाऊँखाऊँ उमेरकी यो तरुनीले वर्षको एउटा फरिया फेर्न सकेकी छैन । आफ्नो मन परेको मान्छेसँग बिहे गर्न घरबाट भागेर पहिल्यै युद्ध गरेकी हो यसले । लोग्ने हराएपछि यो मूर्दाजस्तो घर रुँगेर जिम्मेवारीको काँध थापेर अर्को युद्ध गरिरहेकी छे । तिमेरको क्रान्तिको तुलोमा यसको बलिदानलाई जोख्न सक्छौ ? (पृ. १७५)

क्रान्ति, बलिदानी, राजनीति भन्ने कुरा सडकमा गएर नारा लगाएर र सदनबाट मात्र हुन्न । क्रान्तिले खोसेको पतिकी पत्नीले हराएको पतिको परिवारका लागि गरेको समर्पण भाव, परिवारलाई सही दिशा दिन गरेको बलिदानी र क्रान्ति पनि पनि कदर हुनु पर्छ । दश वर्षे युद्धमा पुरुषले मात्र क्रान्ति गरेका थिएनन् । महिलाले गरेको सङ्घर्षका कथा लेख्न नसक्नु दुःखद हो । असमानताको खाडल आज पनि र जुनसुकै राजनीति दलमा पनि उत्तिकै रहेको छ । मालाले गरेको सङ्घर्ष, उसले आफ्नै जीवनसँग गरेको युद्ध कुनै क्रान्तिकारीले गरेको युद्धभन्दा कम छैन भन्ने कुरा मालाका ससुराले महसुस गरेका छन् र उनी युद्ध गरेर के के न गर्यौं भन्ने पुरुषहरूको समूहलाई सम्झाउन सक्ने भएका छन् ।

नेपालको राजनीतिक संस्कृति मुख्य रूपमा पितृसत्तात्मक छ, जहाँ राजनीतिक दल र निर्णय प्रक्रियामा पुरुषको प्रभुत्व रहँदै आएको छ । यो संस्कृतिले लैङ्गिक पूर्वाग्रहलाई कायम राख्छ र महिलालाई राजनीतिमा सक्रिय हुनबाट निरुत्साहित गर्छ । महिलाहरूलाई पुरुषप्रधान सञ्जाल तोड्न र नेतृत्व तहमा पुग्न कठिनाइ हुन्छ । कानुनी रूपमा कोटा प्रणालीले महिलाको प्रतिनिधित्व सुनिश्चित गर्ने प्रयास गरेको छ, तर यसको कार्यान्वयन प्रभावकारी छैन । प्रायः महिलालाई समानुपातिक सूचीमा राखेर ३३ प्रतिशत कोटा पूरा गरिन्छ तर उनीहरूलाई राजनीतिक यात्रामा आवश्यक समर्थन दिइँदैन । यसले प्रत्यक्ष निर्वाचन प्रणालीमा सक्षम महिलाहरूको अवसरलाई सीमित गर्छ । राजनीतिक र सरकारी संरचनामा संस्थागत अवरोधहरूले पनि महिलाको

सहभागितामा बाधा पुऱ्याउँछ । सार्वजनिक संस्थाहरूमा लैङ्गिक संवेदनशीलताको कमी र महिला उम्मेदवारहरूलाई अपर्याप्त समर्थनले यथास्थितिलाई कायम राख्छ । यी अवरोधहरूले महिलालाई राजनीतिक क्षेत्रमा प्रभावकारी भूमिका निर्वाह गर्न जटिल बनाउँछ ।

*आलय* उपन्यास दश वर्षे सशस्त्र युद्धको सेरोफेरोमा लेखिएको छ । युद्धले दिएको घाउ यस उपन्यासले चर्चा गरेको छ । युद्धमा होमिएका महिला पात्रका कथाव्यथाहरू चित्रण गरिएको छ । नेपालको सशस्त्र विद्रोह, विशेषगरी २०५२ देखि २०६३ सम्म चलेको माओवादी जनयुद्धमा महिलाहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण र बहुआयामिक थियो । उनीहरूले लडाकु, रणनीतिकार, सन्देशवाहक, सामुदायिक सङ्गठक र प्रचारकको रूपमा सक्रिय सहभागिता जनाए । उपन्यासकी नारी पात्र मुमताज, जुहीजस्ता महिलाहरूले हतियार बोकेर लडाइँमा भाग लिए । गाउँ-गाउँमा जनचेतना फैलाए र सामाजिक परिवर्तनका लागि सशस्त्र सङ्घर्षलाई समर्थन गरे । तर उनीहरू जस्ता नारीहरूको सङ्घर्ष र अधिकार सधैँ छायाँमा पारियो ।

*आलय* उपन्यासमा सशस्त्र युद्धकालको परिवेशलाई समेटिएको छ । दश वर्ष माओवादी र सरकारविच युद्ध भयो । दुवै पक्षबाट धेरै नेपालीहरू मारिए । मालाका पति अमन जस्ता धेरै युवाहरू बेपत्ता भए । हरेक नेपालीले युद्धको घाउ बेहोरेको छ तर राजनीति असमान अवस्था जस्ताको तस्तै रहँदा जनतामा आएको निराशा र आक्रोस मालाका ससुराबाट यसरी अभिव्यक्त भएको छ, “ए तिमेरु क्रान्तिकारी पो हौ ? अर्काको मानो खोस्ने क्रान्ति हैन तिमेरको ? के मुक्ति दियो तिमेर्को क्रान्तिले हामीलाई”(पृ. १७४) । द्वन्द्वको चपेटामा परेका सर्वसाधारणले खप्नुपरेका प्रताडनालाई मात्र होइन उनीहरूलाई देखाइएका मीठा सपनालाई पनि उपन्यासमा कलात्मक रूपमा प्रस्तुत गरिएको छ । राजनीति समानताको आशामा भोग्नु परेको पीडाको स्वरहरू यसरी नै अभिव्यक्त भएका छन् ।

माओवादी जनयुद्धले समाजमा वर्गीय, जातीय, लैङ्गिक समानताको माग गरेको थियो । समतामूलक समाजको पक्षमा १० वर्ष युद्ध सङ्घर्ष भयो । जात व्यवस्थाले पारेको नकारात्मक असरका विरुद्ध कारबाही भए । अमनका पिता आफू ब्राम्हण हुनुको दम्भ बोकेका ब्राह्मण थिए । यस्ता ब्राह्मण समुदायका लागि माओवादीले गाउँमा समानताको लागि गरेको प्रयासको उदाहरणका रूपमा यी वाक्यहरूलाई लिन सकिन्छ :

> गाउँमा एकदिन सहभोगको आयोजना भयो । त्यसभन्दा अघि एक दिन पानी सार्ने कार्यक्रम थियो । दलित जातिहरू बाहुन क्षेत्रीको घरमा पस्ने, गाग्रीको पानी सार्ने र त्यो पानी घरका

मान्छेले खानुपर्ने । खान मानेनन् भने भाटे कारबाही हुने । त्यही कार्यक्रमको सफलतापछि अर्को भव्य सहभोज आयोजना गरिएको थियो । (पृ. ९६)

परम्परागत रूपमा दलित समुदायले छोएको पानीलाई गैर-दलित समुदायले अपवित्र ठान्ने प्रथा अझै पनि गाउँघरमा रहिआएकै छ । नेपालको द्वन्द्वकालमा समतामूलक समाज निर्माणका लागि यस्ता प्रथा र परम्पराका विरुद्धमा कारबाहीहरू समेत भएका थिए । दलित व्यक्तिलाई गैर-दलितको घरमा प्रवेश गर्न दिनु र उनीहरूले छोएको पानी खान लगाउनुले सामाजिक समानता र एकताको सन्देश दिएको छ । यो कार्यले जातीय भेदभावलाई प्रत्यक्ष चुनौती दिँदै गैर-दलित समुदायलाई आफ्नो मानसिकता बदल्न बाध्य पार्ने प्रयास गरेको छ ।

माओवादीले गरेको राजनीति क्रान्तिको उद्देश्य गाउँ शहर सबैतिर वर्गीय, जातीय, लैङ्गिक समानता आओस् भन्ने नै थियो । जातका आधारमा, वर्गका आधारमा, लिङ्गका आधारमा कसैले पनि अरुको अधिनमा बाँच्नु नपरोस् भन्ने एजेन्डा माओवादीले अघि सारेर जनयुद्ध सुरु गरेको थियो । गाउँमा उनीहरू जनचेतना जगाउन विभिन्न जागरणका गीत, गजलहरू गाउँदै गाउँलेहरूमा यसरी चेतना जगाउने काम गरिरहेका थिए :

दर्जीले सिएको यो ढाका टोपी शिरैमा सजियो

तर उसैले छोएको पानी चलेन

कामीले पिटेको फलामको ओदान चुल्होमा सजियो

तर उसैले पकाएको भान्छा चलेन

सार्कीले सिएको छालाको जुत्ता खुट्टामा सजियो

तर उसैले हाम्रो घर टेक्न मिलेन ? (पृ. ९७)

यी अभिव्यक्तिहरू नेपाली समाजमा व्याप्त जातीय भेदभाव र छुवाछूतको गहिरो सामाजिक समस्यालाई उजागर गर्ने काव्यात्मक पङ्क्तिहरू हुन् । ती दर्जी, कामी र सार्की जस्ता परम्परागत पेशासँग जोडिएका समुदायले बनाएका वस्तुहरू ढाका टोपी, फलामको ओदान, छालाको जुत्ता समाजले सहर्ष स्वीकार गर्छ, तर तिनै व्यक्तिहरूलाई उनीहरूको जातका आधारमा अपमान, बहिष्करण र तिरस्कारको सामना गर्नुपर्छ । दर्जीले सिएको टोपी शिरमा सजिन्छ तर उसले छोएको पानी अछूत मानिन्छ । कामीले बनाएको ओदान चुल्होमा प्रयोग हुन्छ तर उसले पकाएको खाना

स्वीकार्य हुँदैन । सार्कीले बनाएको जुत्ता खुट्टामा लगाइन्छ तर उसलाई घरभित्र पस्न दिइँदैन । यी पङ्क्तिहरूले नेपाली समाजको पाखण्डी व्यवहारलाई तिखो व्यङ्ग्यका साथ प्रस्तुत गरेको छ । उपन्यासकी मुख्य नायिका मालाका ससुरा जस्ता कट्टर सनातनी ब्राम्हणहरूलाई भेला गरेर यस्ता किसिमका चेतनामूलक सन्देशहरू फैलाउने काममा राजनीतिक स्वतन्त्रताको आडमा गरेको प्रयासलाई यस उपन्यासमा राम्ररी चित्रण गरिएको छ ।

## ३.५ सांस्कृतिक समानता र स्वतन्त्रताको चेतना

सांस्कृतिक अध्ययनमा संस्कृति शब्दलाई विचारको निर्माण, त्यसको ग्रहण, त्यसले निर्माण गर्ने शक्ति तथा पहिचान तथा शक्तिसँग त्यसको सम्बन्धका तात्पर्यमा अर्थ्याइन्छ । त्यसै गरी सामाजिक समुदाय र तिनका आपसी सम्बन्ध, अर्थको उत्पादन र वितरण, राजनीतिक सत्ता र शासन पद्धति आदिबाट निर्मित विचारधाराको समग्रतालाई नै सांस्कृतिक अध्ययनसँग जोडिएर आउने संस्कृति शब्दले बुझाएको पाइन्छ । समाजमा विभिन्न वर्ग जाति र समुदायका मानिसहरू रहेका हुन्छन् । यी मानिसहरूका विचमा हुने सामाजिक सम्बन्धको प्रक्रियाबाट नै संस्कृतिको निर्माण हुन्छ । यस प्रक्रियामा सामाजिक जीवनका अनेकौं व्यवहारहरू समाविष्ट भएका हुन्छन् । समयको अन्तरालसँगै संस्कृतिमा पनि परिवर्तन हुन्छ । यस्तो परिवर्तन एकै पटक नभई मन्द गतिमा हुने गर्छ । यस क्रममा अमिल्दा र पुराना कुराहरू हराउँदै जान्छन् र समय तथा जीवन सापेक्ष सांस्कृतिक पक्षहरू थपिँदै जान्छन् । त्यसैले संस्कृति निरन्तर परिवर्तन भइरहने सामाजिक प्रक्रिया र व्यवहार हो ।

प्रस्तुत उपन्यास नेपालको पहाडी ग्रामीण परिवेशको कथामा आधारित छ । यस उपन्यासमा सिन्धुलीको विकट गाउँको सामाजिक सांस्कृतिक संरचनाभित्र जातीय सवाल निकै टड्कारो रूपमा रहेको देखिन्छ । नेपाली समाजमा जातीय उचनीचको अवस्था छ । त्यसभन्दा फरक मालाको गाउँ अवश्य छैन । अझ के भन्न सकिन्छ भने मालाका ससुरालाई आफ्नो जातीय प्रभुत्व मजबुत बनाउन र गाउँका निरीहमाथि शोषण र दमनको मात्रा बढाउन जातीय सबाल सहयोगी बनेको देखिन्छ । नेपाली समाजको शक्ति संरचनामा उच्च जातिकै मानिसहरू प्रभुत्वशाली वर्गको रूपमा रहेका छन् । अमनका पिता अर्थात मालाका ससुरा उपल्लो जातको प्रतिनिधित्व गर्ने व्यक्तिका रूपमा रहेका छन् । उनले दलितको त कुरै छाडौं जैसी, क्षेत्रीसम्मलाई पनि विभेद गरेका छन् । माला क्षेत्रीकी छोरी हो । पिताको अनुमतिबिना मालाको पति अमनले मालालाई भित्र्याएको हो । उसको

बिहेको निकै समयसम्म मालाले भान्छामा पसेर भातभान्छा गर्न पाइन । यस उपन्यासमा कथित तल्लो जात वा अछुत भनेर चिनाइएका पात्रहरूको सामाजिक, आर्थिक एवं अस्तिवगत पहिचान अझ विरूप र विकृत रूपमा प्रस्तुत भएको छ भन्ने कुरा मालाको यस कथनबाट पुष्टि हुन्छ, "म भर्खर भागेर आएकी मान्छे । म सोचिरहन्थेँ, यो घरका मान्छे कहिले मान्छे जस्ता देखिएलान्, कहिले होला श्रमको पूजा कहिले बुझ्लान् मान्छेलाई मान्छेजस्तो गरिएन भने एकदिन विस्फोट हुन्छ भनेर ?" ( पृ. ९६) ।

उपर्युक्त साक्ष्यबाट वर्गीय र जातपातमा आधारित सामन्ती राज्य व्यवस्थामा समाजमा तल्लो जात भनी सदियौँदेखि घृणा गरिएका जातिहरूको दुःखद अवस्था उजागर भएको छ । जातीय विभेदयुक्त समाजमा अछुत भनिने जातिहरूको पहिचान अमानवीय एवं पशुवत् हुने गर्छ जुन यस उपन्यासमा उपस्थित पात्रहरूका अवस्थाबाट पनि प्रस्ट भएको छ । त्यसै गरी यस उपन्यासमा वर्गीय विभेदलाई पनि प्रस्ट देखाइएको छ ।

समाजमा स्वाभाविक रूपले धनी वर्ग प्रभुत्वशाली वर्गका रूपमा रहेको हुन्छ र उसले गरिब वर्गमाथि शोषण र थिचोमिचो कायम गरेको हुन्छ । यस क्रममा दुवै पक्ष बिच द्वन्द्व हुन्छ र त्यस द्वन्द्वमा अधीनस्थ वर्गले धनी वर्गको प्रभुत्वबाट मुक्तिको प्रयास गरिरहेको हुन्छ । समाजमा प्रभुत्वशाली वर्गले अधीनस्थ वर्गमा आफ्नो प्रभुत्व लाद्ने प्रयत्नहरू गरिरहँदा अधीनस्थ वर्गले पनि त्यसबाट मुक्तिका लागि प्रयत्न गरिरहेकै हुन्छ । त्यसैले प्रभुत्वशाली वर्ग र अधीनस्थ वर्गका विच विचारको द्वन्द्वको स्थिति पैदा भएको हुन्छ । यो उपन्यासको मुख्य विषय नै नेपालको दश वर्से जनयुद्धकालमा घटेको घटनामा आधारित छ । जनयुद्ध हुनुको कारण मध्येको टट्कारो कारण भनेकै समाजमा रहेको वर्गीय, जातीय, विभेदको अन्त्य र समतामूलक समाजको स्थापना थियो । यस उपन्यासमा पनि जनयुद्धकालमा विद्रोहीहरूका तर्फबाट गाउँ सुधार अभियानमा जातीय विभेदको अन्त्यका लागि गरिएका प्रयासहरू मालाको यस कथनबाट प्रस्ट हुन्छ :

> त्यही कार्यक्रमको सफलतापछि आयोजित अर्को भव्य सहभोज आयोजना गरिएको थियो । गाउँका मान्छे कोही घर बस्न पाएनन् । गाउँकै प्रा.वि. स्कुलको प्राङ्गणमा ठूलाठूला खड्कुलामा पकाएका थिए । भान्से बनेका थिए गाउँकै हर्के दमाई, भैरे सार्की र चतुरे कामी । ससुरा बाले भात खान मान्नु भएन । उनीहरूले किलो ठोके । (पृ. ९६)

जनयुद्धकालको सेरोफेरो समातेर लेखिएको यस उपन्यासले नेपाली समाजमा जातीय विभेदविरुद्धको सङ्घर्ष र सामाजिक एकताको सशक्त सन्देश बोकेको छ । गाउँमा जातीय विभेद छ । मालाकै ससुरा जात व्यवस्थाका कट्टर पक्षपाती छन् । उनी आफूभन्दा कथित तल्लोजातले छोएको दाल भात खाँदैनन् । तर जनयुद्धमा लागेका युवाहरूले जातीय विभेदको अन्त्यका लागि बिभिन्न प्रयास गरिरहेका छन् । गाउँलेहरूको सामूहिक सहभागितामा आयोजित भव्य सहभोजको आयोजना गरेका छन् । गाउँकै प्राथमिक विद्यालयको प्राङ्गणमा ठूला खड्कुलामा पकाइएको खानाले सामुदायिक प्रचुरता र एकताको भावनालाई उजागर गरेको छ । हर्के दमाई, भैरे सार्की र चतुरे कामीजस्ता दलित पात्रहरूलाई भान्से बनाउनुले जातीय नियमहरूको उल्लङ्घन र समानताको प्रयासलाई देखाएको छ । जनयुद्धको पृष्ठभूमिको यो दृश्यले राजनीतिक समानता र स्वतन्त्रताप्रतिको चेतना मुखरित भएको छ । सामाजिक क्रान्तिको आशा, वर्गीय-जातीय विभेदको अन्त्य र नयाँ समावेशी समाजको निर्माणको चाहनालाई *आलय* उपन्यासले जीवन्त रूपमा प्रस्तुत गरेको छ ।

## ३.६ जातीय समानता र स्वतन्त्रताको चेतना

जातीय समानता र स्वतन्त्रताको चेतना मानव सभ्यताको आधारभूत मूल्य हो । यसले हरेक व्यक्तिलाई सम्मान, अवसर र स्वतन्त्रताको समान हक प्रदान गर्नुपर्छ भन्ने मान्यता राख्छ । यो चेतनाले समाजमा विद्यमान जातीय विभेद, असमानता र अन्यायलाई चुनौती दिँदै समावेशी र समतामूलक समाज निर्माणमा जोड दिन्छ ।

*आलय* उपन्यास सिन्धुलीको विकट ग्रामीण परिवेशमा लेखिएको उपन्यास हो । उपन्यासकार अधिकारी जातीय समानताको भावना र सकारात्मक सोचले युक्त छिन् । उनले पात्रहरूमार्फत जातीय विभेदको विरोध गरेकी छिन् । उनले माला, अमन जस्ता सचेत पात्रहरू खडा गरेर जात व्यवस्थाको विरोध गरेकी छिन् । यस उपन्यासकी मुख्य नायिका माला क्षेत्रीले ब्राह्मणको छोरासँग बिहे गरेकी छ र उसलाई उसको पति अमनले परिवारलाई सम्झाई बुझाई ससम्मान भित्र्याएको छ तर अमनका बाआमा परम्परित सोचले ग्रस्त छन् । उनीहरू जात व्यवस्थाका कट्टर पक्षपाती छन् । उनीहरूले जातका आधारमा कथित तल्लो जातिलाई गरेको व्यवहार मालालाई मन पर्दैन । ऊ ती दृष्यहरू देखेर यसरी असन्तुष्टि पोख्छे :

> हाम्रो घर सामन्तीप्रथाको उच्च नमुना जस्तै लाग्थ्यो । त्यतिखेर कथित तल्लो जातिलाई न्युन ज्याला दिएर काममा लगाउने चलन थियो । खाना खान बस्दा उनीहरू न पिरामा

बस्न पाउँथे न त थालमा खान पाउँथे । आँगनको पल्लो छेउमा टुक्रुक्क बसेर केराको बुँगोमा भात खान्थे र हामीले अलग्ग पारेर हालिदिएको पानी अञ्जुली थापेर पिउँथे । हात चुठ्थे । उनीहरू उठेपछि आमाले गहुँत वा सुनपानी छर्केर उनीहरू बसेको ठाउँ शुद्ध पार्नुहुन्थ्यो । (पृ. ९५)

माथिको साक्ष्य नेपालको ग्रामीण सामन्ती समाजको जातीय छुवाछूत र शोषणको स्पष्ट उदाहरण हो । कथित तल्लो जातका मजदुरहरूलाई कम ज्याला दिएर काम लगाउने, उनीहरूलाई घरभित्र बस्न, खान नदिई आँगनको कुनामा केराको पातमा भात र अञ्जुलीमा पानी खुवाइनु र उनीहरू गएपछि ठाउँलाई गोबरको पानी छर्केर शुद्ध पार्नु मानवता विरोधी, विभेदपूर्ण र सामाजिक असमानताको चरम नमुना हो । *आलय* उपन्यासमा यस्ता अमानवीय कुराको विरुद्धमा चेतना फैलाउन अमन, मालाजस्ता चेतनशील पात्रको प्रयोग गरिएको छ ।

अमन जस्तो चेतनशील युवाका मातापिता समेतमा जातीय र वर्गीय शोषण रहेको छ । तर यसको विरोधमा अमन आफ्नै परिवारसँग विद्रोह गर्छ । आमाको जातका आधारमा विभेद गरेको व्यवहारबाट असन्तुष्ट हुन्छ । जातकै आधारमा असमान ज्याला दिने कुराको खुलेर गर्छ । अमनजस्तै माला पनि जातीय समानताको पक्षधर छे । कथित तल्लो जातका व्यक्तिलाई आफ्नै आमाले गरेको विभेदले अमन आजित हुन्छ । यो कुरा देखिरहेकी माला भन्छे, “यो कुरा अमनलाई मन पर्दैनथ्यो । उनी भन्थे, काम लाएपछि ज्याला पुरै दिनु पर्छ । पिरामा बसेर हामीले जस्तै थालमा खान दिनुपर्छ । जसरी हामी खान्छौँ” (पृ. ९५) । अमनले कुनै पनि व्यक्तिलाई उसको जात, धर्म, लिङ्ग, वर्ग वा क्षेत्रका आधारमा भेदभाव नगरी समान अवसर र सम्मान प्रदान गर्नुपर्छ भन्ने चेतना बोकेको छ । ऊ आमाबा रिसाउँछन् भनेर चुप लाग्दैन । आमाबाले गरेको यस्ता विभेदकारी कामप्रति खुलेर विरोध गर्छ ।

नेपाली समाजमा ऐतिहासिक रूपमा जातीय विभेदका विभिन्न रूपहरू जस्तै छुवाछूत र सामाजिक बहिष्करणले समाजको एकता र प्रगतिलाई बाधा पुऱ्याइरहेका छन् । यस्ता प्रथाहरूले व्यक्तिको आत्मसम्मान र स्वतन्त्रतामाथि आघात पुऱ्याउँछन् । जातीय स्वतन्त्रताको चेतनाले प्रत्येक व्यक्तिलाई आफ्नो विचार, विश्वास र जीवनशैली स्वतन्त्र रूपमा अपनाउने अधिकार सुनिश्चित गर्छ तर यो स्वतन्त्रता अरूको अधिकारमाथि अतिक्रमण नगरी प्रयोग हुनुपर्छ । नेपालको संविधान (२०७२) ले जातीय समानता र स्वतन्त्रतालाई मौलिक हकका रूपमा स्थापित गरेको छ । यद्यपि पूर्ण

रूपमा प्रभावकारी हुन नसकेको यथार्थ छ । सामाजिक, आर्थिक र शैक्षिक असमानताले अझै पनि जातीय समानताको लक्ष्यलाई चुनौती दिइरहेको छ । जातीय समानता र स्वतन्त्रताको चेतनालाई बलियो बनाउन शिक्षा, जागरूकता र सामाजिक संवाद अपरिहार्य छन् ।

जबसम्म हामी सबैले एकअर्कालाई समान रूपमा सम्मान र स्वतन्त्रताको अवसर प्रदान गर्दैनौँ तबसम्म साँचो अर्थमा समतामूलक समाजको निर्माण सम्भव छैन । यो चेतनाले मात्र हाम्रो समाजलाई एकताबद्ध, समृद्ध र मानवीय बनाउन सक्छ । नेपाली समाजमा दलित, जनजाति, मधेसी र अन्य सीमान्तकृत समुदायले ऐतिहासिक रूपमा विभेदको सामना गर्दै आएका छन् । यस्तो विभेदले उनीहरूको सामाजिक गतिशीलता, शिक्षा, रोजगारी र सम्मानजनक जीवन जिउने अधिकारलाई सीमित गरेको छ । जातीय समानताको भावनाले यी बन्धनहरू तोड्छ । जब समाजले सबैलाई समान रूपमा स्वीकार गर्छ, व्यक्तिले आफ्नो पहिचानको आधारमा लाञ्छना, बहिष्करण वा अपमानको डरबिना स्वतन्त्र रूपमा बाँच्न सक्छ भन्ने कुरा उपन्यासकारले बुझाउन खोजेकी छिन् ।

## **३.७ पुरुषसरह समान भूमिकाप्रतिको चेतना**

पुरुषसरह समान भूमिकाप्रतिको चेतना भनेको लैङ्गिक समानताको सिद्धान्तमा आधारित जागरूकता हो । यसले महिलालाई पुरुषसँग समान अवसर, अधिकार र जिम्मेवारी प्रदान गर्नुपर्ने कुरामा जोड दिन्छ । समाजमा विद्यमान लैङ्गिक विभेदलाई हटाई महिलालाई शिक्षा, रोजगारी, निर्णय प्रक्रिया र सामाजिक गतिविधिमा पुरुषसरह समान सहभागिता र सम्मान सुनिश्चित गर्नु पुरुष सरह समान भूमिका दिनु हो । *आलय* उपन्यासको सिन्धुलीको विकट ग्रामीण परिवेशमा यो चेतनाको भूमिका र आवश्यकता अझ महत्त्वपूर्ण छ । त्यहाँका अधिकांश समुदायमा पितृसत्तात्मक संरचनाले महिलालाई घरेलु काम र सीमित भूमिकामा बाँध्ने गरेको छ । यस्तो परिवेशमा यो चेतनाले महिलालाई आर्थिक, सामाजिक र राजनीतिक रूपमा सशक्त बनाउन मद्दत गर्छ । माला, तनुजा, मुमताज, सावित्री, बुलबुल जस्ता पात्रको आत्मविश्वास र स्वतन्त्रता बढाउँछ ।

पुरुष सत्तात्मक समाजका नारीले आफ्नो अस्तित्व स्थापित गर्नका निमित्त आफ्ना जीवनमा केही विशिष्ट कामहरू नै गर्नु पर्छ । अन्यथा ऊ आम नारीझैँ अस्तित्वविहीन हुन्छे भन्ने कुरा *आलय* उपन्यासमा उपन्यासकारले अभिव्यक्त गर्न खोजेकी छन् । पुरुषसरह समान भूमिका निभाउन हिम्मत गर्दै मालाले महिला र पुरुष समाजमा बराबर हुन् भन्ने चेतनशीलता आफ्नो कामबाट प्रकट गरेकी छ ।

उपन्यासकी नायिका मालाका पति अमन जनयुद्धमा वेपत्ता भएपछि मालाले आफ्नो र परिवारको जीवन चलाउन आफैँ पुरुषसरह भएर काम गर्न थाल्छे । पुरुषका लागि समाजले तोकेका कामहरू गर्न थाल्छे । उसले छानामा चढेर छानो छाउने, बारीमा हलगोरु नारेर जोत्ने खालका कामहरू गरेको कुरा यसरी व्यक्त भएको छ :

> अर्को दिन बिहानै बाँसभ्र्याँङबाट दुई घना बाँस ढालेर ल्याएँ ।एक आँख्लो तामा बाँस ल्याएँ र बालाई दिएँ । मैले बाँसका घना फुटाएर भाटा बनाएँ, बाले चोया र बाता काढ्नुभयो । सीता दिदीको घर छाउन प्रयोग गरिएको अग्लो भर्याङ बोकेर ल्याएँ र गाह्रोमा अड्याएर सरासर छानामा चढेँ । खरका मुठा र चोयाबाता लिएर आमा बुइँगलमा चढ्नुभयो र भित्रबाट दुलो परेको ठाउँ देखाउँदै खरका मुठी र चोयाबाता छिराइदिनुभयो । (पृ. ११६)

नारी र पुरुषका लागि समाजले कामको समेत विभाजन गरेको छ । समतामूलक समाज निर्माणका लागि यो गलत छ भन्ने चेतना *आलय*की लेखक अमलामा रहेको छ । उनले माला पात्रका माध्यमबाट यसको विरोध गरेर पुरुषले गर्ने काम महिलाले पनि गर्न सक्छन् भनेर देखाएकी छन् ।

छोरासरह छोरीलाई समानताको भावना सिकाउने कलामा उपन्यासकार अधिकारी सचेत छिन् । उनी मालाकी सानी छोरी बुलबुललाई परिवारमा आमाले गरेको पुरुषसरहको काम केवल देखाउँदिनन् मात्र सँगसँगै गराउँछिन् पनि । जब माला छानो छाउन छानामा चढ्छे त्यसबेला बुलबुल त्यहीँ हुन्छे । मालाका सासूससुरासमेत लागेर गरिरहेको उक्त कार्यमा बुलबुलले सहयोग पुऱ्याएको प्रसङ्ग यसरी अभिव्यक्त भएको छ, "घरमुनिको कुवामा भिजाउन बाले चोब्नुभएको चोयाको मुठी बुलबुलले ल्याइदिई" (पृ. ११६) । समानताको भावना लगभग स्कुले शिक्षामा मात्र सीमित भएको हाम्रो देश त्यसमा पनि ग्रामीण परिवेशमा बाल्यकालदेखि नै छोरीलाई पनि छोरासरह हुर्काउन सके समतामूलक समाज निर्माण हुन सक्छ भन्ने चेतना यस उपन्यासकी प्रमुख पात्र मालाको व्यवहारबाट प्रकट भएको छ ।

यस उपन्यासमा पुरूषका तुलनामा आर्थिक, सामाजिक, राजनैतिक कुनै पनि पक्षमा नारीहरू पछाडि नरहेको विचार प्रस्तुत गरिएको हुनाले नारीमाथि परम्परा, संस्कारका नाममा गरिने लैङ्गिक विभेदप्रतिको चेतना पाइन्छ । समाजमा नारी पुरुष समान जिम्मेवारी पायो भने समान रूपमा समाज अगाडि बढ्छ भन्ने कुरा मालाको यस कथनबाट अभिव्यक्त भएको छ :

सोचेँ यी गोरु जस्तै होलान् नरनारी पनि । जसलाई समान जिम्मेवारी दियो भने हाराहारीमा कुम जोडेरै हिँड्न सक्लान् । नारीहरू पछि पर्नु भनेको बाँकेलाई जस्तै एक काँधे लाग्नु होला अर्थात् कामको बोझ जति नारीलाई थुपारेर पुरुषहरू स्वतन्त्र हुन खोजेपछि उनीहरू अगाडि बढ्न नसकेका होलान् । (पृ. १२०)

नारी र पुरुष एकअर्काविना पूर्ण रूपमा बाँच्न नसक्ने प्राणी हुन् र उनीहरूको सहकार्य, सहअस्तित्व र पारस्परिक सम्मानमा आधारित एकतामा नै मानवीय जीवन सार्थक र पूर्ण हुन्छ । नारीवादीहरूले पुरुषवर्गको विरोध वा सङ्घर्षमार्फत मात्र नारी मुक्ति सम्भव छ भन्ने दृष्टिकोण राखे पनि नारी र पुरुष दुवैको हित उनीहरूको सम्मानजनक सहकार्य र एकतामा मात्र सम्भव छ भन्ने कुरा मालाको अभिव्यक्तिबाट प्रस्ट हुन्छ । कार्यगत र मानसिक एकता तथा नारी र पुरुषको समान सहभागितामूलक सहकार्यबाट मात्र नारी मुक्ति र समग्र मानव मुक्ति सम्भव हुने विचार यस उपन्यासमा व्यक्त भएको छ ।

## ३.८ शैक्षिक समानता र स्वतन्त्रताको चेतना

ग्रामीण नेपाली समाजमा महिलाहरूले आफ्नो अस्तित्वको चेतना विकास गर्न विभिन्न तहमा सङ्घर्ष गर्नु परिरहेको छ । पहिलो कुरा त शिक्षा नै हो । शिक्षाले उनीहरूमा आत्मविश्वास र चिन्तनको क्षमता बढाउँछ । यसले आफूलाई सामाजिक संरचनाको एउटा हिस्साको रूपमा मात्र नभई स्वतन्त्र व्यक्तिको रूपमा हेर्ने दृष्टिकोण प्रदान गर्छ । *आलय* उपन्यासकी माला, तनुजा जस्ता शिक्षित ग्रामीण महिलाहरूले आफ्ना अधिकारहरूबारे सचेतता देखाउन सकेको शैक्षिक आधारकै कारण हो । तनुजा र मालाले ग्रहण गरेको शैक्षिक चेतनाका कारण उनीहरूले समाजले लादेका भूमिकाहरूलाई चुनौती दिन सकेका छन् । शिक्षाबाट प्राप्त चेतनाकै कारण उसले सामदायिक सङ्गठन, एकल महिला सङ्गठन जस्ता मञ्चहरूमा महिलाहरूलाई एकजुट गराएर आफ्ना कुरा राख्ने अवसर पाएकी छ । शिक्षासँगै आर्थिक आत्मनिर्भरता पनि गाँसिएर आउँछ । जसले महिलाहरूलाई परिवार र समाजमा आफ्नो निर्णय लिने स्वतन्त्रता प्रदान गरेको कुरा यस उपन्यासमा नारी पात्रको भोगाइबाट चित्रित भएको छ । शिक्षासँगै गाँसिएर आएको आर्थिक उन्नतिले नारीको अस्तित्वको बोधलाई बलियो बनाउँछ भन्ने कुरा मालाको कार्यव्यापारबाट थाहा हुन्छ ।

पितृसत्तात्मक संरचनाले महिलालाई घरेलु काम र परिवारको जिम्मेवारीमा सीमित गराउँदा उनीहरूले व्यक्तिगत महत्त्वाकाङ्क्षा र आत्मचिन्तनलाई दबाउन बाध्य हुनु परेको छ । *आलय* उपन्यासकी उपन्यासकार अमला अधिकारी समाजमा नारी र पुरुषको शैक्षिक र सामाजिक कार्यमा समान सहभागिताप्रति सचेतना जगाउन चाहन्छिन् । यस उपन्यासकी मुख्य नायिका माला बाह्र पास गरेकी नारी हो । वेपत्ता पतिकी पत्नीका रूपमा घर गृहस्थी सम्हाल्दै गरेकी मालाका बृद्ध सासूससुरा र सानी छोरी छन् । आर्थिक अवस्था न्युन रहेकाले उसलाई परिवारको लानलपालनमा समस्या परेको छ । यस्तो अवस्थामा ऊ प्राथमिक स्कुलमा पढाउन थाल्छे । स्कुलमा नोकरीका लागि उसले कडा मेहेनत गर्नु परे पनि हार मान्दिन । ऊ आफैँ घरमुली हो । पितृसत्तात्मक समाजमा पुरुष घरको मुली हुने चलन छ । तर मालाले त्यो सोचलाई त्यागेकी छे । ससुरा हुँदाहुँदै ऊ आफैँ परिवारको मुली ठान्छे र जिम्मेवारी उठाउन तयार हुन्छे । शिक्षित नारी मालामा त्यो सचेतना यसरी देखिन्छ, "यी चाउरी परेका बाआमा र पोटिली हुँदै गएकी छोरी । मैले उनीहरूलाई पो चलाउनु छ त । म आफैँ चलिनँ भने कसरी उनीहरूलाई चलाउन सक्छु" (पृ. १२०) । आर्थिक स्वतन्त्रताले महिलालाई पारिवारिक र सामाजिक दबाबबाट मुक्ति दिलाउँदै आफ्नो जीवनको बागडोर आफैँ सम्हाल्ने अवसर प्रदान गर्छ । शिक्षा पनि अर्थसँगै जोडिएर आउँछ । शिक्षा र आर्थिक स्वतन्त्रताप्रतिको सचेतनाले महिलालाई सामाजिक, आर्थिक र व्यक्तिगत रूपमा सबल बनाउँछ भन्ने कुरा *आलय* उपन्यासमार्फत अमला अधिकारीले व्यक्त गरेकी छिन् ।

आजको नेपाली समाजमा नारीलाई पुरुषसरह शिक्षा र आर्थिक स्वतन्त्रता अत्यावश्यक छ भन्ने कुरामा उपन्यासकार अधिकारी सचेत छिन् । किनकि यी दुई पक्षले नारीको आत्मविश्वास, आत्मनिर्भरता र सामाजिक सम्मानलाई सशक्त बनाउँछन् । शिक्षाले नारीलाई ज्ञान, चेतना र निर्णय क्षमताले सम्पन्न बनाउँछ । यसले उसलाई आफ्नो जीवनको बागडोर आफैँ सम्हाल्ने अवसर प्रदान गर्छ । माला शिक्षित र समानताको भावना बोकेकी सचेत नारी हो । ऊ आत्मविश्वासले भरिएकी नारी पात्र हो । पितृसत्तात्मक समाजमा भए पनि उसले आफ्नो विवेकले घरपरिवारको आर्थिक र सामाजिक बागडोर आफ्नो हातमा लिएर कुशलतापूर्वक जिम्मेवारी निभाएकी छे । आर्थिक बागडोर उसकै हातमा छ । आर्थिक स्वतन्त्रताले उसलाई परिवार र समाजमा बराबरीको हैसियत दिलाएको छ । शिक्षित र आर्थिक रूपमा स्वतन्त्र मालाजस्ता चेतनशील नारीका कारण आफ्नो परिवार, समुदायले सिक्ने अवसर पाएको हुन्छ । नारीद्वारा लिखित *आलय* उपन्यासले नारीलाई पुरुषसरह

शिक्षा र आर्थिक स्वतन्त्रता प्रदान गर्नु भनेको समग्र समाजको प्रगति र सशक्तीकरण हो भन्ने कुरा प्रकट गरेको छ ।

नारीहरूको सामाजिक परिवर्तन र सशक्तीकरणको प्रयासले शिक्षा र सामुदायिक सहभागितामा पितृसत्तात्मक मान्यताहरूले थोपरिएका लैङ्गिक असमानता, रूढिगत भूमिका र सामाजिक अपेक्षाहरूविरुद्ध साहसका साथ उभिन प्रेरित गर्छ । *आलय* उपन्यासमा माला, तनुजा, मुमताज, सावित्री जस्ता पात्रहरूले परम्परागत बन्धनहरूबाट मुक्त हुने प्रयास गर्दै आफ्नो आत्मपहिचान र स्वायत्तताको खोजी गरेका छन् । उनीहरूका यस्ता प्रयासहरूले समाजमा उनीहरूलाई आर्थिक, सामाजिक र मनोवैज्ञानिक रूपमा सशक्त बनाउन जोड दिएको छ । माला एक परिस्थितिसँग जुध्न सक्ने आँट भएकी नारी पात्र हो । ऊ स्कुलमा पढाउने काम गर्छे । गृहस्थी चलाउन ऊ खेत जोत्ने, घरको छानो छाउने, बाटो खन्ने जस्ता पुरुषले गर्ने कामहरू समेत गर्न हिचहिकाउन्न । उसको यस्तो कार्यले घरभित्र र बाहिर सुरक्षित वातावरण सिर्जना गर्नुका साथै समावेशी र समतामूलक समाजको निर्माणमा योगदान पुऱ्याएको समेत देख्न सकिन्छ । उसले गरेको कामको पहिले नकारात्मक चर्चा हुन्छ र त्यसपछि सकारात्मक चर्चा गाउँभरि चल्छ जसले अन्य नारीहरूलाई बाटो देखाउने काम गरेको छ । सामाजिक परिवर्तन भन्ने कुरा शिक्षित (उच्च वर्ग), सम्पन्न तथा कथित उपल्लो जातिबाट प्रारम्भ भएमा सम्भव छ भन्ने कुरा उपन्यासकारले यस उपन्यासमार्फत देखाउन खोजेकी छन् जसको प्रतिनिधित्व यस उपन्यासमा माला, तनुजा, मुमताजहरूले गरेका छन् ।

## ३.९ लेखकीय दृष्टिकोण

नेपाली समाजमा पितृसत्ताले समाजमा गहिरो रूपमा जरा गाडेको छ । अझ नेपालको १० वर्षे जनयुद्ध अगाडि समाजले परम्पराका नाममा नारीहरूलाई दोस्रो दर्जामा राखेको थियो । यस्तो परिवेशलाई भोगेकी तर शिक्षित वर्गकी सचेत नारी अमला अधिकारीले यस *आलय* उपन्यासमा सचेत नारी पात्रमार्फत लैङ्गिक असमानताको यथार्थ चित्रण गर्ने प्रयत्न गरेकी छिन् । माला, सावित्री, मालाकी दिदी, मुमताज तनुजा जस्ता नारी पात्रहरूको स्थापना गरेर जनयुद्धको प्रत्यक्ष प्रभावले पारेको परिवारको विखण्डन, आर्थिक सङ्कट र विवाहको दबाब जस्ता सामाजिक नियमहरूको सामना गर्नुपरेको कथाव्यथालाई अभिव्यक्त गर्नु लेखक अमला अधिकारीले यस उपन्यासमा प्रस्तुत गरेको लेखकीय चिन्तन हो भन्न सकिन्छ ।

*आलय* उपन्यास अमला अधिकारीले लेखेको औपन्यासिक कृति हो । लेखकको व्यक्तिगत अवस्था हेर्दा उनी सिन्धुलीको ग्रामीण परिवेशकी शिक्षित र सचेत नारी हुन् । *आलय*मा उनले नारी पात्रहरू माला, सावित्री, तनुजा, मुमताज, मालाकी दिदी, बुलबुल आदि नारी पात्रहरूबाट लैङ्गिक समानता, नारी अस्मिता र अस्तित्वबोधको धारणा अघि सारेकी छिन् । नारी र पुरुषको समान सहभागिताले मात्र एउटा समुन्नत समाजको विकास हुन्छ भन्ने चेतना उनमा भएका कारण उनले उपन्यासमा पुरुष पात्रहरूबाट पनि यो सोचलाई मुखरित गरेकी छिन् । उनी कवि तथा गजलकार पनि हुन् । उनले आफ्ना कविता र गजलहरूमा पनि नारी समानता र स्वतन्त्रताको चेतनालाई आफ्नो लेखनको केन्द्रमा राख्दै आएकी छिन् । नारीको आत्मसम्मान र स्वायत्तताको महत्त्वलाई जोड दिँदै सामाजिक परिवर्तनको आह्वान गरेकी छिन् । यद्यपि परम्परागत नेपाली समाजको संरचना र मूल्य-मान्यताले उनको चेतनालाई केही हदसम्म बाँधेको देखिन्छ । यसले उनको लेखनमा नारी स्वतन्त्रताको चाहना र परम्पराबिचको द्वन्द्वको मिश्रण गरेको छ ।

उपन्यासमा नारी पात्रहरूले स्वतन्त्रताको खोजी गरे पनि समाजले उनीहरूको यो प्रयासलाई स्वीकार गर्न कठिनाइ भएको कुरा उपन्यासमा यसरी आएको छ, "टोलका आइमाइहरूले अलिक अर्कै दृष्टिले हेर्न थालेका छन् मलाई ।म बेपत्ता नागरिककी स्वास्नी भएकी छु । यो समाज जित्नेहरूलाई ताली बजाउँछ । हार्नेहरूलाई कोर्रा ठोकी ठोकी यातना दिन्छ" (पृ. ४०) । विशेषगरी महिलामाथि समाजले कठोर सामाजिक मूल्याङ्कन गरेको छ । यो उद्धरणले वेपत्ता श्रीमान्की श्रीमती मालाको जीवनमा गहिरो असर पारेको छ । उसलाई समाजले 'बेपत्ता नागरिककी स्वास्नी' भनी मात्र देख्छ । यसले उसको आत्मसम्मान र पहिचानमाथि प्रश्न उठाइरहेको हुन्छ । माला र माला जस्ता समानता र स्वतन्त्रता चाहने पात्रका लागि यो अवस्था निकै चुनौतीपूर्ण अवस्था हो । समाजको यस्तो दृष्टिकोणले स्वाभिमानी महिलाहरूको मनोबल कमजोर बनाउने गर्छ । तर माला जस्ती एक स्वतन्त्र र समानताको पक्षधर पात्रले यस्ता सामाजिक बन्धनहरू विरुद्ध विद्रोह गर्न पनि गरेकी छे । उद्धरणमा देखिएको समाजको 'कोर्रा ठोक्ने' प्रवृत्तिले उसलाई आफ्नो जीवनलाई अझ बलियो बनाउन प्रेरित गरेको छ । उसले यस्ता सामाजिक दबाबलाई चुनौती दिँदै आफ्नो पहिचान र स्वतन्त्रता स्थापित गर्न सङ्घर्षगरेको कुरा यसरी पुष्टि भएको छ, "हरेक मान्छेले आफ्नो जीवन आफैँले जीउने हो । अरु के सरोकार" (पृ. ६९) । यो उद्धरणले पात्रको आन्तरिक र बाह्य सङ्घर्षलाई उजागर गरेको छ । समाजको तिरस्कार र लाञ्छनाले मालाको स्वतन्त्रता र समानताको चाहनालाई झन् बलियो बनाएर जीवन जिउन सिकाएको छ । उसलाई मानसिक र सामाजिक

रूपमा ठूलो दबाब भए पनि आफूभित्र भएको चेतनाका कारण साहस र धैर्य देखाएको कुरा यस उद्धरणबाट चित्रित हुन्छ ।

माला जस्ता स्वतन्त्र नारी पात्रहरू प्रायः सामाजिक आलोचना वा बहिष्करणको सिकार हुन्छन् तर आफूमा भएको चेतनाले त्यस्ता कुरालाई पन्छाएर अगाडि बढ्न प्रेरित पनि गरेको हुन्छ भन्ने सोच लेखकको लेखकीय दृष्टिकोणका रूपमा यस उपन्यासमा अभिव्यक्त भएको छ । माला जस्ता सचेत नारीहरूमा पनि नारी अस्तित्वका लागि आफैँसँग जुझ्न नसकिरहेको कुरा बुलबुलका माध्यमबाट लेखकले यसरी व्यक्त गरेकी छिन्, “मेरी आमाले संस्कारको अनुशरण गरिरहनुको पनि कारण रहेछ । समाज अझसम्म पनि संस्कारबाट डराउँछ । पितृसत्ताबाट पीडित नारीहरू घरभित्रै असुरक्षित छन् । बाहिरको झन् कुरै नगरौँ” (पृ. ५०) । यो कथनले नारी चेतना र स्वतन्त्रताको चाहनालाई पितृसत्तात्मक संस्कार र सामाजिक संरचनाले कसरी दबाइरहेको छ भन्ने यथार्थलाई मार्मिक रूपमा प्रस्तुत गरेको छ । लेखकले नारी स्वतन्त्रताका लागि विभिन्न पात्रहरूलाई माध्यम बनाएर समाजको यथार्थ चित्रण गर्न खोजको छ ।

नारी स्वतन्त्रता र अस्तित्वका लागि लेखक स्वयं नारी भएर महसुस गरेको आभास पाइए पनि नेपाली समाजको परम्पराका नाममा चलिआएको नारीप्रतिको साँगुरो दृष्टिकोण, जतिसुकै शिक्षित भए पनि नारी हुनुको अनुशासनका नामको बन्धन र रीतिका नामको कुरीतिबाट लेखक स्वयं पनि निस्कन सकेकी छैनन् । जागिरे भएपछि जागिरका कुरा, पुरुषसरहका कामहरूप्रति ध्यान दिनै नसकेको कुरा यस कथनले अभिव्यक्त गरेको छ :

> दैनन्दिनीमा अलिकति परिवर्तन आयो । उठेर आगो जोऱ्यो, खोले बसालेर घर कस्यार गऱ्यो । दैल्यानु पोत्यो, आँगन बडाऱ्यो, बाख्रोपाठो साऱ्यो । त्यसपछि गोठ गयो । भैँसी पगाऱ्यो । दूध दोयो । गोबर सोहोऱ्यो, घाँस-खोले दियो । निम्ठोमाथि छ-सात मुठा घाँस करेली लाएर ल्याएपछि दिनभरिलाई हाल्न पुग्छ । (पृ. १३०)

यसबाट पनि लेखकको लेखकीय विचार अभिव्यक्त हुन्छ । उनी आफैँ पनि परम्परित सोचबाट बाहिर निस्कन सकेकी छैनन् । *आलय*की मुख्य पात्र माला गृहिणी मात्र हैन । ऊ धेरै जना पुरुषहरूसँगै पढाउने शिक्षिका पनि हो । उसको काम घरभित्रको झुसे मसिने मात्र हैन । लेखक परम्परित सोचबाट बाहिर निस्कन सकेको भए मालाले स्कुलमा गरेका राम्रा कामहरूको समेत चर्चा हुन्थ्यो । यतातिर ध्यान नपुग्नु लेखक पुरै स्वतन्त्र र परम्पराबाट मुक्त हुन सकेको छैन भन्न सकिन्छ

यद्यपि अमला एक सचेत महिला उपन्यासकार जसले आफैँ प्रत्यक्ष रूपमा दश वर्से जनयुद्ध भोगेको, अनुभव गरेको छ र त्यही युद्धको कहर यस उपन्यासको मुख्य विषय बनाएर लेखिएको छ । उनले युद्धको सन्दर्भमा नारी पात्रको निर्माणमार्फत लैङ्गिक समानता, सामाजिक न्याय, मानवीय संवेदना र परिवर्तनको चाहनालाई आफ्नो लेखकीय विचारको केन्द्र बनाएकी छिन् । उपन्यासकारका यस्ता विचारहरूले नेपाली समाजको यथार्थ चित्रण गर्नुका साथै पाठकलाई युद्धको प्रभाव, विशेष गरी महिलाहरूको अनुभव, बुझ्न र मनन गर्न प्रेरित पनि गरेको छ । लेखकले नारी पात्रलाई केवल पीडितको रूपमा नभई सशक्त, स्वतन्त्र र परिवर्तनको संवाहकको रूपमा प्रस्तुत गरेर समाजमा सकारात्मक सन्देश प्रवाह गर्न खोजेकी छन् ।

## ३.१० निष्कर्ष

*आलय* उपन्यास नेपाली समाजमा भएको जनयुद्धको राजनीतिक घटनाक्रमको परिप्रेक्ष्यमा तयार पारिएको उपन्यास हो । नेपाली समाजमा लामो समयदेखि विद्यमान सामाजिक, आर्थिक, राजनीतिक असमानता र भेदभावका सवालहरूमाथि प्रश्न गर्दै समानताको आवाज बुलन्द गर्ने उपन्यासका रूपमा *आलय*लाई लिन सकिन्छ । खास गरी अनेकौँ भेदभावले जकडिएको नेपाली समाजमा सामाजिक परिवर्तनका लागि भएको सशस्त्र विद्रोह र त्यसपछिको सामाजिक, सांस्कृतिक परिघटनालाई लैङ्गिकताका कोणबाट यस उपन्यासमा चित्रण गरिएको छ । नेपाली समाजमा महिलाहरूमाथि हुने विभेद लैङ्गिक विभेद त हो नै यसका साथै यो जातीय, वर्गीय र सांस्कृतिक विभेद पनि हो । नेपाली महिलाहरू निर्णयको स्वतन्त्रता, विवाहको स्वतन्त्रता, स्वपहिचान र अधिकारका लागि सङ्घर्ष गर्न थालिसकेका छन् र उनीहरू यसलाई लैङ्गिक स्वतन्त्रता र आत्मसम्मानको अधिकारका रूपमा स्थापित गर्न खोजिरहेका छन् भन्ने कुरा यस उपन्यासका नारी पात्रहरूका चिन्तन, स्वभाव र कर्महरूबाट उजागर भएको पाइन्छ । समाजमा शक्तिशाली भनेको पुरुष हो र महिलाहरू पुरुषका सहयोगी मात्र हुन् भन्ने पुरातनपन्थी पितृसत्तात्मक मान्यतालाई यस उपन्यासका नारी पात्रहरूले चुनौती दिएका छन् र सबै खाले भेदभाव, शोषण, अन्याय र अत्याचारका शृङ्खलाहरूलाई तोड्दै आफूलाई पुरुषसरह उभ्याउन सफल भएका छन् । अबको युगमा नारीहरू पुरुषका सहयोगी नभएर सहयात्री हुन् र पुरुषहरूले समाजमा जे जस्तो प्रतिष्ठा, आत्मसम्मान र हक अधिकारहरू पाएका छन् ती सबै कुरा महिलाहरूले समान रूपमा पाउनुपर्छ भन्ने विचारको सशक्त अभिव्यक्ति यस उपन्यासमा भएको छ । यस उपन्यासका सबै नारी पात्रहरूले

आफ्नो आत्मसम्मान र स्वअस्तित्वलाई कायम राख्न गरेका सङ्घर्षले बदलिँदो सामाजिक सन्दर्भमा नारीहरूको मानवीय मूल्य र आत्मपहिचानको लडाईलाई प्रतिबिम्बित गरेको छ ।

# चौथो परिच्छेद

# सारांश र निष्कर्ष

## ४.१ सारांश

*आलय* उपन्यासमा नारी चेतना शीर्षकको प्रस्तुत शोधपत्रमा *आलय* उपन्यासमा केन्द्रित रही यसमा अभिव्यक्त नारी चेतनाको विश्लेषण गरिएको छ । यस क्रममा प्रस्तुत शोधपत्रलाई चार परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद एक शोध परिचयका रूपमा रहेको छ जसमा शोध समस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, विश्लेषणको विधि एवं सैद्धान्तिक ढाँचा र प्रारूप तथा शोधको रूपरेखा जस्ता शीर्षकहरूमा शोधपत्रको ढाँचाबारे प्रकाश पारिएको छ । यसमा शोध्य विषयको समस्या पहिल्याई सोही अनुरूप उद्देश्य निर्धारण गरिएको छ तथा शोधपत्रको परिच्छेद विभाजन गरी अध्ययनको ढाँचा समेत प्रस्तुत गरिएको छ । यस परिच्छेदमा साहित्यमा नारीवादी चेतनाको आधारको रूपमा पाश्चात्य साहित्यमा चलेको नारीवादी आन्दोलनको सुरुवात ऐतिहासिक विकासक्रम, यसको प्रवर्तन र प्रवर्धनमा योगदान गर्ने विभिन्न चिन्तकहरू उनीहरूका मान्यता तथा नारीवादी आन्दोलनमा देखापरेका विभिन्न धाराहरू तथा नारी चेतनाको समेत चर्चा गरिएको छ । यीमध्ये उदारवादी नारीवादी विचारधारालाई *आलय* उपन्यासमा अभिव्यक्त नारी चेतनाको विश्लेषणको आधारमा मानिएको छ त्यसैले परिच्छेद एक शोधपत्रको परिचय एवं प्रारूपका रूपमा रहेको छ ।

प्रस्तुत शोधपत्रको परिच्छेद दुईमा *आलय* उपन्यासमा अभिव्यक्त नारी चेतनाको विश्लेषण गरिएको छ । उपन्यासमा अभिव्यक्त नारी चेतनाको विश्लेषण गर्दा सामाजिक परम्परा र त्यसको पुनर्व्याख्या, लैङ्गिक विभेदप्रति विरोध, आत्मपहिचान र आत्मनिर्भरता, समाजमा नारीप्रतिको सङ्कीर्णताका विरुद्धको चेतना, सांस्कृतिक शोषण विरुद्धको चेतना, नारीको पुनर्विवाहको सवालजस्ता विभिन्न उपशीर्षकहरूमा विषयलाई विभाजित गरिएको छ । यस क्रममा मूलतः सामाजिक र सांस्कृतिक पक्षका साथै लैङ्गिक भेदभावका विरुद्धको नारी चेतनाका स्वरलाई उपन्यासमा प्रयुक्त विभिन्न साक्ष्यका साथ प्रस्तुत गरिएको छ ।

परिच्छेद ३ मा *आलय* उपन्यासमा नारी स्वतन्त्रता र समानताको चेतना शीर्षकमा उपन्यासको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा यस परिच्छेदमा लैङ्गिक समानता र

स्वतन्त्रताको चेतना, आर्थिक समानता र स्वतन्त्रताको चेतना, राजनीतिक समानता र स्वतन्त्रताको चेतना, सांस्कृतिक समानता र स्वतन्त्रताको चेतना, जातीय समानता र स्वतन्त्रताको चेतना, पुरुषसरह समान भूमिकाप्रतिको चेतना, शैक्षिक समानता र स्वतन्त्रताको भूमिकामा चेतना तथा लेखकीय दृष्टिकोणजस्ता शीर्षकहरूमा केन्द्रित रही नारी स्वतन्त्रता र समानताको चेतनाको विश्लेषण गरिएको छ ।

## ४.२ निष्कर्ष

*आलय* अमला अधिकारीद्वारा रचित नारी चेतना केन्द्री उपन्यास हो । यस उपन्यासमा नारी पात्रहरूको बाहुल्य रहेको छ र ती सबै नारी पात्रहरू परम्परागत पुरुषप्रधान सामाजिक संरचनाबाट प्रताडित छन् र त्यसविरुद्ध आवाज बुलन्द गर्न क्रियाशील छन् । सिन्धुली जिल्लाको विकट ग्रामीण परिवेशलाई आधार बनाएर रचिएको यस उपन्यासमा लैङ्गिक भेदभाव विरुद्धको अभिव्यक्तिलाई जोडदार रूपमा प्रस्तुत गरिएको छ । माला, तनुजा, सावित्री, बुलबुल, ममताजजस्ता नारी पात्रहरूलाई केन्द्रमा राखेर तयार पारिएको यस उपन्यासमा अभिव्यक्त नारी चेतनाको विश्लेषण गर्दा प्राप्त भएको निष्कर्षलाई यस प्रकार समेट्न सकिन्छ :

(क) यस उपन्यासका नारी पात्रहरूले सदियौँदेखि नेपाली समाजमा विद्यमान पितृसत्तात्मक संरचनाले निर्धारित गरेका मान्यताहरूलाई अस्वीकार गर्दै नारीहरूको स्वत्व र पहिचानको खोजी गरेका छन् । उनीहरूले महिला भनेको पुरुषको सहयोगी हो, पुरुष प्रधान हो र महिला दोस्रो दर्जाको नागरिक हो भन्ने मान्यतालाई चुनौती दिँदै लैङ्गिक समानताको वकालत गरेका छन् ।

(ख) नेपालको ऐतिहासिक विकासक्रममा नेपालमा भएको १० वर्षीय जनयुद्धमा पुरुषहरूले घरबाहिर निस्केर राज्यसत्तासँग विद्रोह गरे तर महिलाहरूले राज्यसत्ता सँगसँगै आफ्नै घरपरिवार, छरछिमेकी तथा आफूभित्रैका कमजोरी र जडता विरुद्ध विद्रोह गरेर नारीको आत्मसम्मानलाई उजागर गर्ने काम गरेका छन् ।

(ग) नेपाली समाजमा सदियौँदेखि रहेको जातीय उचनिच र छुवाछुतको विभेदकारी मान्यता र सांस्कृतिक असमानताका सन्दर्भहरू पुराना पुस्तामा कायम रहेको रूढीवादी चिन्तन आदिलाई नेपाली नारीहरूले अस्वीकार गर्दै अगाडि बढेका छन् ।

(घ) स्वतन्त्रता भनेको केवल बोल्न लेख्न पाउनु मात्र होइन यो आर्थिक आत्मनिर्भरतासँग जोडिएको विषय हो । त्यसैले यस उपन्यासका नारी पात्रहरूले आर्थिक रूपमा स्वावलम्बी बन्नका लागि गरेको सङ्घर्ष र प्राप्त गरेका सफलताहरूले नारीहरूको पहिचान र आत्मसम्मानलाई यथार्थको धरातलमा नै उत्रिएर कार्यान्वयन गरेका छन् ।

(ङ) शिक्षा, संस्कृति, राजनीति र आर्थिक क्षेत्रमा रहेको परम्परागत नारी द्वेषी ज्ञानलाई भत्काएर नयाँ नारीमैत्री शिक्षा संस्कार र ज्ञानको निर्माण गर्नुपर्छ भन्ने विचारको सशक्त सम्प्रेषण यस उपन्यासमा भएको छ ।

(च) समाजका सबै क्षेत्रमा पुरुषहरू प्रमुख र महिला सहायक भूमिकामा रही आएकोमा *आलय* उपन्यासले यस्तो परम्परा र चिन्तनका विरुद्ध सबै क्षेत्रमा नारी पुरुषको समान भूमिकाको अपेक्षा गरेको छ ।

(छ) यस उपन्यासमा नारीहरूले परम्परादेखि पुरुषले मात्र गर्न सक्ने भनिएका कठिन शारीरिक श्रमहरू आफैले गरेर कामको विभाजनमा देखिएको लैङ्गिक विभेदलाई अस्वीकार गर्दै महिलाहरू कठिन शारीरिक परिश्रम पुरुषले जतिकै गर्न सक्दछन् भन्ने नयाँ भाष्य स्थापित गर्न खोजिएको छ । यसो गरियो भने मात्र वास्तविक अर्थमा महिलाको समानता स्वतन्त्रता र आत्म सम्मानलाई कायम गर्न सकिन्छ भन्ने विचार यसमा सम्प्रेषण गरिएको छ । नारी र पुरुषको समान सहभागिता र शक्तिलाई हलमा नारिएका दुईवटा गुरुसँग दाजिएको छ जो बराबर काम गर्छन् र सँगसँगै नारीएर हिँड्छन् ।

(ज) यस उपन्यासमा पुरातन सोचले जकडिएको ग्रामीण समाजमा रहेको पुरुष प्रधानता र ब्राह्मणवादी जातीय चिन्तनको सशक्त विरोध गर्दै जातीय समानताको आवाज बुलन्द गरिएको छ ।

(झ) यस उपन्यासका नारी पात्रहरूले आफ्नो घर वरिपरिको वातावरण आफ्ना नातागोता तथा प्रेमीसँग समेत आवश्यक पर्दा विद्रोह गरी स्वपहिचान र आत्मसम्मानको रक्षाका लागि सङ्घर्षगरेको देखाइएको छ । यस क्रममा कतिपय पुरुष पात्रले अझै पनि पुरातन मान्यताबाट प्रेरित भएर नारीलाई भोग्याको व्यवहार गरेको देखिन्छ भने कतिपय पुरुष पात्रले बदलिँदो समयको आवाजलाई स्वीकार गर्दै समानताको

पक्षमा आफूलाई उभ्याएर नारीका सङ्घर्षपूर्ण कदमहरूलाई साथ र हौसला दिएको देखिन्छ ।

(ञ) यस उपन्यासमा प्रेम, विवाह, पारिवारिक सम्बन्ध र आर्थिक उपार्जन लगायत सबैखाले सामाजिक र सांस्कृतिक तथा वैयक्तिक कार्यहरूमा महिलाको निर्णयको स्वतन्त्रतालाई जोड दिइएको छ । जसरी पुरुषले आफ्ना लागि आफै निर्णय गर्दछन् त्यसैगरी महिलाहरूले पनि आफ्ना लागि आफैँ निर्णय गर्न पाउनुपर्छ र त्यसमा पितृसत्तात्मक बन्देजहरू लादिनु हुँदैन भन्ने मान्यतालाई यस उपन्यासका नारी पात्रहरूले स्थापित गर्ने प्रयत्न गरेका छन् ।

(ट) यस उपन्यासमा नारीहरूले आफूलाई चिन्न, बदल्न र आफ्नो मूल्य स्थापित गर्न गरेका प्रयत्नहरूलाई सशक्त रूपमा उजागर गरिएको छ र यी प्रयत्नहरूलाई नारी मुक्तिको आधारका रूपमा स्थापित गर्न खोजिएको छ ।

समग्रमा *आलय* उपन्यास बदलिँदो नेपाली समाजमा नारीको स्थानलाई पुनर्परिभाषित गरिनुपर्छ भन्ने मान्यता बोकेको उपन्यास हो । यस उपन्यासमा नेपालको सिन्धुली जिल्लाको सुदूर ग्रामीण परिवेशमा सदियौँदेखि पुरुष प्रधानताको जातोमा पिसिएका नेपाली नारीहरूको विद्रोही चेतनालाई प्रस्तुत गरिएको छ र सामाजिक सांस्कृतिक आर्थिक राजनीतिक लगायत सबै क्षेत्रमा महिला र पुरुषका बीचमा रहेका विभेदमूलक चिन्तन र व्यवहारलाई समाप्त पारी नारीहरूको पुरुषसरह समान हक, अधिकार, पहिचान र आत्मसम्मानलाई कायम गर्नुपर्छ भन्ने विचारलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । लैङ्गिक असमानता, वर्गीय, जातीय र सामाजिक सांस्कृतिक भेदभावसँगै अभिन्न रूपले जोडिएको हुँदा वर्गीय समानता, जातीय समानता र सामाजिक सांस्कृतिक समानताको प्रयासले मात्र नारीहरूको आत्मसम्मान र स्वपहिचानलाई स्थापित गर्न सक्छ भन्ने वैचारिकतालाई स्थापित गर्न *आलय* उपन्यास सफल बनेको छ ।

# सन्दर्भ सामग्रीसूची


अज्ञात (२०७७). मदन पुरस्कारको सूचीमा नपरेको ‘आलय’ उपन्यास, *लेखाजोखा,* वेब. https://lekhajokhanews.com/news/2526/?fbclid=IwY2xjawHPobhleHRuA2FlbQIxMQABHfvCbFRqaML-e91NEuEnX2IHPb5sN36yva45dUgTn_nabycBLk7I0948kQ_aem_ARfbQh8a7yBA4gCRUeA

अधिकारी, अमला (२०७६). *आलय.* काठमाडौँ : साङ्ग्रिला बुक्स ।

अधिकारी, ज्ञानु (२०६८). *नेपाली नारी समालोचना : परम्परा, प्रवृत्ति र विश्लेषण.* काठमाडौँ : पैरवी प्रकाशन ।

अधिकारी, ज्ञानु (२०७७). “आलय उपन्यास : युद्धअभिघात, नारी सङ्घर्ष र ग्राम्यबिम्बको जीवन्त प्रस्तुति”, *साहित्यपोस्ट.* वेब= https://sahityapost.com/top-news/13233/

अर्याल, अम्बिका (सन् २०२४).“गीता केशरीका उपन्यासमा नारीचेतना”. *वाङ्मय* २०(०१). १२६–१३७ त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग ।

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* काठमाडौँ : अक्षर क्रियसन नेपाल ।

एङ्गेल्स, फेडरिख (सन् १९८६). *परिवार निजी स्वामित्व र राज्यको उत्पत्ति.* (अनु.). राजेन्द्र मास्के. काठमाडौँ : प्रगति पुस्तक सदन ।

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गड्तौला, नारायणप्रसाद (सन् २०१९). “नेपाली कवितामा नारी चेतना”. *त्रिभुवन युनिभर्सिटी जर्नल* ३३(२). १७१–१८६ ।

गौतम, कृष्ण (२०५०). *आधुनिक आलोचना, अनेक रूप अनेक पठन.* काठमाडौँ : साझा प्रकाशन ।

गौतम, कृष्ण (२०६४). *उत्तरआधुनिक जिज्ञासा.* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, कृष्ण (२०६७). *उत्तरआधुनिक संवाद.* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, लक्ष्मणप्रसाद (२०६६). *समकालीन नेपाली कविताका प्रवृत्ति.* काठमाडौँ : पैरवी प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०७०). “उत्तरवर्ती नेपाली नारीकविता लेखनमा नारीवादी चेतना”. *नेपाली नारीवादी समालोचना* (सम्पा.). सुधा त्रिपाठी र सीता पन्थी. काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. १४४– ? ।

गौतम, लक्ष्मणप्रसाद (२०६६). *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना.* काठमाडौँ : ओरियन्टल पब्लिकेसन ।

टोङ, आर. (सन् २०१८). *नारीवादी विचार : एक बृहत परिचय.* (पाँचौं संस्क) (डा. एल.बी. क्षेत्री, अनु.). राउटलेज ।

ढकाल, रजनी (२०८१). *लैङ्गिकता र नेपाली साहित्य.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०६५). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा.* (भाग १ र २). काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी, सुधा (२०६७). *नारीवादको कठघरामा नेपाली साहित्य.* ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, सुधा (२०६७). *उत्तरआधुनिकतावाद र नारीवाद.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

त्रिपाठी, सुधा (२०६८). *आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), काठमाडौँ : त्रिभुवन विश्वविद्यालय ।

त्रिपाठी, सुधा (सन् २०१२). *नारीवादी सौन्दर्य चिन्तन.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

देवकोटा, सविना (२०७७). “प्रेम र युद्धको लय”. *हिमालखबर.* वेब. https://www.himalkhabar.com/news/115906

पाण्डे, नयनराज (२०७७). पछिल्लो आवरण पृष्ठको ब्लर्ब. *आलय* (ले. अमला अधिकारी). काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि. ।

पाण्डे, ज्ञानू (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पौड्याल, वीणा (२०६७). *विविध आयाममा नेपाली महिला.* काठमाडौँ : पैरवी बुक हाउस ।

प्रतीक्षा, साधना (२०७४). *नारी समस्याका आलोकमा रिमालका नाटक.* काठमाडौँ : तन्नेरी प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६६). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* (तेस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

बुभा, सिमोन द (साल ?). *महिला.* रमेश सुनुवार (अनु.). काठमाडौँ : प्रगति पुस्तक सदन ।

रेन्डल, जे. (सम्पा.) (२०१६). *समान या फरक : महिलाको राजनीति १८००-१९१४.* (एस.के.थापा, अनु.) ।

शर्मा, अमृतादेवी (२०६९). पारिजातका कवितामा नारी चेतना. (अप्रकाशित स्नातकोत्तर शोधपत्र), काठमाडौँ : त्रिभुवन विश्वविद्यालय ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०७६). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.*

काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, विन्दु (२०८१). नेपाली महिलालेखन : उपलब्धि र चुनौती. *युगदूत,* ४५ (६). पृ. २०५–२२४ ।

Bulter Judith. (2012). *Gender Trouble* . Routledge

DailyO. (2018, October 15). Vedas don't portray menstruating women as impure. Why should we?

India Today Group. https://www.dailyo.in/lifestyle/sabarimala-menstruation-happytobleed-women-vedas-hinduism-patriarchy-feminism-sanatan-dharma-kerala-dayananda-saraswati-amish-tripathi-8030

de, Beauvoir, Simone. *The Second Sex*. Translated by Constance Borde and Sheila Malovany-Chevallier, Vintage Books, 2011.